महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

लुम्बिनी प्रदेश




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

लुम्बिनी प्रदेश



महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

लुम्बिनी प्रदेश



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं. ६२

मितिः २०७८।५।४

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
लुम्बिनी प्रदेश, रुपन्देही ।

नेपालको संविधानको धारा २४१ बमोजिम लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
संचितकोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**.....	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको व्यहोरा**.....	८
	लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा.....	८
	मन्त्रालय र निकायगत व्यहोरा.....	१७
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.....	१९
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	२३
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय.....	३०
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३३
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३८
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	४३
	८. सामाजिक विकास मन्त्रालय	५८
	९. मुख्य न्यायाधिवक्ताको कार्यालय	६६
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति**.....	६७
परिच्छेद ५	**सुधारका क्षेत्रहरू**	६८
	अनुसूचीहरू.....	७२

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठीत संस्था र संघीय कानुन बमोजिम महालेखा परीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा लेखापरीक्षण गरिएको निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ । प्रस्तुत प्रतिवेदन प्रदेश सभा, सार्वजनिक लेखा समितिमा छलफलद्वारा कार्यान्वयनमा आई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । सरकारी लेखापरीक्षकहरूको आचारसंहिता लागु गरी सो को पालना सुनिश्चित गर्न अनुगमनको समेत व्यवस्था मिलाईएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १८२ निकाय र १ विषयको रु.३९ अर्ब ६४ करोड ७८ लाख ६५ हजार लेखापरीक्षण सम्पन्न भएकोमा रु.९४ करोड ७४ लाख ८५ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको २.३९ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको ३.१३ प्रतिशत बेरुजु कायम रहेकोमा यस वर्ष २.३९ प्रतिशत भई बेरुजु प्रतिशत घटेको छ । यस वर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन ।

प्रदेश अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्न एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गरिनुपर्ने देखिएको छ । प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्नुपर्ने, राजस्व सङ्कलनलाई प्रभावकारी बनाई संघीय सरकारबाट प्राप्त हुने अनुदानप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्ने योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्दछ ।

विकास निर्माणतर्फ परियोजना बैंकमा संकलित योजनामध्ये बढी उपलब्धीमुलक छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहिरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनमा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यस्तै फजुल खर्च घटाउने, अनावश्यक खर्च कटौती गर्ने, प्रदेश सरकार र मातहतका निकायमा हुने अनियमितता, भ्रष्टचारजन्य क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरी सुशासन कायम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहलाई नमुनाको रूपमा सञ्चालन गर्न सकिने देखेको छु । यस प्रतिवेदनमा प्रदेश सरकारको कार्य क्षेत्र र मन्त्रालय तथा निकायहरुको विस्तृत विश्लेषण सहित समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष पेश गरेको प्रतिवेदन यथासमयमा प्रदेश सभामा पेश हुनुपर्दछ । यसबाट जनप्रतिनिधिको थलोमा समयमै प्रतिवेदनउपर छलफल भई समस्या समाधान गर्न सहज हुने भएकोले यस्तो प्रतिवेदन पेश भएपछि प्रदेश सभामा तत्काल पेश गरी छलफलको व्यवस्था हुनुपर्दछ ।

प्रदेश सरकारलाई संघ र स्थानीय तहबीच समन्वय कायम गरी वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकत्तम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवसर प्राप्त भएको छ । नेपालको संविधान बमोजिम आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको बाबजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** : सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- संचितकोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा संचालित क्रियाकलाप र खर्च कानुनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र** : यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १८२ निकाय र विषयको २०७६।७७ को कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति** : लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरुलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ४९ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ७० निकायको प्रदेश एकल कोष खाताबाट छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ६३ निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया** : महालेखापरीक्षकको २०७६/७७ को लेखापरीक्षणको सिलसिलामा लुम्बिनी प्रदेशका सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरुसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअल माध्यमबाट छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन** : महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७८।७९
च.नं.: १४२

मिति : २०७८।०५।०३

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
बुटवल, रुपन्देही ।

विषय : प्रदेश संचितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले लुम्बिनी प्रदेश संचितकोषको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू (अनुसूची-१३) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू. ९४ करोड ७४ लाख ८५ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू. ६ करोड १४ लाख ५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. ४० करोड १५ लाख ९४ हजार, अनियमित भएको रू. ४१ करोड २७ लाख ६५ हजार र पेश्की बाँकी रू. ७ करोड १६ लाख ७१ हजार रहेको छ ।

२. प्रदेश सरकारको स्थिर सम्पत्ति मूल्याङ्कन गरी आर्थिक विवरणमा खुलासा गरेको छैन ।

३. आर्थिक वर्ष २०७६।७७ मा संकलन भएको वन रोयल्टी, खानी तथा खनिज रोयल्टी, जलविद्युत रोयल्टी र पर्वतारोहण वापत बाँडफाट भई प्राप्त हुने रकमको विवरण महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको विवरणका आधारमा प्रदेश संचित कोषमा आम्दानी जनाइएको छ र बैङ्क हिसाव मिलान विवरण अनुसार रू. २९ करोड ७० लाख ६७ हजार रोयल्टी प्राप्त हुन बाँकी देखिन्छ ।

४. प्रदेश सरकारको श्रोतबाट १०९ स्थानीय तहलाई समपुरक अनुदान रू. १ अर्व ४२ करोड ४७ लाख १० हजार, सशर्त अनुदान रू. १ अर्ब ३४ करोड ३२ लाख ६० हजार र विशेष अनुदान रू. ९६ करोड ४३ लाख ४६ हजार समेत रू. ३ अर्ब ७३ करोड २३ लाख १६ हजार हस्तान्तरण गरेको छ । प्रदेश लेखा नियन्त्रक

कार्यालयले २०७७ असार मसान्त सम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता हुनुपर्ने रकम भिडान नगरी हस्तान्तरण गरेको सबै रकमाई खर्च खुलासा गरेको छ । स्थानीय तहमा हस्तान्तरण गरिएको रकम खर्च नभई फिर्ता भएकोमा अभिलेख अद्यावधिक गरेको छैन ।

५. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमीकमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश संचितकोषको आर्थिक प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(राममाया कुँवर)
उप-महालेखापरीक्षक

परिच्छेद –१
लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	(रु.हजारमा)
१. प्रदेश कार्यालय	१६६	३६९००७१६
२. समिति र अन्य संस्था	१६	२७४७१४९
३. कार्यमूलक लेखापरीक्षण-१		
जम्मा	**१८२**	**३९६४७८६५**

यो वर्ष प्रदेश मातहत १६६ सरकारी निकायको रु.३६ अर्ब ९० करोड ७ लाख १६ हजार र समिति तथा अन्य संस्था १६ को रु.२ अर्ब ७४ करोड ७१ लाख ४९ हजार समेत रु.३९ अर्ब ६४ करोड ७८ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची- १(क) मा** उल्लेख छ ।

१. **सरकारी निकाय :** यो वर्ष १६६ प्रदेश कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु.हजारमा)

क्र.सं.	कारोबार	जम्मा	
		२०७६।७७	२०७५।७६
१.	विनियोजन निकासा	२५३०५०३२	१७०३४१२३
२.	राजस्व असुली	९२१७१८४	१०१८६७९५
३.	धरौटी आम्दानी	१६६२९५०	१३५१८२४
४.	अन्य कारोबार	७१५५५०	३०५८२१
	जम्मा	**३६९००७१६**	**२८८७८५६३**

यसको विस्तृत विवरण **अनुसूची-२** मा छ ।

२. **समिति र अन्य संस्था :** यो वर्ष १६ समिति र अन्य संस्थाको रु.२ अर्ब ७४ करोड ७१ लाख ४९ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची-४ मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षणको विवरण **अनुसूची - ४ र ५** मा उल्लेख छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६।७७ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक/क्षेत्र	२०७६।७७ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	१५४२७३४१	१०६८५७५९	६९.२७
पुँजीगत खर्च	२०९८९४५९	१४७२१३१३	७०.१४
जम्मा	**३६४१६८००**	**२५४०७०७२**	**६९.७७**

४. **खर्चको स्थिति :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छः

(रु.हजारमा)

सि.नं.	निकाय	बजेट रकम		यथार्थ खर्च रकम		जम्मा
		चालु	पुँजीगत खर्च	चालु	पुँजीगत	
१.	प्रदेश सभा सचिवालय	२३११०३	२७०२४	१८६८६१	२५२६३	२१२१२४
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय	१३५३०५	३३४५६	९५६१०	२६७५५	१२२३६५
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय	९२००६४	६१२४६६	२९९५१७	३५०२२	३३४५३९
४.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२९५०९६	३४५८७०	१५५४३८	११०३८९	२६५८२७
५.	पर्यटन, वन तथा वातावरण मन्त्रालय	१३६१९२२	१४४४०१६	९०१८७७	११०६०५९	२००७९३६
६.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३३४०९४८	२१३९००	१५९०८०६	१००९५७	१६९१७६३
७.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१०००६२४	१७२३२७९२	४५६०७७	१२७१४४२४	१३१७०५०१
८.	सामाजिक विकास मन्त्रालय	३७३७२१२	१०७२६७५	२७५८१७२	५९६२२९	३३५४४०१
९.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१५२६७	७२६०	९०८३	६२१५	१५२९८
१०.	स्थानीय तह अनुदान	४३८९८००	०	४२३२३१८	०	४२३२३१८
	जम्मा	**१५४२७३४१**	**२०९८९४५९**	**१०६८५७५९**	**१४७२१३१३**	**२५४०७०७२**

५. **स्रोतगत अनुमान र यथार्थ खर्च** : प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६।७७ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	२०७६।७७ को रकम		अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	यथार्थ खर्च	
संघीय सरकार अनुदान	**१६६१०५००**	**११७४३९१६**	**७०.७०**
समानीकरण अनुदान	७५४०१००	३२१५५३९	४२.६५
शसर्त अनुदान	७७७०४००	८१८४८६१	१०५.३३
विशेष अनुदान	५०००००	१९०३२९	३८.०७
समपुरक अनुदान	८०००००	१५३१८७	१९.१५
प्रदेश सरकार	**१९८०६३००**	**१३६६३१५६**	**६८.९८**
जम्मा	**३६४१६८००**	**२५४०७०७२**	**६९.७६**

द्रष्टव्यः *यो वर्षको यथार्थ खर्च रु.२५ अर्ब ४० करोड ७० लाख ७२ हजार मध्ये १ इकाईको रु.१० करोड २० लाख ४० हजार लेखापरीक्षण बक्यौता रहेको छ ।*

यो वर्ष विनियोजन तर्फ संघीय सरकारको अनुदानबाट ७०.७० प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ६८.९८ प्रतिशत प्राप्त भई रु.२५ अर्ब ४० करोड ७० लाख ७२ हजार खर्च भएको छ । कुल खर्च मध्ये संघीय सरकारको अनुदानबाट ४६.२३ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५३.७७ प्रतिशत व्यहोरेको छ । उपलव्ध स्रोतबाट विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्यसम्पादन नतिजामा प्रभावकारिता हासिल हुन सकेको छैन ।

६. **संघ तथा स्थानीय तहलाई बजेट :** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिको लागी प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडी बढाउनु पर्ने कार्यक्रममा प्रदेशले विनियोजन गरेको बजेटबाट स्थानीय सरकारका कार्यक्रम सन्चालन गर्न बजेट अख्तियारी दिएको मध्ये संघीय सरकारका ७८ निकायले पूँजीगततर्फ रु.७ करोड २९ लाख ८० हजार र चालुतर्फ रु.३ करोड २ लाखसमेत १० करोड ३१ लाख ८० हजार र स्थानीय तहका १०९ कार्यालयहरूले चालु शिर्षकबाट रु.४ अर्ब २३ करोड २३ लाख १७ हजार गरी रु.४ अर्ब ३३ करोड ५४ लाख ९७ हजार बजेट खर्च गरेका छन् । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई उपलब्ध गराइएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१३** मा समावेश छ ।

७. **राजस्व असुली :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६।७७ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्व आयको विवरण निम्न अनुसार छ :

(रु.हजारमा)

शीर्षक	राजस्व		असुली प्रतिशत
	लक्ष्य	यथार्थ असुली	
कर राजस्व	१३०३२३००	७९२७६७३	६०.८३
अन्य राजस्व	१७७४०००	८९५९१४	५०.५०
विविध	०	३९३८८८	०
जम्मा	**१४८०६३००**	**९२१७४७५**	६२.२५

७.१. आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्व रु.९ अर्ब २१ करोड ७४ लाख ७५ हजार रहेको छ । प्रदेश सरकारले सवारी साधन करबाट रु.१ अर्ब ८५ करोड ३४ लाख ४ हजार असुल गरेकोमा ६० प्रतिशतले हुने रु.९० करोड ९९ लाख ५० हजार प्रदेश संचितकोषमा आम्दानी देखाएको छ ।

७.२. प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ । साथै प्रदेशले बनाएको कानुन बमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने समेत व्यवस्था छ । सो अनुसार घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना समेत बाट यो वर्ष असुल गरेको राजस्वको विवरण **अनुसूची-९** मा उल्लेख छ ।

८. **वित्तीय हस्तान्तरण :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश संचितकोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रु.हजारमा)

क्र स	अनुदानको विवरण	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानिकरण अनुदान	५०००००	५०००००	१००.००
२	सशर्त अनुदान	१३८९८००	१३४३२६०	९६.६५
३	समपुरक अनुदान	१५०००००	१४२४७११	९४.९८
४	विशेष अनुदान	१०००००	९६४३४६	९६.४३
	जम्मा	४३८९८००	४२३२३१७	९६.४१

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १०९ स्थानीय तहमा रु.४ अर्ब २३ करोड २३ लाख १७ हजार हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदान मध्ये समपुरक अनुदानको रकम सबै भन्दा बढी रहेको छ । उल्लिखित स्थानीय तह मध्ये यो वर्ष ९५ वटाको अन्तिम लेखापरीक्षण सम्पन्न भई १४ स्थानीय तहको लेखापरीक्षण बक्यौता रहन गएको छ ।

परिच्छेद – २

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले, २०७४ ले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.९४ करोड ७४ लाख ८५ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

बर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा बेरुजु	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**८६८२०३**	**७९२८२**	**९४७४८५**	**१०० **
१.असुल हुनुपर्ने	**५७३७३**	**४०८२**	**६१४५५**	**६.४९**
२.नियमित हुनुपर्ने	**७५१०७४**	**६३२८५**	**८१४३५९**	**८५.९५**
अनियमित भएको	३६५१४७	४७६१८	४१२७६५	४३.५६
प्रमाण कागजात पेस नभएको	३८५९२७	१५६६७	४०१५९४	४२.३९
३.पेश्की	**५९७५६**	**११९१५**	**७१६७१**	**७.५६**
कर्मचारी पेश्की	५५३०	५३३	६०६३	०.६४
अन्य पेश्की	५४२२६	११३८२	६५६०८	६.९२

बेरुजु वर्गीकरणको विवरण **अनुसूची -१० र ११** मा छ ।

२. **अद्यावधिक बेरुजु :** गत वर्ष सम्म रु.९४ करोड ७३ लाख ४२ हजार बेरुजु रहेकोमा यो वर्ष रु.५७ करोड ३६ लाख ७१ हजार सम्परीक्षण भई रु.३७ करोड ३६ लाख ७१ हजार बाँकी रहेको र यो वर्ष रु.९४ करोड ७४ लाख ८५ हजार थप भई जम्मा बेरुजु रु.१ अर्ब ३२ करोड ११ लाख ५६ हजार कायम भएको छ ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष सम्मको	यो वर्षको थप	जम्मा बेरुजु रकम
१	सरकारी कार्यालयतर्फ	२८१२०६	८६८२०३	११४९४०९
२	समिति तथा अन्य संस्थातर्फ	९२४६५	७९२८२	१७१७४७
	जम्मा	**३७३६७१**	**९४७४८५**	**१३२११५६**

यस सम्बन्धी विवरण **अनुसूची - १२** मा रहेको छ ।

३. प्रदेश कार्यालय अन्तर्गत यो वर्ष उपर्युक्त परिभाषा बमोजिम बेरुजु ठहरिने रकम देहायअनुसार रु.९४ करोड ७४ लाख ८५ हजार रहेको छः

४. **बेरुजु विश्लेषण** — प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

४.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७६।७७ को बेरुजु फर्स्यौट नभएकाले सो अवधिमा कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१४** मा समावेश गरिएको छ ।

४.२ प्रदेश कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बेरुजु भएका मन्त्रालय/निकाय निम्नानुसार छन्:

(रु.हजारमा)

क्र.सं	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु रकम				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल हुनुपर्ने	नियमित हुनुपर्ने	पेश्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१६७०९६५६	३४२६७	६३२८३०	४३२२६	७१०३२३	७४.९७	४.२५
२.	सामाजिक विकास मन्त्रालय	६५७२९५९	६७०९	७७०३२	२३७३३	१०७४७४	११.३४	१.६४
३.	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	३०६०६९८	१२२१९	५७०५७	४७१२	७३९८८	७.८१	२.४२
४.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१७३४६७२	७६१७	३०४९१	०	३८१०८	४.०२	२.२०
५.	प्रदेश सभा सचिवालय	२२७०६९	०	१२०१५	०	१२०१५	१.२७	५.२९
६.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३७४७७८	६४३	४५३२	०	५१७५	०.५५	१.३८
७.	मुख्यमन्त्रि तथा मन्त्रिपरीषद्को कार्यालय	१९६५४४	०	४०२	०	४०२	०.०४	०.२१
८.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१५४३९	०	०	०	०	०	०
९.	आर्थिक मामिला तथा योजना मन्त्रालय	६५२३७३२	०	०	०	०	०	०
	जम्मा	**३५४१५५४७**	**६१४५५**	**८१४३५९**	**७१६७१**	**९४७४८५**	**१००**	**२.६८**

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, सामाजिक विकास मन्त्रालय दोस्रो, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तेस्रो र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय चौथो स्थानमा रहेका छन् ।

४.३ यो वर्ष १६६ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ९७ कार्यालय (५८.४३ प्रतिशत) मा लगती बेरुजु देखिएको छ। त्यसैगरी समिति तथा अन्य संस्था १६ मध्ये १३ (८१.२५ प्रतिशत) कार्यालयमा लगती बेरुजु देखिएको छ ।

४.४ यो वर्ष प्रदेश मातहतका निकाय तथा समितिको १ हजार ९२२ बेरुजु दफा मध्ये प्रतिक्रियाबाट ६५ दफा फस्यौंट भई १ हजार ८५७ दफा बेरुजु देखिएकोमा १ हजार ३८५ दफा सैद्धान्तिक र ४७२ दफा लगती बेरुजु कायम भएको छ ।

४.५ प्रदेश सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेस्की रु.२८ करोड ३९ लाख २५ हजार बाँकी रहेको मध्ये रु.१८ करोड ६० लाख ४९ हजार (६५.५३ प्रतिशत) फस्यौंट भई बाँकी रु.९ करोड ७८ लाख ७६ हजार र यो वर्ष थप रु.६८ करोड ७९ लाख ३४ हजार समेत कुल पेस्की रु.७८ करोड ५८ लाख १० हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.६२ करोड ८१ लाख ७८ हजार र म्याद नाघेको पेस्की रु.५ करोड ९७ लाख ५६ हजार रहेको छ । सोमध्ये कर्मचारीतर्फ रु.६८ लाख ९५ हजार (०.८८ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.७२ करोड ४६ लाख ८९ हजार (९२.२२ प्रतिशत) र अन्य पेस्की रु.५ करोड ४२ लाख २६ हजार (६.९० प्रतिशत) रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गतवर्षसम्मको पेस्की रु.३ करोड ८८ लाख ७९ हजार बाँकी रहेको र यो वर्ष थप रु.१ करोड १९ लाख १५ हजार समेत कुल पेस्की रु.५ करोड ७ लाख ९४ हजार बाँकी देखिएको छ । सोमध्ये कर्मचारी पेश्की रु.१५ लाख ७८ हजार (३.१० प्रतिशत), मोबिलाइजेशन पेश्की रु.३ करोड ७८ लाख ३४ हजार (७४.४९ प्रतिशत) र अन्य पेस्की रु.१ करोड १३ लाख ८२ हजार (२२.४१ प्रतिशत) रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ६** मा छ ।

४.६ सरकारी कार्यालय र समिति तथा अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.५ लाख ६३ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.४१ लाख ५३ हजार र सम्परीक्षणको क्रममा रु.२ करोड ७१ लाख १६ हजार समेत रु.३ करोड १८ लाख ३२ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

४.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ २० निकायको अग्रीम कर कट्टी नभई रु.२१ लाख १२ हजार बाँकी रहेकोमा रु.१ लाख १८ हजार असुल भई रु.१९ लाख ९४ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची - ८** मा उल्लेख छ ।

४.८ प्रदेश कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत
२०७५	२०३५४०	५०८	०.२५
२०७७	३०२८३७५३	९४६८३४	३.१३
२०७८	३९६४७८६५	९४७४८५	२.३९

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **लेखापरीक्षण बक्यौता** : यस प्रदेश अन्तर्गत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, पाल्पाको विनियोजन तर्फ रु.१० करोड २० लाख ४० हजार, राजस्व तर्फ रु.२ लाख ९१ हजार र धरौटी तर्फ रु.१ करोड ६३ लाख ५५ हजार समेत रु.११ करोड ८६ लाख ८६ हजारको लेखापरीक्षण बक्यौता रहेको छ ।यस सम्बन्धी विवरण **अनुसूची-३** मा उल्लेख छ ।

२. **कानुन निर्माण** : प्रदेश सरकारबाट तर्जुमा हुनुपर्ने सबै ऐन, नियम प्राथमिकताका आधारमा तर्जुमा गरी प्रदेश सभामा पेश हुनु पर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट आवधिक योजना अनुसार यस वर्ष विभिन्न २५ वटा कानुन निर्माण गर्ने लक्ष्य रहेकोमा ११ कानुन निर्माण गरेको छ । त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालयले तर्जुमा गर्नु पर्ने ४८ ऐन, नियम तर्जुमा गरेका छैनन्। उक्त कानुन यथाशीघ्र निर्माण गरी कार्यान्यन हुनु पर्दछ ।

३. **नीति तथा कार्यक्रम कार्यान्यन** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयहरूलाई प्राप्त कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा समावेश गरी कार्यान्वयन हुनु पर्नेमा प्रदेश सरकार गठन भएको तीन वर्ष भन्दा बढी अवधिमा सरकार गठन पश्चात तुरुन्त हुनु पर्ने प्रदेश निजामती सेवा ऐन र नियम तर्जुमा, सार्वजनिक सेवा वितरण र गुणस्तर मापदण्ड निर्धारण, स्थानीय तहका कर्मचारीहरूको कानुन तर्जुमा, कार्यसम्पादन करार कार्यान्वयन, विद्यालयहरूको पाठ्यक्रम सुधार, प्रदेश गौरवका आयोजना छनौट, लोकसेवा आयोगबाट रिक्त दरवन्दीको पदपूर्ति लगायतका कामहरू हालसम्म गरेको देखिएन । उक्त प्रक्रिया अनुसार प्राथमिकताको आधारमा कार्य सम्पादन हुनु पर्दछ ।

४. **ऐन नियमको पालना** : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न गर्नुपर्ने कामहरू मध्ये लुम्बिनी प्रदेशका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना तयार नगर्ने, योजना अधुरो राख्ने, मालसामान वा निर्माण कार्यको प्याकेज नबनाउने, कम अवधिको जमानत लिने, छनौट भएको वोलपत्रदाता सम्झौता गर्न नआएको अवस्थामा कालो सूचिमा राख्न नपठाउने, परामर्शदाता माथि निर्भर रहने, प्रगतिका आधारमा ५० प्रतिशत पेश्की दिनुपर्नेमापूरै पेश्की दिने, भेरियसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता वमोजिम काम शुरु नगर्ने, वीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असूल नगर्ने, निर्माण स्थलको तयारी वेगर वोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको छ ।

यसैगरी नर्म्स वेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नुपर्ने काम टुक्रा पारी सोझै खरिद वा निर्माण गर्ने, उपभोक्ता समितिबाट रु.१ करोड भन्दा बढी लागत अनुमानको काम गराउने,उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, समयमा पेश्की फर्स्यौंट नगर्ने, कार्य स्वीकार प्रतिवेदन तयार नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, ५० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा नगरी पूरै भुक्तानी दिने गरेको देखियो । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

५. **अधुरा ठेक्का :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचमै छोडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पूरा गराउने र कालोसूचीमा राख्र लेखी पठाउने व्यवस्थाहरू छन् । यस प्रदेश अन्तर्गत सडक पूर्वाधार विकास कार्यालय कपिलवस्तु, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देही, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय रुपन्देही समेत ३ कार्यालय अन्तर्गत रु.२ अर्ब ६९ करोड ३३ लाख ७ हजार ठेक्का अंकका ४६ ठेक्काहरूको रु.१ अर्ब ८८ करोड ५६ लाख ५७ हजारको (७० प्रतिशत) काम नभई ठेक्काहरू अधुरा रहेका छन् । पटक पटक म्याद थप गर्दा पनि निर्माण व्यवसायीहरूकै कारणबाट ती ठेक्काहरूको काम अधुरो रहन गएको अवस्थामा सम्बन्धित कार्यालयहरूले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेङ्का तोड्ने, कालोसूचीमा राख्ने कारवाहीहरू गरी काम पूरा गराउनु पर्नेमा कुनै पनि कारवाही गरेको छैन । लामो समयदेखि काम अधुरो रहँदा लगानी गरिएको रकमबाट प्रतिफल प्राप्त नभइ जनतालाई ठेक्काबाट प्राप्त हुनुपर्ने सेवा प्राप्त नहुने, ठेक्काको संख्या वृद्धिसँगै ठेक्का प्रशासन जटिल बन्दै जाने भएकोले कानूनी व्यवस्थाहरूको कार्यान्वयन गरी अधुरा ठेक्काहरूको काम पूरा गरिनुपर्दछ ।

६. **गुणस्तर परीक्षण तथा नियन्त्रण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण हुनुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गत रहेका सडक पूर्वाधार विकास, जलश्रोत तथा सिंचाइ, खानेपानी तथा सरसफाई र भवन तथा सहरी विकाससँग सम्बन्धित ४२ वटा कार्यालयहरूले यस वर्ष निर्माण कार्यमा रु.१२ अर्ब ७१ करोड ४४ लाख २४ हजार खर्च गरेका छन् । आफ्नै प्रयोगशाला वा अन्य कार्यालयहरूको प्रयोगशालाबाट स्पेशिफिकेसन अनुसारको संख्यामा निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण गर्नु पर्नेमा पूर्वाधार विकास कार्यालयहरूले केही मात्रामा आफ्नै प्रयोगशालाबाट गुणस्तर परीक्षण गरेको पाइए पनि अन्य कार्यालयहरूको प्रयोगशाला नरहेको र गुणस्तर परीक्षण पनि नगराएको स्थिति छ । प्रदेश स्तरमा गुणस्तर परीक्षणको आधार स्पेशिफिकेसन तर्जुमा गरेको छैन । सिलबन्दी नमुना प्रयोग गरी गुणस्तर परीक्षण गराउनु पर्नेमा खुल्ला नमुनाबाटै परीक्षण गराउने गरेको देखिन्छ । सडक तथा पूलहरूको भारवहन क्षमता परीक्षण हाल सम्म गर्ने गरेको छैन । निर्माण सामाग्रीहरू प्राप्त गर्ने स्थान नतोक्ने गरेको र ती सामाग्रीहरूको अभाव रहन गएको कारणबाट समेत गुणस्तरीयतामा प्रभाव पर्न गएको छ । गुणस्तर परीक्षण तथा नियन्त्रणबाटै दिगो विकास सुनिश्चित हुने भएकोले यसलाई अनिवार्य गराई निर्माण गर्ने गराउने प्राविधिकलाई यस प्रति जिम्मेवार गराउनुपर्दछ ।

७. **दरबन्दी र पदपूर्ति :** प्रदेशहरू २०७४ सालमा स्थापना भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति हुनुपर्नेमा यस प्रदेशको प्रदेशस्तरीय कार्यालयको ४ हजार ४१४ दरबन्दी मध्ये २ हजार ५६८ पदपूर्ति भई १ हजार ८४६ अर्थात ४१.८२ प्रतिशत रिक्त रहेको छ । दरबन्दी रिक्त रही कर्मचारीहरूको अभाव भएकोले कार्य सम्पादन तथा सेवा प्रवाहमा असर परेको छ । रिक्त दरबन्दी पदपूर्ति गराई सेवा प्रवाहलाई प्रभावकारी बनाइनु पर्दछ ।

८. **परामर्श सेवा खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) अनुसार सार्वजनिक निकायहरूले सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा प्रदेश मन्त्रालयहरूले यस सम्बन्धी नर्म्स तयार गरेका छैनन् । यस वर्ष खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू रुपन्देही, बाँके, प्युठान, भौतिक पूर्वाधार विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण कार्यालय दाङ समेत ८ निकायहरूले योजनाहरूको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि परामर्श सेवा खरिद गरी रु.४ करोड २१ लाख ६१ हजार भुक्तानी गरेकोमा नर्म्स वेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको देखियो । नर्म्स तर्जुमा गरी यस कार्यलाई व्यवस्थित हुनुपर्दछ ।साथै सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यको लागि पूर्ण रूपमा परामर्शदाता माथि भर पर्ने गरेको विद्यमान अवस्थालाई नियन्त्रण गर्नुपर्दछ ।

९. **ढुंगा गिट्टी र बालुवाको कर -** स्थानीय सरकार संचालन ऐन २०७४ को साविकको दफा ६४ मा ढुंगा, गिट्टी र वालुवामा संकलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गरी प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेश कानुन अनुसार बाँडफाँट हुने गरेको देखिन्छ ।तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२क थप गरेर ढुंगा गिट्टी वालुवा विक्रिबाट प्राप्त रकम स्थानीय संचितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरूप प्रदेश कानुन संशोधन हुनुपर्नेमा नगरेको कारणले सो करबाट संकलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२क विपरीत हुने गरी संघीय मन्त्रिपरिषद्ले ढुंगा गिट्टी बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी गरी उक्त करमा प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सृजना गरेको देखियो ।यो वर्ष प्रदेशका १०९ स्थानीय तहहरू मध्ये ३० स्थानीय तहहरूले राजस्व असुल गरेको रकमको ४० प्रतिशतले हुने रु.१६ करोड ९८ लाख ७० हजार प्रदेशलाई पठाएको छ भने अन्य स्थानीय तहहरूले पनि असुल गरेको पुरै रकम आफ्नै संचितकोषमा राखेको छ। स्पष्ट कानूनी व्यवस्था गरी प्राकृतिक स्रोतको उपयोग हुनुपर्दछ ।

१०. **प्रदेश एकीकृत वित्तीय विवरण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२(३) मा लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाब तयार गर्नुपर्ने व्यवस्था भएकोमा कुनै पनि मन्त्रालयले मन्त्रालयगत एकीकृत वित्तीय विववरण तयार गरेका छैनन् । ऐन बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ ।

११. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन, कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको ३ वर्ष वितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले तयार गरी लागु हुनुपर्दछ । यस सम्बन्धमा गतवर्ष समेत औंल्याइएकोमा कुनै सुधार भएको देखिएन ।

१२. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयहरूको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ३२(६) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा संपरीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत हुनु पर्ने व्यवस्था छ । यो प्रदेश अन्तर्गत १६६ वटा कार्यालय र १६ वटा समितिहरूसमेत जम्मा १८२ निकायको आन्तरिक लेखापरीक्षणबाट असूल उपर हुनुपर्ने बेरुजु रु.३ करोड ७८ हजार, नियमित हुनुपर्ने बेरुजु रु.९ करोड ७७ लाख ५४ हजार, र पेस्की बाँकी रु.१४ करोड ४७ लाख ८९ हजारसमेत कुल रु.२७ करोड २६ लाख २१ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म बेरुजु फर्स्यौंट गरेको छैन । आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु अन्तिम लेखापरीक्षण अगावै फर्स्यौंट गर्नेतर्फ जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१३. **अबन्डा रकम :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० बमोजिम निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण र सोको प्रति ईकाई लागत समेतको आधारमा तयार भएको मध्यमकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने योजना, क्रियाकलाप र लागत समेत खुलाई आगामी आर्थिक वर्षको बजेट अनुमान गरिनु पर्दछ। उक्त ऐनले बजेट अवण्डा राख्ने सम्बन्धमा स्पष्ट व्यवस्था समेत नगरेको अवस्थामा यस वर्ष भौतिक पूर्वाधार, आर्थिक मामिला र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले उल्लेखित प्रावधान विपरित रु.१४ करोड ७८ लाख ३० हजार अबन्डा बजेट राखेको छ । स्वीकृत आयोजना, कार्यक्रम र क्रियाकलाप अनुसार बजेट विनियोजन गरिनु पर्दछ ।

१४. **रकमान्तर :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) अनुसार रकमान्तर गर्दा कुनै अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग हुने भएमा रकमान्तर वा थप बजेट व्यवस्था गरी खर्च गर्नुपर्नेमा सम्बन्धित कार्यालयहरूले पहिले नै खर्च गर्ने र तत्पश्चात आर्थिक वर्षको अन्तमा रकमान्तर गराउने गरेको देखियो । यो वर्ष भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत ६ वटा खानेपानी डिभिजनहरूमा रु.३२ करोड ६६ लाख १५ हजार, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कपिलवस्तुमा रु.४ करोड २९ लाख ६ हजार, डिभिजन सिंचाई कार्यालय, रुपन्देही र प्युठान तथा लुङ्गिमाडी सिँचाई आयोजना र पूर्वाधार विकास कार्यालय, प्युठानमा रु.१९ करोड १६ हजार समेत रु.५६ करोड ११ लाख २१ हजार आषाढ २९ मा रकमान्तर गरेको छ । रकमान्तर पूर्व खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१५. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको खरिद गर्नुपर्दा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधि अपनाई खरिद गर्नुपर्ने व्यवस्था छ । प्रदेश सभा सचिवालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र

सामाजिक विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट बोलपत्रको माध्यमबाट गर्नुपर्ने सामान खरिद र निर्माण कार्य टुक्राटुक्रा पारी प्रतिस्पर्धा वेगर सोझै खरिद तथा निर्माण कार्य गराई रु.१२ करोड ६९ लाख ६२ हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धाको माध्यमद्वारा खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ सम्बन्धित कार्यालयले ध्यान दिनुपर्दछ ।

१६. **निर्माण स्थलको पूर्व तयारी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको वातावरणीय अध्ययन, जग्गा प्राप्ति र रुख कटान गरेपछि बोलपत्र आव्हान हुनुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत दाङ जिल्लाका सडक पूर्वाधार विकास कार्यालय र सहरी विकास तथा भवन निर्माण कार्यालयहरूमा पर्याप्त पूर्व तयारी नगरी रु.१६ करोड ८७ लाख ३१ हजारको खरिद सम्झौता भएकोमा निर्माण कार्य अगाडि वढेको छैन । पर्याप्त पूर्व तयारी गरेपछि मात्र निर्माण कार्यको ठेक्का व्यवस्था गरिनुपर्दछ ।

१७. **जनसहभागिताबाट कार्य** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ तथा नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

१७.१. सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ र नियमावलीको नियम ९७ अनुसार उपभोक्ता समितिहरूबाट संचालन गरिने निर्माण कार्यमा सहमति बेगर भारी उपकरण प्रयोग गर्न नपाउने व्यवस्था छ । मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत खानेपानी तथा सरसफाई अस्थाई डिभिजन कार्यालय बाँकेबाट डिप बोरिङ्ग २ र खानेपानी विद्युतिकरण २ योजना निर्माण कार्यमा उपभोक्ता समिति मार्फत रु.१ करोड १९ लाख २० हजार र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देहीबाट डिप बोरिङ्ग २ र ओभरहेड टंकी ३ योजना निर्माण कार्यकालागि उपभोक्ता समिति मार्फत रु.२ करोड ५८ लाख ९७ हजारसमेत कुल रु.३ करोड ७८ लाख १७ हजारको भारी उपकरणबाट कार्य गराई भुक्तानी दिएको छ । जटिल संरचना निर्माणकालागि चाहिने व्यवस्थापकिय ज्ञान, उपकरण, प्राविधिक जनशक्ती नभएका उपभोक्ताबाट उक्त जटील प्राविधिक संरचनाहरू निर्माण गराउनु उचित भएन । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ।

१७.२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा एक करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने प्रावधान रहेको छ । साथै सो नियम मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सि र जनसहभागिताको अंश समेत समावेश हुने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रु.१ करोडभन्दा बढी लागत अनुमान भएको ६ वटा कार्यालयहरूको ३४ वटा योजनाहरूमा रु.३९ करोड ५९ लाख ८९ हजार लागत अनुमानको काम उपभोक्ता समितिबाट गराएको छ । सीमाभन्दा बढी लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत गराउने कार्यमा सुधार हुनु पर्दछ ।

१७.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनामा तोकिएको जनसहभागिता हुनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार सम्झौतामा उपभोक्ता

समितिले रकम प्राप्त गर्ने र जनसहभागिता स्वरूप गर्ने कामको छुट्टाछुट्टै व्यवस्था गरी नापजाँच पनि अलग अलग गर्नु पर्नेमा एकमुष्ठ काममा जनसहभागिताको अंश देखाउने गरेको छ । साथै जनसहभगिताबाट हुनु पर्ने कामको भुक्तानी कार्यालयले गर्न नमिल्नेमा जलश्रोत तथा सिंचाइ र खानेपानी तथा सरसफाईसम्बन्धी २ कार्यालयका ५५ योजनामा रु.२७ लाख ६२ हजार जनसहभागिताको रकम समेत कार्यालयहरूले भुक्तानी गरेको देखिन्छ । जनसहभागिताबाट गर्ने कामको लागि चाहिने रकम काम शुरु हुनु अगाडिनै नगद योगदानको रूपमा जम्मा गर्ने व्यवस्था मिलाइ यस्तो भुक्तानीमा नियन्त्रण हुनुपर्दछ ।

१७.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार उपभोक्ता समितिबाट निर्मित योजनाहरू मर्मत सम्भार र संचालनको लागि सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यस प्रदेश अन्तर्गत सिंचाइसँग सम्बन्धित ४ कार्यालयहरूले रु.३३ करोड २७ लाख २५ हजारका यस वर्ष निर्माण सम्पन्न भएका १३३ आयोजनाहरूको हस्तान्तरण गरेका छैनन् ।

हस्तान्तरित खानेपानी आयोजनाको सुधार तथा मर्मत उपभोक्ता समितिहरूले नै गर्नु पर्नेमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू दाङ, रुपन्देही, बाँके, पाल्पा, गुल्मी र प्युठानले हस्तान्तरण गरेका आयोजनाहरूको मर्मत संभारमा रु.१२ करोड ६४ लाख खर्च गरेकोले उक्त कानूनी व्यवस्था कार्यान्वयन गरेको देखिदैन । नियमको पालना गरी विकास कार्यमा उपभोक्ताहरूको योगदान र सहभागिता वृद्धि हुनु पर्दछ ।

१८. **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची - २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकारबाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरेको पाइएन । यो व्यहोरा गत वर्षसमेत औंल्याइएकोमा कुनै सुधार भएको देखिएन ।कानुनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण हुनु पर्दछ ।

१९. **सेवा प्रवाह :** बजेट बक्तव्य २०७६/०७७ मा सेवा प्रवाह प्रक्रियालाई प्रविधिमैत्री बनाउने, प्रथम आवधिक योजनामा हेलो सरकार संचालन गर्ने र मोवाइल एप्स मार्फत जनगुनासो संकलन गरी व्यवस्थापन गर्ने उल्लेख छ । त्यसैगरी प्रदेश सरकार ((कार्यविभाजन)) नियमावली, २०७४ को अनुसूची २(२२) मा सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण गर्ने, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने र सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख छ । उक्त व्यवस्थाहरूको कार्यान्वयन गरेको नदेखिएकोले कार्यान्वयन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनु पर्दछ ।

२०. **लेखाङ्कन तथा प्रतिवेदन :** कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, नेप्सासको ढाँचा २०७५ मंसिरमा नै स्वीकृत भइ सकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरूबाट स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन हुनुपर्नेमा सो अनुसार गरेको पाईएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन हुनुपर्दछ ।

कोभिड - १९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

२१. **पूर्वतयारी र जोखिम आकलन** - महामारी रोकथाम र नियन्त्रणको लागि महामारी शुरु हुनु पूर्व नै जोखिम आकलन र पूर्वतयारी गर्नुपर्ने हुन्छ । कोभिड-१९ को संक्रमणको जोखिम आकलन गरी पूर्वतयारी एवं महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति,सामाजिक विकास मन्त्रीको नेतृत्वमा कोष संचालक समिति र स्वास्थ्य निर्देशनालयका निर्देशकको नेतृत्वमा प्राविधिक समिति गठन भएका छन् । आर्थिक वर्ष २०७६।७७ मा उच्चस्तरीय निर्देशक समितिले ४ बटा बैठकवाट विभिन्न निर्णय गरेको भए पनी प्रदेशले जोखिम आंकलन तथा न्यूनीकरण कार्य योजना तयार गरेको छैन । साथै संक्रमण फैलिनु अघि शैया विस्तार जनशक्ति थप भेन्टिलेटर र अक्सिजन व्यवस्थापन गर्ने जस्ता कार्य समेत गरेको पाईएन ।

२२. **कोभिड कोष** - कोभिड १९ नियन्त्रण तथा रोकथाम गर्न सामाजिक विकास मन्त्रालयले स्थापना गरेको कोभिड कोषमा सङ्घीय सरकारबाट रु.७ करोड, प्रदेश सरकारबाट रु.१० करोड, मन्त्रालय तथा सचिवालयका पदाधिकारीहरू, कार्यालयका कर्मचारीहरू, उद्योग तथा व्यवसायीक संघ संस्था समेतबाट रु.२३ करोड १८ लाख ७६ हजार प्राप्त भएको देखियो । प्राप्त आम्दानी मध्ये लुम्बिनी प्रादेशिक अस्पताललाई रु.२ करोड ४० लाख, रापीप्रादेशिक अस्पताललाई रु.३० लाख, भेरी अस्पताललाई रु.१ करोड ४४ लाख, प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रु.२ करोड ७ लाख, प्रदेश स्वास्थ्य निर्देशनालयलाई रु.१० लाख, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई रु.५५ लाख, रापी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.६० लाख, विभिन्न ६ स्वास्थ्य कार्यालय र १० जिल्ला प्रशासन कार्यालयहरूलाई रु.१ करोड ४० लाख, ३ उप-महानगरपालिकालाई रु.५० लाख र अन्य खर्च रु.१ करोड २३ लाख ३१ हजार समेत रु.१० करोड ५९ लाख ३१ हजार निकासा दिई २०७७ असारमा रु.१२ करोड ५९ लाख ४५ हजार मौज्दात रहेको देखियो । निकासा दिएको रकम तोकिएको प्रयोजनमा खर्च भए नभएको अनुगमन गरेको छैन ।

२३. **लुम्विनी प्रादेशिक अस्पताल** - कोरोना विशेष अस्पतालको रुपमा समेत रहेको लुम्बिनी प्रादेशिक अस्पतालको कोभिड -१९ तर्फ रु.९ करोड ९ लाख ५७ हजार आम्दानी भएकोमा सेफ्टी किट तथा सामग्री खरिदमा रु.९ लाख ९१ हजार, जनशक्ती व्यवस्थापनमा रु.२९ लाख १५ हजार, कर्मचारी जोखिम भत्तामा रु.१ करोड ५० लाख, होटेल वास खर्च रु.७७ लाख ३३ हजार, अक्सिजन खरिद रु.१९ लाख २० हजार, औषधि जन्य सामग्री खरिदमा रु.१५ लाख ८१ हजार, मेशीनरी औजार खरिद रु.१६ लाख ३ हजार, पि.सी आर तथा वेड खरिद रु.१ करोड ४८ लाख २ हजार, संरचना निर्माण रु.२ करोड ४२ लाख ५७ हजार आई.सि.यू उपकरण खरिदमा रु.९७ लाख ६९ हजार समेत जम्मा रु.८ करोड ५ लाख ७१ हजार, खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन्:

२३.१. कोभिड १९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रबाहका लागि जारी अन्तरिम निर्देशिका बमोजिम कोभिडका बिरामीको उपचार गर्न लेबल २ कोभिड अस्पतालको भूमिका महत्वपूर्ण रहेको छ । निर्देशिका अनुसार यी अस्पतालले प्रेषण गरिएका वा यी अस्पतालमा पहिचान भएका मध्यम जटिल र अति जटिल केशहरू हाइडिपेन्डेन्सी र आईसीयू केयर मार्फत प्रोटोकल अनुसार उपचार गर्नुपर्ने व्यवस्था छ ।

लुम्बिनी प्रादेशिक अस्पतालले कोभिड-१९ उपचारको अन्तरङ्ग तथा वहिरङ्ग सेवा उपलब्ध गराएको छ । अस्पतालवाट प्राप्त विवरण अनुसार २०७७ आषाढ मसान्तसम्मको कोरोना परीक्षणको अवस्था कुल पी.सि.आर जाँच सङ्ख्या ३९३, पोजेटीभ २४१ अस्पताल भर्ना ८८, मृत्यु ६९ र अन्यत्र रीफर सङ्ख्या ५ रहेको उल्लेख छ । अस्पतालमा बिरामीको औषत वसाई २० दिन रहेको छ । अस्पतालमा कुल ४०० शय्यामध्ये ४५ सामान्य शय्या, १६ आईसीयू शय्या, कोभिडको लागि छुट्याईएको थियो । अस्पतालमा ५ भेन्टिलेटर र १ एम्बुलेन्स रहेको अवस्था देखियो । कोभिड विशेष अस्थाई अस्पतालमा चिकित्सक २४, नर्स ७१ समेत ४२४ दरबन्दी रहेकोमा कोभिड उपचारमा १३५ जनशक्ति खटिएको छ भने ५४ दरबन्दी रिक्त रहेको छ । अस्पतालमा प्रोटोकल अनुसार कोभिड बिरामीहरूको उपचार गर्न बुटवल धागो कारखानामा बेग्लै भबनको व्यवस्था गरी उक्त प्रादेशिक अस्पतालबाट उपचार गर्ने गरेको पाईयो । अस्पतालमा कोभिड उपचारको लागि आवश्यक भेन्टिलेटर आसोलेशन बेड लगायतका स्वास्थ्य उपकरण पर्याप्त रहेको देखिएन। थप जनशक्ति उपलब्ध नभएका कारण ती उपकरण सञ्चालन हुन नसक्दा कोभिड १९ को उपचारमा समस्या परेको देखिन्छ । कोभिड र नन्-कोभिड समेतको उपचार व्यवस्थापन गर्नुपर्दा उपलब्ध जनशक्ति पर्याप्त देखिएन ।

२३.२. अस्पतालमा २०७७।३।१० देखि कोभिड उपचार सेवा शरु गरेपनि शैयाको अभावले उपचारमा कठिनाई रहेकोमा २०७७।५।१८ मा १४४ शैय्या थप गरेको छ । कोभिड उपचारको लागि आवश्यक एम्बुलेन्स, भेन्टिलेटर, लगायतका स्वास्थ्य सामग्रीको अभाव देखियो ।

२३.३. अस्पतालले कोभिड-१९ बिरामी उपचारमा भएको खर्चको बेग्लै अभिलेख राखेको छैन कोभिड-१९ उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई होटलमा राखेको खर्च भुक्तानी गर्दा होटलमा बस्नेको नामावली र बसेको अवधि खुल्ने विवरण पनि संलग्न हुनुपर्नेमा लुम्बिनी प्रादेशिक अस्पतालले केवल होटलको विलको आधारमा रू.७७ लाख ३३ हजार भुक्तानी दिएको छ ।२०७७ आषाढ मसान्तसम्म अस्पतालमा ८८ बिरामी भर्ना भई उपचार सेवा लिएकोमा प्रति बिरामी स्वास्थ्यकर्मीको होटल क्वारेन्टिन खर्च रु.८७ हजार ८७५ रहेको छ। होटलमा बस्ने स्वास्थ्यकर्मीहरूको विवरण सहित खर्चको पुष्टयाई हुनुपर्दछ।

२३.४. कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को बुँदा नं. ७ अनुसार विभिन्न ५५२ कर्मचारी तथा स्वास्थ्यकर्मीलाई रु.१ करोड ५० लाख जोखिम भत्ता भुक्तानी भएको छ ।

२३.५. कोभिड विशेष अस्पताल स्थापना तथा सञ्चालनको लागि विभिन्न ३४ व्यक्ति तथा संस्थाबाट नगद रु.२३ लाख ९ हजार, सेभ द चिल्ड्रेनवाट १ ईसिजि मेसिन, ७ व्यक्ति तथा संस्थाबाट १५ हजार ७० सर्जिकल मास्क,२२ व्यक्ति तथा संस्थाबाट ६४२ पि.पि.ई सेट, विभिन्न ८६ व्यक्ति तथा संस्थाबाट फेस सिल्ड, स्यानिटाईजर जस्ता मेडिकलजन्य सामग्री प्राप्त भएका छन् । अस्पतालले प्राप्त सामग्रीहरू मूल्य खुलाई जिन्सी अभिलेख जनाएको छैन ।

२३.६. सार्वजनिक खरिद नियमावली २०६४, को नियम १४५(३) १ मा सार्वजनिक निकायले रु.१० लाखभन्दा बढी रकमको विशेष परिस्थितिमा खरिद गर्दा खरिदको विवरण सार्वजनिक गरी सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ ।अस्पतालले पाँच दिने सूचना प्रकाशन गरी विभिन्न फर्मबाट ४ भेन्टिलेटर, १३ आईसीयु वेड, १ पिसिआर मेसिन, ३० ईन्फ्रारेड थर्मोमिटर, १ हजार ५६० पिपिईसेट, ६५ हजार २८८ माक्स लगायतका सामग्री खरीद गरी रु.२ करोड ६५ लाख ५१ हजारको

विशेष परिस्थिति खरिद गरेकोमा यस्तो खरिदको विवरण सार्वजनिक गरी सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाएको छैन । खरिद कार्य मितव्ययी भएको छ भन्ने आधार देखिएन । नियमावलीको व्यवस्था पालना हुनुपर्दछ ।

२४. **लुम्बिनी प्रादेशिक अस्पताल प्रयोगशाला** - प्रयोगशालामा २०७७।३।१० मा पिसीआर मेसिन प्राप्ति पश्चात पिसीआर परीक्षण शुरुवात गरिएको छ । अस्पताल प्रयोगशालाबाट आषाढ मसान्तसम्म ३९३ पीसीआर र २५आरडिटी परीक्षण गरिएको छ । प्रयोगशालामा २०७६ चैत्रदेखि २०७७ आषाढसम्म पिसीआर किट २ हजार ४०० प्राप्त भएकोमा ३९३ परीक्षण भई २ हजार किट मौज्दातमा रहेको छ। २०७७ आषाढ मसान्तसम्म ४०० पीसिआर किट खर्च भई ७ किट वेष्टेज देखाएको छ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभाको गठन भएको छ । प्रदेशमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट ८७ जना सदस्य रहेको प्रदेश सभा रहेको छ । प्रदेश सभा नियमावली, २०७४ बमोजिम विभिन्न समितिहरू, संसदीय दलहरू, प्रमुख सचेतकहरू, सचेतकहरू जस्ता संरचना रहने व्यवस्था छ । प्रदेश जनताका भावना तथा अपेक्षा अनुसार कानुन निर्माण गर्ने, सरकार गठन तथा नियन्त्रण गर्ने उद्देश्यले नेपालको संसदको काम कारवाहीमा सहयोग गर्न प्रदेश सभा सचिवालय रहेको छ ।

प्रदेश सभा सचिवालयको यस वर्ष विनियोजन तर्फ रु.२१ करोड २१ लाख २४ हजार, राजस्वतर्फ रु.९७ हजार, धरौटी तर्फ रु.९ लाख ५७ हजार र विविध खर्च रु.१ करोड ३८ लाख ९१ हजार समेत रु.२२ करोड ७० लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कानुन निर्माण :** प्रदेश सभा नियमवली, २०७४ को परिच्छेद-१५ मा विधेयक पारित गर्ने प्रक्रिया अनुसार हालसम्म ६५ विधेयक दर्ता भएकोमा, ५९ पारित, ५ विचाराधिन र १ फिर्ता गरेको छ। कानुन निर्माण सम्बन्धमा संसदीय समितिले दिएको प्रतिवेदनमा सरोकारवालाहरूसँग पर्याप्त छलफल नगरिएको, कानुन निर्माण पछि जाँच परीक्षण नगरेको तथा विषय विज्ञहरूसँग पर्याप्त परामर्श भएको नदेखिएको उल्लेख भएकोले यसमा सुधार हुनुपर्दछ ।

२. **सवारी साधन खरिद :** लुम्बिनी प्रदेश, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा ९ अनुसार सभामुख, उपसभामुख, मन्त्री र मन्त्रीस्तर तथा प्रमुख सचिवले रु.७५ लाखसम्म मूल्य पर्ने गाडी प्रयोग गर्न सक्ने व्यवस्था छ । सचिवालयले सो निर्देशिका विपरित सचिवालय संचालन तथा व्यवस्थापन समितिको २०७६ पुस १४ को वैठकको निर्णय अनुसार रु.७५ लाखको सवारी साधन खरिद गर्नुपर्नेमा रु.१ करोडमा एक गाडी खरिद गरेको छ । खरिद कार्यमा नियमको पालना हुनुपर्दछ ।

३. **सफ्टवेयर र मोवाइल एप्लिकेशन प्रयोग :** प्रदेश सभाको व्यवस्थापन कार्यविधि तयार गर्ने, प्रश्नोत्तर प्रस्तावहरू, विधेयक दर्ता देखि प्रमाणीकरणका सम्पूर्ण प्रक्रियालाई अभिलेखन गर्दै चरणबद्ध रूपमा विधेयकको अवस्था ट्रयाक गर्ने, वेभ वेश सफ्टवेयरलाई जोड्ने र आवश्यक प्रक्रियाहरू र सूचनाहरूलाई मोवाइल एप्स मार्फत प्रदेश सभा सदस्यसम्म पुऱ्याउने, आवधिक तथा अन्य प्रतिवेदन निकाल्ने उद्देश्यले सूचना प्रविधि सफ्टवेयर तथा मोबाइल एप्लिकेशन तयार गरी रु.१९ लाख ५२ हजार भुक्तानी दिएको छ । कार्यक्षेत्रगत शर्त अनुसारका केही कृयाकलाप स्वचालित रूपमा सफ्टवेयरबाट हुन नसकेको, सफ्टवेयर जडान पछि सम्बन्धित कर्मचारीलाई तालिम नदिएको तथा सूचना विभागबाट सो सफ्टवेयर संचालन गर्न अनुमति समेत प्राप्त गरेको देखिएन । सम्झौताका शर्त अनुसारका सबै काम पूरा गरेर मात्र खर्च लेख्ने व्यवस्था हुनुपर्दछ ।

४. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा वीस लाख भन्दा बढीको मालसामान खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । सचिवालयले प्रतिस्पर्धा बेगर विभिन्न फर्मबाट ३४ पटक लागत अनुमानकै हाराहारीमा रु.६३ लाख ४० हजारका फर्निचर फिक्चर्स, ल्यापटप लगायतका सामानहरू सोझै खरिद गरेको छ । यससम्बन्धमा गतवर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्षसमेत सुधार भएको छैन । खरिद प्रक्रियालाई मितव्ययी बनाउन बोलपत्रबाट खरिद गर्ने विधि अवलम्वन हुनुपर्दछ ।

५. **माइक खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा खरिद कार्यको लागि आवश्यकता पहिचान गरी ऐनको दफा (४) अनुसार मालसामान खरिद गर्नु अघि प्राविधिक तथा गुणस्तरीयताको आधारमा सो सम्बन्धी स्पेशिफिकेशन र योजना तयार गरी खरिद गर्नुपर्ने उल्लेख छ । सचिवालयले डिजिटल माइक्रोफोन कन्ट्रोलर सिस्टम १ थान र पोडियम कन्डेन्सर माइक्रोफोन ९० थान रु.४ लाख ९० हजारमा खरिद गरेकोमा माइक्रोफोनले राम्रोसँग काम नगरेको कारण जनाई पुनः रु.१४ लाख ९५ हजार मूल्यका ६० थान माइक्रोफोन सिष्टम खरिद गरेको छ । गुणस्तर परीक्षण नगरी खरिद गरेको कारण रु.४ लाख ९० हजारका सामान प्रयोग विहीन हुन गएको छ । गुणस्तर परीक्षण वेगर सामान प्राप्त गरी प्रयोग गर्ने व्यवस्थामा सुधार हुनु पर्दछ ।

- **बेरुजु स्थिति** : सचिवालयको लेखापरीक्षणबाट रु.१ करोड २० लाख ४३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२८ हजार फर्स्यौट गरेकोले रु.१ करोड २० लाख १५ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची - १०** मा छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्यक्षेत्रमा प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहत समेत ३ कार्यालयको विनियोजन रु.१२ करोड २३ लाख ६५ हजार, राजस्व रु.२६ लाख ४४ हजार र धरौटी रु.१० लाख ३ हजार र कोभिड कोष रु.७ करोड ५ लाख ३२ समेत रु.१९ करोड ६५ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : प्रदेश (सरकार कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गर्नुपर्ने काम र जिम्मेवारी मध्ये प्रदेश सरकारको सुशासन नियमावली तर्जुमा गर्ने, मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्न प्रदेशस्तरको ऐन निर्माण गर्ने, प्रशासन सुधार सम्बन्धी ऐन, नीति, नियम तर्जुमा, प्रदेश प्रमुखको निर्देशन कार्यान्वयनको अनुगमन, मानव संशाधन विकास योजना तर्जुमा, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा संचालन सम्बन्धी नीति, कानुन तर्जुमा, सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, तालिम नीति तथा मापदण्ड निर्धारण, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण, गाँउपालिका र नगरपालिकाको कर्मचारी सम्बन्धी कानुन तर्जुमा लगायतका कार्य गरेको छैन । कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **आवधिक योजना कार्यान्वयन** : प्रदेश आवधिक योजना (२०७६/७७-२०८०/८१) मा उल्लेख गरिएका यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरूमध्ये पहिलो वर्षमा कार्यान्वयनको शुरुवात हुनुपर्ने प्रदेशको सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, प्रभावकारी एवं जनताको पहुँचयोग्य बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गर्ने, हेलो सरकार, मोबाइल एप्स मार्फत जनगुनासो संकलन गरी तिनको यथाशिघ्र व्यवस्थापन र सम्बोधन गर्ने व्यवस्था मिलाउने, नैतिकता र सदाचार प्रवर्द्धन गर्न विद्यालयहरूमा पाठ्यक्रम सुधार, शिक्षण प्रशिक्षण, जनचेतना तथा जनजागरणका कार्यक्रम संचालन गर्ने, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा सुशासन सम्बन्धी तालिम संचालन गर्ने, सरोकारवालाहरूको सहयोगमा प्रदेशलाई चाहिने दक्ष जनशक्तिको माग प्रक्षेपण गर्ने र श्रम बजारको माग र आपूर्तिमा आउने परिवर्तनलाई सुक्ष्म रूपमा अध्ययन गर्ने कार्यहरू गरेको छैन । आवधिक योजनामा उल्लेखित कार्यक्रमहरू साधनस्रोत सहितको कार्यतालिका वनाइ कार्यान्वयन गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम कार्यान्वयन** : प्रदेश सभामा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरूको उद्देश्य पुरा गर्न वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक आर्थिक श्रोत, संगठन संरचना र जनशक्ति विकासको कार्ययोजना तयार गर्ने, प्रदेशहरूबीच अनुभव तथा सहयोग आदान प्रदान गर्ने, प्रदेशको विकासका लागि महत्वपूर्ण ठानिएका बढीमा १० वटा प्रादेशिक गौरवका आयोजनाहरू छनोट गर्ने, सबै

स्थानीय तहबाट पारित भएका कानुनको संकलन, अभिलेखांकन र विश्लेषण गरी सोको आधारमा स्थानीय तहलाई आवश्यक सुझाव दिने व्यवस्था मिलाउने, जिल्ला समन्वय समितिलाई अनुगमन र समन्वयको प्रभावकारी इकाईको रूपमा विकास गर्न सो सम्बन्धी नीति, निर्देशिका, मापदण्ड तर्जुमा गर्ने, प्रदेश सेवामा प्रवेश गर्ने सम्पूर्ण कर्मचारीहरूलाई आधारभूत तालिम दिने कार्यहरू कार्यान्वयन भएको देखिएन । यसमा सुधार हुनु पर्दछ ।

४. **बजेट बक्तव्यको कार्यान्वयन :** बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू मध्ये प्रदेश अन्तर्गतका सबै योजनाहरूलाई योजना बैंकमा समावेश गर्ने, प्रदेशमा जनशक्ति व्यवस्थापनका लागि प्रदेश निजामती सेवा ऐन तर्जुमा गर्ने, मन्त्रालयका सचिव र ठूला विकास आयोजनाका प्रमुखहरूबीच कार्यसम्पादन करार गर्ने कार्यहरू कार्यान्वयन भएको छैन । बजेट बक्तव्यमा उल्लेख गरेका कार्यहरू कार्यान्वयन हुनुपर्दछ ।

५. **वित्तीय स्थिति :** यस वर्ष कार्यालयको लागि रु.१४ करोड २ लाख ४३ हजार बजेट विनियोजन भएकोमा चालुखर्च रु.८ करोड ३४ हजार र पूँजिगतखर्च रु.१ करोड १० लाख ६८ हजारसमेत रु.९ करोड १३ लाख २ हजार (६५.१० प्रतिशत) खर्च भएको छ । लक्षित कार्यक्रम संचालन गरी खर्च दक्षता वृद्धि गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य :** दिगो विकासको नीति कार्यान्वयन गर्न निकायहरूबीच समन्वय लगायतका कार्य गर्न निर्देशक समिति गठन हुनु पर्नेमा गठन गरेको छैन् ।दिगो विकासका १७ लक्ष्य प्राप्तिका मध्यमकालीन खर्च संरचना अनुसार २०७६।७७ देखि २०७८।७९ सम्मका लागि बजेट व्यवस्था तथा प्रक्षेपण हुनु पर्नेमा २०७६।७७ का लागि मात्र रु.३६ अर्ब ४१ करोड ६८ लाख व्यय अनुमान गरेको छ । साथै दिगो विकास लक्ष्यका सूचक मापन गर्न प्रादेशिक तथ्याङ्क प्रणाली स्थापना नभएकोले अनुगमन तथा मूल्याङ्कन समेत भएको छैन । दिगो विकास लक्ष्य प्राप्तिका लागि बजेट व्यवस्था तथा नियमित अनुगमन मार्फत उपलब्धि मूल्याङ्कनसमेत गर्नु पर्दछ ।

७. **मध्यमकालीन खर्च संरचना :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा प्रदेश सरकारले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार हुनुपर्ने र दफा २२ मा बजेट प्रस्ताव गर्दा मध्यमकालिन खर्च संरचनालाई आधार लिनु पर्ने व्यवस्था छ । लुम्बिनी प्रदेश योजना आयोगले आर्थिक वर्ष २०७६।७७ देखि बजेट साथ पेश गरेको मध्यमकालिन खर्च संरचनामा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनलाई मूल लक्ष्य कायम गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक तथा विषय क्षेत्रगत लक्ष्य, गन्तव्य र सूचकहरू तोकिएका छन । संरचनामा उल्लिखित लक्ष्य, गन्तव्य र सूचकहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्ने संयन्त्र अभ्यासमा नआएकोले मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा आएको देखिएन । बजेट तर्जुमा तथा प्रतिवेदन प्रणालीमा मध्यमकालिन खर्च संरचनाको कार्यान्वयन हुनु पर्दछ ।

८. **आन्तरिक नियन्त्रण प्रणाली :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एकवर्ष भित्र लागु गरिसक्नु पर्ने तथा दफा ३१ अनुसार

आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन प्रमाणीकरण भएकोले २ वर्ष पूरा हुँदा समेत आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । साथै आन्तरिक नियन्त्रण समिति समेत गठन भएको छैन ।आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याई कार्य संचालन प्रभावकारी बनाउनुपर्दछ ।

९. **व्यवस्थापन परीक्षण** : प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरिएको हुनुपर्दछ । तर कार्यालयले व्यवस्थापन परीक्षणको प्रकृया अबलम्बन गरेको देखिएन । प्रदेश स्तरका सरकारी निकाय तथा स्थानीय तहहरू समेतको व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यान्वयन हुनुपर्दछ ।

१०. **सुविधा तथा मापदण्ड** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मुख्यममन्त्री तथा मन्त्रिपरिषद कार्यालयको कार्य जिम्म्वारीमा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीको भत्ता तथा सुविधा सम्बन्धी कानुन तर्जुमा गरेको भए तापनि कार्यालय व्यवस्थापन र कर्मचारीको सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण गरेको छैन । कर्मचारीहरूको सेवा सुविधाका सम्बन्धमा संघीय कानुनसँग बाझिने गरी कर्मचारीहरूलाई १५ देखि १०० प्रतिशतसम्म प्रोत्साहन भत्ता, इन्धन भत्ता, फिल्ड भत्ता, अतिरिक्त समय भत्ता तथा यातायात भत्तासमेतका भत्ता दिने तथा पदाधिकारीहरू स्वयंमले निर्णय गरी पोशाक भत्ता, इन्धन भत्ता आदि लिने गरेकोले सेवा सुविधामा विविधता देखिएको छ । अतः कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा गरी आर्थिक प्रशासनलाई पारदर्शी, व्यवस्थित, मितव्ययी र विधिसम्मत बनाउनु पर्दछ ।

मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम

आर्थिक तथा सामाजिक रूपमा विपन्न घरपरिवार वा व्यक्तिहरूको गुणस्तरिय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, प्रविधि हस्तान्तरण, सीप विकास, आय आर्जनका अवसरहरू तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत जीवनस्तर सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र स्थानीय तहबाट संचालन गर्ने मूख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम संचालनका लागि प्रदेश सरकार मन्त्रिपरिषदबाट २०७५/०५/३१ को निर्णयले मुख्य मन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम संचालन गरी रु.३९ करोड १७ लाख ३१ हजार खर्च गरेको छ । लेखापरीक्षणबाट निम्न व्यहोरा देखिएका छन् :

१. **परियोजना कार्यान्वयन :** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ को बुँदा नं. १५ देखि १९ सम्म कार्यक्रम सिफारिस समितिले छनौट गरेका कार्यक्रमको विवरण प्रथम चौमासिकभित्र व्यवस्थापन समितिमा पठाउने, व्यवस्थापन समितिले जाँचबुझ गरी २१ दिन भित्र स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाइमा पठाउनु पर्ने तथा एकपटक स्वीकृत भएको कार्यक्रम व्यवस्थापन समितिको स्वीकृती बेगर थपघट गर्न नपाइने व्यवस्था छ । यसैगरी आवश्यकता अनुसार रोजगार प्रवर्द्धन गर्ने, दीर्घकालीन प्रभाव पार्ने खालका कार्यक्रम छनौट गर्ने र कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई लागु गराउने व्यवस्था छ । कार्यविधिमा कार्यक्रम छनौट, स्वीकृति र कार्यान्वयन गर्ने समयावधि नतोकेकोले कार्यविधि संशोधन गरी तोक्नु पर्दछ ।

२. **कार्यक्रम कार्यान्वयन र प्रभाव** : आर्थिक वर्ष २०७५।७६ मा ३५ स्थानीय तहबाट कार्यारम्भ भएकोमा यो वर्ष ७३ स्थानीय तहमा कार्यान्वयनमा आएको छ । २०७५/७६ मा आवास निर्माण सहयोगमा ५२५ वटा, तालिम कार्यक्रम २ हजार ४४३, अभिमुखिकरण ९ हजार ६६७, सामाग्री वितरण ३२ हजार ७५०, शिविर संचालन ४ हजार १८० र अन्य २१७ समेत ४७ हजार ९१२ वर्ग लाभान्वित भएकोमा यो वर्ष आवास निर्माण १०५ वटा, तालिम कार्यक्रम ७ हजार ३९२, अभिमुखिकरण ५६ हजार ७६६, सामाग्री वितरण १ लाख २० हजार ५४, शिविर संचालन ९ हजार १५०, अन्य ३ हजार ५३६ र कोभिड १९ मा २३ हजार ९२० समेत २ लाख ३ हजार ९१३ वर्ग लाभान्वित भएका छन् ।

३. **कार्यक्रम अनुगमन/मूल्यांकन** : मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ को बुँदा २१, २२ र २३ अनुसार सञ्चालित कार्यक्रमको अनुगमन गरी कार्यक्रम सिफारिस समितिले मासिक प्रतिवेदन व्यवस्थापन समितिमा, व्यवस्थापन समितिले समन्वय इकाईमा पठाउनु पर्ने र समन्वय इकाईले वार्षिक अनुगमन प्रतिवेदन तयार गर्ने व्यवस्था रहेकोमा वार्षिक अनुगमन प्रतिवेदन तयार गरेको छैन । वार्षिक अनुगमन प्रतिवेदन तयार गरी भविष्यमा संचालन गरिने काममा सुधार गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** – यो वर्ष मातहतसमेत २ कार्यालयमा रु.४ लाख ३४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३२ हजार फर्स्यौट भई रु.४ लाख २ हजार बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची –१०** मा छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र अन्तर्गतका १४ इकाइको विनियोजन रु.३३ करोड ४५ लाख ३९ हजार राजस्व रु.६ अर्ब १८ करोड २० लाख र धरौटी रु.७१ लाख ९३ हजार समेत रु.६ अर्ब ५२ करोड ३७ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन् ।

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार कार्यान्वयन हुनुपर्ने कार्यहरू मध्ये प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने, राष्ट्रिय तथा अन्तरप्रदेश विकास आयोजनाको समन्वय, संघीय नीति अनुरूप सहवित्तीयकरण, प्रदेश आकस्मिक कोष स्थापना, प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य संचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण तयारी, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन, बीमा र बीमा व्यवसायको संचालन र व्यवस्थापन, प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको संचालन र व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम तर्जुमा गर्ने कार्य सुरु गरेको छैन। नियमावली अनुसारका कार्यहरू कार्यान्वयन हुनु पर्दछ।

२. **आवधिक योजना कार्यान्वयन :** प्रदेश आवधिक योजना (२०७६/७७-२०८०/८१) मा उल्लेख गरेका यस मन्त्रालयसँग सम्बन्धित कार्यहरू कार्यान्वयन हुनुपर्नेमा प्रदेशका बढी प्रतिफल दिने रणनीतिक आयोजनाहरू छनोट गर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी आवश्यकता अनुरूप प्रदेशस्तरीय सरकारी संरचनाहरूको स्थापना गर्ने, आयोजना तथा कार्यक्रमको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, सरकारी खर्चको सदुपयोग र प्रभावकारिता बढाउन नियमित अनुगमन गर्ने, आयोजना बैंक बनाई उच्च प्रतिफल दिने आयोजनाहरूमा आन्तरिक ऋण परिचालन गर्ने, आयोजना लक्षित ऋणपत्रहरू बिक्री गर्ने, उच्च प्रतिफल भएका आयोजनाहरूका लागि वैदेशिक सहयोगको खोजी गर्ने जस्ता कार्यहरू गरेको देखिएन ।आवधिक योजनामा उल्लिखित कार्यहरू कार्यान्वयन हुनु पर्दछ ।

३. **वार्षिक बजेट कार्यान्वयन :** प्रदेशको बजेट वक्तव्यमा उल्लेख भएका विषय तथा कार्यक्रमहरू मध्ये भैरहवा देखि लुम्बिनीसम्म मोनोरेल, स्वर्गद्वारीमा केवलकार निर्माण समेत महत्त्वपूर्ण १२ वटा आयोजनालाई लगानी बोर्ड मार्फत लगानी जुटाउने, प्रदेश योजना आयोग मार्फत प्रदेशमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने, परियोजना बैंक स्थापना गर्ने, तीव्र आर्थिक विकासका लागि लगानी सम्मेलनको आयोजना गर्ने, विदेशमा

रहेका नेपालीहरूको पूँजीलाई प्रदेशको विकासमा लगानी गर्न प्रेरित गर्ने, प्रदेशको समृद्धिका लागि सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन गर्ने आदि कार्यक्रमहरूको कार्यान्वयन भएको छैन। वार्षिक बजेटमा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्नु पर्दछ ।

४. **वित्तीय स्थिति** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(६) अनुसार प्रदेशले तयार गर्ने बित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था अनुरूप आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार हुनुपर्ने र दफा ४४ मा सार्वजनिक हुनुपर्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयकोलागि रु.७ करोड १८ लाख ८४ हजार बजेट विनियोजन भएकोमा चालुखर्च रु.३ करोड ४१ लाख ७० हजार र पूँजिगतखर्च रु.१ करोड २२ लाख ४६ हजारसमेत रु.४ करोड ६४ लाख १६ हजार (६४.५७ प्रतिशत) खर्च भएकोमा प्रतिवेदन तयार गरी सार्वजनिक गरेको पाइएन । मन्त्रालयले वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी मूल्याङकन गर्नुपर्दछ ।

५. **रकमान्तर** : प्रदेश कार्यविधि ऐन, २०७४ को दफा १७(१) अनुसार रकमान्तर गर्दा रकम नपुग हुने भएमा रकमान्तर वा थप बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ । यो वर्ष भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत विभिन्न जिल्लाका १२ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सडक र सिंचाई आयोजनाहरूमा असार १९ देखि २९ सम्म रु.५५ करोड ९५ लाख ३७ हजार बजेट व्यवस्था नगरी रकमान्तर गरी पहिले नै खर्च भएको रकमको लागि रकमान्तर गरी निकासा गरेको छ । बजेटमा व्यवस्था नगरी खर्च गर्ने र पछि रकमान्तर गराउने कार्य नियन्त्रण हुनुपर्दछ ।

६. **एकीकृत वित्तीय विवरण** : प्रदेश कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा कार्तिक मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था भएकोमा प्रदेश एकीकृत वित्तीय विववरण तयार गरेको छैन । ऐन बमोजिम एकीकृत वित्तीय विवरण तयार गरी पेश गर्नुपर्दछ ।

७. **ढुंगा गिट्टी वालुवाको कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च) को खण्ड ३ र ४ मा ढुंगा गिट्टी वालुवामा संकलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गरी प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँट हुने गरेको छ । उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२क थप गरेर ढुंगा गिट्टी बालुवा विक्रिबाट प्राप्त रकम स्थानीय संचितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको छ । सोही अनुरूप प्रदेश कानुन संशोधन हुनुपर्नेमा नगरेको कारणले सो करबाट संकलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरीत हुने गरी सङ्घीय मन्त्रिपरिषदले ढुंगा गिट्टी वालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त करमा प्रदेश र स्थानीय तहको साझा अधिकार नै कायम गरेको देखिए बाट थप अस्पष्टता सृजना गरेको देखियो ।यो वर्ष लुम्बिनी प्रदेशका १०९ स्थानीय तहमध्ये ३० स्थानीय तहले असुल गरेको रकमको ४० प्रतिशतले हुने रु.१६ करोड ९८ लाख ७० हजार प्रदेशलाई पठाएको छ भने अन्य स्थानीय तहहरूले असुल गरेकोमा पुरै

रकम आफ्नै संचितकोषमा राखेको छ । स्पष्ट कानुनी व्यवस्था गरी प्राकृतिक स्रोतको उपयोग हुनुपर्दछ ।

८. **अनुदानको प्रगति** : समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदानको एक चौथाईले हुन आउने रकम प्रत्येक आर्थिक वर्षको भदौ १०, कार्तिक १०, माघ १० र वैशाख १० गते भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत चार किस्तामा उपलब्ध गराइने उल्लेख छ । त्यस्तै स्थानीय तहले असोज, पौष र चैत्र मसान्त भित्र अघिल्लो किस्ता वापत रकमको भौतिक र वित्तीय प्रगति सोही कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्ने र प्रगति उपलब्ध नगराएका स्थानीय तहलाई बाँकी किस्ताको रकम हस्तान्तरण नगरिने उल्लेख छ । स्थानीय तहले मन्त्रालयमा त्यस्तो प्रगति विवरण पठाएको छैनन् । कार्यविधिको पालना गरी स्थानीय तहबाट भौतिक र वित्तीय प्रगतिको आधारमा अनुदान उपलब्ध गराउनु पर्दछ ।

९. **एकीकृत सम्पत्ति विवरण** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने रहेको छ । एकीकृत सम्पत्ति विवरण तयार गर्ने प्रयोजनको लागि सफ्टवेयर निर्माण गर्ने लक्ष्य भएता पनि सफ्टवेयर निर्माण नभएकोले प्रदेश स्थित सरकारी जग्गा, भवन, सवारी साधान, ल्यापटप तथा डेक्सटप कम्प्यूटर, फर्निचर लगायतका सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन । सरकारी सम्पत्ति संरक्षण, संभार तथा अनुगमनको लागि सम्पत्तिको एकीकृत विवरण तयार हुनुपर्दछ ।

१०. **वार्षिक कार्य सम्पादन प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९१ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार हुनुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार गरेको नदेखिएकोले सो प्रतिवेदन तयार हुनुपर्दछ ।

११. **बजेट सीमा र मार्गदर्शन** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार हुनुपर्नेमा प्रस्तावित बजेट अनुकूल हुने गरी तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । मार्गदर्शन र सीमा यथार्थपरक तथा पुष्ट्याईपरक हुनुपर्ने देखिन्छ । साथै बजेट तर्जुमा गर्दा नै दिगो विकास लक्ष्यसँग समन्वयन समेत हुनुपर्दछ ।

१२. **बजेट तथा कार्यक्रमको मूल्यांकन** : बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्था मूल्याङ्कन गरी सम्बन्धित मन्त्रालयले अर्धवार्षिक वा वार्षिक रूपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक हुनुपर्ने व्यवस्था छ । मन्त्रालयको राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान तथा विशेष अनुदान, मन्त्रालयको लागि प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको बारेमा मूल्याङ्कन गरी यथार्थ नतिजाको विवरण तयार हुनुपर्नेमा गरेको छैन । बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरण गर्ने व्यवस्था तोकिएको समयमा हुनुपर्दछ ।

१३. **प्रदेश आन्तरिक आय** : विनियोजन ऐन, २०७६ अनुसार कूल राजस्व रु.१४ अर्ब ८० करोड ६३ लाख अनुमान गरेकोमा रु.१० अर्ब १९ करोड ३२ लाख असूली भएको छ । प्राप्त गरेको राजस्व रकम अनुमानको तुलनामा ६९ प्रतिशत देखिएको छ । मूल्य अभिवृद्धि कर र अन्तःशुल्क शीर्षकमा रु.९ अर्ब ९१ करोड २३ लाख रहेकोमा संघबाट बाँडफाँट भई रु.६ अर्ब ६७ करोड २७ लाख प्राप्त भएको छ

जुन सुरु अनुमानको ६७ प्रतिशत हुन आउँछ । प्रदेश सरकारले आफ्नो आन्तरिक स्रोत तथा स्थानीय तह र मालपोत कार्यालयबाट बाँडफाँट गरी प्राप्त हुने राजस्वतर्फ रु.४ अर्ब ५९ करोड ४० लाख अनुमान गरेकोमा उक्त अनुमानको ७०.१६ प्रतिशत राजस्व प्राप्त भएको छ ।राजस्वको पूर्वानुमान वस्तुनिष्ठ तवरले हुन नसकेको, राजस्व प्राप्तिका वैकल्पिक श्रोतहरू पहिचान गरी आय वृद्धि गर्नेतर्फ कार्य योजना नबनाएको कारण राजस्व अनुमानभन्दा घटी राजस्व आम्दानी भएको छ । यसमा सुधार हुनुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभऐकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु हुनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ (२) बमोजिम आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक ऋण र अनुदान समेतको विवरण र आफ्नो क्षेत्रभित्रका स्थानिय तहको आर्थिक कारोबारको छुट्टा छुट्टै र एकीकृत विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले विभिन्न निकायहरूसँग समन्वय गरी प्रदेश संचितकोषको लेखा अद्यावधिक राख्ने तथा सोको एकीकृत वार्षिक वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश हुनु गर्दछ । प्रदेश सरकारको बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, आय-व्ययको अभिलेख राख्ने, प्रदेश सरकारका मन्त्रालय र सो अन्तर्गतका निकायहरूको आर्थिक प्रशासनको संचालन सम्बन्धमा निर्देशन दिने, आन्तरिक लेखापरीक्षण गर्ने गराउने कार्यहरू समेत सम्पादन गर्नुपर्दछ ।

१. **प्रदेश सञ्चितकोष** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको संचितकोषको एकीकृत लेखा तयार गरी राख्नुपर्ने उल्लेख छ । ऐनको व्यवस्था अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश संचितकोषको वार्षिक आर्थिक विवरण तयार गरी पेश गरेको छ । सो संचितकोषको सारांश देहाय अनुसार रहेको छ ।

(रु. हजारमा)

विवरण	यस आर्थिक वर्ष २०७६/७७	गत आर्थिक वर्ष २०७५/७६
प्राप्ति		
१. राजस्व तथा अनुदान	२७२७२०७२	२७४३९९९६
क. राजस्व	९७९९३०६	१०१३४९२२
अ. कर	८६०६३२६	७०१८५१५

आ. अन्य राजस्व	११९२९८०	३११६४०७
इ. प्राकृतिक श्रोत वापतको रोयल्टी	-	
ख. वित्तीय हस्तान्तरण बाट प्राप्त रकम	**१७०७८८७८**	**१७२५३२००**
अ. समानीकरण	७५४०१००	६८६९७००
आ. सशर्त	६९७७००	६९००००
इ. समपुरक	८२६५८१८	९६९३५००
ई. बिशेष	५७५२६०	०
ग. बेरूजु तथा अन्य प्राप्ती (बेरूजु रकम तथा अन्य रकम असुली बापतको प्राप्ति)	३९३८८८	५१८७४
२. यस वर्षको खुद प्राप्ती	**२७२७२०७२**	**२७४३९९९६**
भुक्तानी तर्फ		
३. चालु तथा पूँजीगत तर्फको भुक्तानी	२११७४७५७	१५१५४७८९
क. संचितकोष माथि व्ययभार हुने रकमबाट खर्च	४६५२	३५११
अ. चालु खर्च	**४६५२**	**३५११**
आ. पुंजीगत खर्च	०	०
ख. विनियोजन ऐनद्वारा भएको खर्च	२११७०१०५	१५१५१२७८
अ. चालु खर्च (अन्तर सरकारी वित्तीय हस्तान्तरण बाहेक)	**६४४८७९२**	**४९७८४४९**
आ. पुंजीगत खर्च	**१४७२१३१३**	**१०१७२८२९**
४. वित्तीय हस्तान्तरण	४२३२३१६	१८७९३३७
५. अन्तर सरकारी कारोबार/अनुदान		
६. अन्य कारोबारको समायोजन (बैंकबाट चेक भुक्तानी नभएको०	१४७६	७४३५
७. यस वर्षको जम्मा भुक्तानी ९३+४-६	२५४०५५९७	१७०२६६९१
८. संघीय सरकारलाई खर्च नभएको अनुदान फिर्ता गरेको	१०१०४०१	३७१८४७७
८. यस अवधिको कोषमा भएको थप घट (२-७-८	८५६०७४	६६९४८२८
९. आर्थिक वर्षको सुरूवातको मौज्दात	७५२४६६९	८२९८४१

द्रष्टव्य : *खर्च रकम मध्ये रु.१४ लाख ७६ हजारको चेक म्याद भित्र साटिएको छैन ।*

२. **लेखाङ्कन तथा प्रतिवेदन :** कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान (नेप्सास) को ढाँचा २०७५ मंसिरमा नै स्वीकृत भई सकेको छ । केन्द्रिय निकायहरूले स्वीकृत ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

३. **प्रदेश संचितकोष :** प्रदेश संचितकोषको लेखा परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१. प्रदेश सरकारको कुल खर्च रु.२५ अर्ब ४० करोड ७० लाख ७२ हजार रहेको छ । जुन वार्षिक शुरु विनियोजन रु.३६ अर्ब ४१ करोड ६८ लाखको तुलनामा ६९.७७ प्रतिशत रहेको छ ।

३.२. प्रदेश सरकारले २०७६।७७ मा संकलन गरेको राजस्व रु.१० अर्ब १९ करोड ३१ लाख ९४ हजारमध्ये विभाज्य कोषको आर्थिक विवरण अनुसार सवारी साधन कर रु.१ अर्ब ८५ करोड ३४ लाख ४ हजार उठेको मध्ये सोही वर्ष ९० करोड ९२ लाख ४६ हजार र २०७७।७८ मा रु.२० करोड २७ लाख ९६ हजार ट्रान्सफर गरेको छ । शीर्षकगत राजस्वको विवरण अनुसार संचितकोषमा २०७६।७७ मा रु.९० करोड ९९ लाख ५० हजार र २०७७।७८ मा रु.२० करोड २७ लाख ९६ हजार गरी रु.१ अर्ब ११ करोड २७ लाख ४६ हजार प्राप्त भई रु.७ लाख ४ हजार फरक परेको छ ।

फरक रकम एक गाउँपालिकाले सोझै प्रदेश संचितकोषमा जम्मा गरेकोले उक्त रकम प्रदेश विभाज्य कोषको आर्थिक विवरणमा समावेश छैन।

३.३. आर्थिक वर्ष ०७६/७७ मा संकलन भएको वन रोयल्टी, खानी तथा खनिज रोयल्टी, जलविद्युत रोयल्टी र पर्वतारोहण रोयल्टी वापत बाँडफाँट भई प्राप्त हुने रकमको विवरण महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएकोमा प्राप्त विवरणका आधारमा प्रदेश संचितकोषमा आम्दानी जनाइएको छ र बैंक हिसाब मिलान विवरण अनुसार रु.२९ करोड ७० लाख ६७ हजार रोयल्टी प्राप्त हुन बाँकी देखिन्छ । बाँकी रकम प्राप्त हुनु पर्दछ ।

३.४. आर्थिक वर्ष २०७६।७७ मा नेपाल सरकारबाट रु.१७ अर्ब ७ करोड ८८ लाख ७८ हजार अनुदान प्राप्त भएकोमा समपुरक अनुदान रू ८ अर्ब २६ करोड ५८ लाख १८ हजार (४८.४० प्रतिशत) रहेको छ।

३.५. सशर्त, समपुरक र विशेष अनुदान गरी रु.९ अर्ब ५३ करोड ८७ लाख ७८ अनुदान प्राप्त भएकोमा रु.८ अर्ब ५२ करोड ८३ लाख ७७ हजार (८९.४१ प्रतिशत) खर्च भई बाँकी रु.१ अर्ब १ करोड ४ लाख १ हजार संघीय संचितकोषमा फिर्ता गरेको छ । फिर्ता हुनुपर्ने रकम आर्थिक वर्षभित्रै सघीय संचितकोष दाखिला हुनु पर्दछ ।

३.६. प्रदेश लेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार आर्थिक वर्ष २०७६।७७ मा लुम्बिनी प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत रु.४ अर्ब २३ करोड २३ लाख १६ हजार १०९ स्थानीय तहमा हस्तान्तरण गरेको रकम चालु बजेटमा खर्च देखाएको छ ।

३.७. राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेको मध्ये प्रदेश तथा स्थानीय संचितकोषमा ट्रान्सफर हुन बाँकी रहेको रकमको अभिलेख राखेको छैन । अद्यावधिक अभिलेख तयार हुनु पर्दछ ।

४. **रकमान्तर :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा रकमान्तर सम्बन्धी व्यवस्था छ । साथै प्रदेश विनियोजन ऐन, २०७६ को दफा ३(३) मा रकम सार्दा जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी सार्न सकिने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार शुरु विनियोजन नै नभएको खर्च शिर्षकमा रकमान्तर गरेको तथा २१.५ देखि १८१.६ प्रतिशतसम्म रकमान्तरबाट थप गरेकोले विनियोजन ऐनको पालना भएको छैन । विनियोजन ऐनबाट खर्च गर्न स्वीकृत भएको रकम र एकीकृत आर्थिक विवरण अनुसार प्रत्येक निकायले गरेको खर्च देहाय अनुसार छः

(रु.हजारमा)

शीर्षकको नाम	विनियोजित रकम	यथार्थ खर्च	बढी खर्च	प्रतिशत
पर्यटन विकास तथा प्रवर्द्धन कार्यक्रम (चालु)	४८६७०	५९१३३	१०४६३	२१.५०
भौतिक पूर्वाधार विकास मन्त्रालय (संघ शसर्त अनुदान)	४५९७९०५	६३०११७२	१७०३२६७	३७.०४
सडक पूर्वाधार विकास कार्यालयहरू (पुँजीगत)	०	११७१२	११७१२	१००.००
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू (पुँजीगत)	०	२४३११	२४३११	१००.००
सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम (पुँजीगत)	९६२००	१४८९९१	५२७९१	५४.८८
जल उत्पन्न प्रकोप न्युनीकरण तथा व्यवस्थापन कार्यक्रम (पुँजीगत)	१७३७६८	४८९३२६	३१५५५८	१८१.६०
सहरी विकास तथा भवन कार्यालयहरू (पुँजीगत)	०	२६४८५	२६४८५	१००.००
खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू (पुँजीगत)	०	१७८६९	१७८६९	१००.००
खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम (पुँजीगत)	७००००	१०६१९३	३६१९३	५१.७०
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र (पुँजीगत)	१००००	१२७७४	२७७४	२७.७४
उच्च शिक्षा कार्यक्रम (पुँजीगत)	०	७९४	७९४	१००.००
अस्पतालहरू (पुँजीगत)	६७२००	९३१०६	२५९०६	३८.५५
आयुर्वेद औषधालयहरू (पुँजीगत)	३७५०	८२४०	४४९०	११९.७३

कुल जम्मा	५०६७४९३	७३००१०६	२२३२६१३	१०३२.७४

प्रदेश विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर हुनुपर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयहरूको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ३२(६) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा संपरीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत हुनु पर्ने व्यवस्था छ । यो प्रदेश अन्तर्गत १६६ वटा कार्यालय र १६ वटा समितिहरूसमेत जम्मा १८२ निकायको आन्तरिक लेखापरीक्षणबाट असूल उपर हुनुपर्ने रु.३ करोड ७८ हजार, नियमित हुनुपर्ने रु.९ करोड ७७ लाख ५४ हजार, र पेश्की बाँकी रु.१४ करोड ४७ लाख ८९ हजारसमेत कुल रु.२७ करोड २६ लाख २१ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म बेरुजु फर्स्यौंट गरेको छैन । आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु अन्तिम लेखापरीक्षण अगावै फर्स्यौंट गर्नेतर्फ जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६. **तलबी प्रतिवेदन :** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा १७(ख) मा तलब भत्ता भुक्तानी गर्दा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई खर्च लेख्न नपाइने र तलबी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने व्यवस्था छ । यो वर्ष प्रदेश अन्तर्गत रु.१ अर्ब ७६ करोड ४० लाख १२ हजार तलब खर्च लेखेकोमा रुपन्देही, नवलपरासी, कपिलवस्तु, रोल्पा, प्युठान, पाल्पा, गुल्मी र अर्घाखाँची जिल्ला स्थित कुनै पनि कार्यालयको तलबी प्रतिवेदन पारित गरेका छैनन् । निर्देशिकाको उल्लिखित व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ ।

- **बेरुजु स्थिति :** यो वर्ष मन्त्रालय र मातहतका १३ निकायको लेखापरीक्षणबाट रु.४ लाख १२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट गरेकोले फर्स्यौंट हुनुपर्ने लगती बेरुजु बाँकी रहेको छैन । यस सम्बन्धी विवरण **अनुसूची –१०** मा छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशको शान्ति सुव्यवस्था सम्बन्धी नीति, कानुन मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन, कानुन न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी कार्य, आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रर्वद्धन,स्थानीय प्रशासनको संचालन व्यवस्थापन र समन्वय लगायतका कार्य जिम्मेवारी रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २ इकाईको विनियोजन तर्फ रु.२६ करोड ५८ लाख २७ हजार, राजस्व रु.६२ लाख २२ हजार, धरौटी रु.३९ लाख ४१ हजार कार्यसंचालन कोष तर्फ रु.९ करोड ८७ लाख ८८ हजार समेत रु.३७ करोड ४७ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालयबाट संघ अन्तर्गतका ७८ निकायमा निकासा दिएको रु.१० करोड ३१ लाख ८१ हजार समेत विनियोजन खर्चमा समावेश छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयलाई तोकिएका जिम्मेवारी मध्ये प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन, सामुदायिक प्रहरी गठन, सरकारी प्रयोजनकालागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, जग्गा विवाद समाधान सम्बन्धी, प्रदेश स्तरमा तारयुक्त र तारराहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता र नियमन, साइवर सुरक्षा अनुगमन, केबुल वितरणको इजाजत, चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन लगायतका कार्य शुरुवात भएको छैन । प्राथमिकता निर्धारण र बजेट व्यवस्था गरी तोकिएको जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **कानुन निर्माण :** लुम्बिनी प्रदेश प्रथम आवधिक योजना (२०७६।७७–२०८०।८१) अनुसार मन्त्रालयबाट यो वर्ष विभिन्न २५ वटा नीति, ऐन र कानुन निर्माण गर्ने लक्ष्य रहेकोमा ११ कानुन तर्जुमा भएको छ ।आवधिक योजनाको वार्षिक लक्ष्य अनुसार बाँकी कानुन तर्जुमा हुनुपर्दछ ।

३. **आवधिक योजना कार्यान्वयन :** प्रदेशको आवधिक योजना २०७६।७७-२०८०।८१ मा समावेश भएका कार्यहरू प्रदेश प्रहरी संगठन स्थापना र संचालन, साईवर सुरक्षा र सुशासन अनुभूति सर्वेक्षण आदि कार्य भएको छैन । आवधिक योजनामा समावेश भएका कार्यहरू कार्यान्वयन हुनुपर्दछ।

४. **बजेट बक्तव्यको कार्यान्वयन :** यो वर्ष मन्त्रालयको वार्षिक बजेटमा समावेश भएका विपद् व्यवस्थापन प्रतिकार्य तालिम केन्द्रको स्थापना, मानव वन्यजन्तु द्वन्द न्यूनीकरण अध्ययन कार्य, विपद् व्यवस्थापन सामान भण्डारण केन्द्र स्थापना, प्रदेश सभा सदस्यका लागि कानुन तर्जुमा गोष्ठी कार्यक्रम, २० स्थानीय तहलाई प्रतिकार्य तालिम, प्रदेश फोरेन्सिक ल्याव स्थापना, प्रदेश स्तरीय डाटा सेन्टर स्थापना लगायतका कार्यहरू कार्यान्वयन गरेको छैन । मन्त्रालयको वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन हुनुपर्दछ।

५. **बजेट खर्च र प्रतिवेदन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(६) अनुसार प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था अनुरूप आर्थिक वर्ष

समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार हुनुपर्ने र र दफा ४४ मा सार्वजनिक हुनुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयको लागि रु.३८ करोड ४९ लाख ३५ हजार बजेट विनियोजन भएकोमा पूँजीगत खर्च रु.९४ लाख ६३ हजार र चालुखर्च १२ करोड ७७ लाख १५ हजारसमेत १३ करोड ७१ लाख ७९ हजार खर्च भएकोमा प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छैन । वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी मूल्याङ्कन गर्नु पर्दछ ।

६. **बजेट अबन्डा :** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० बमोजिम निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण र सोको प्रतिईकाई लागत समेतको आधारमा तयार भएको मध्यमकालीन खर्च संरचनामा आधारित रही आगामी आर्थिक वर्षको बजेट अनुमान हुनुपर्दछ । मन्त्रालयले उल्लिखित प्रावधान विपरित रु.२ करोड २५ लाख अबन्डा बजेट राखी २०७६ फागुन महिनामा सूचना प्रविधि प्रतिष्ठान गठन गर्न रु.५० लाख निकाशा दिएको छ । प्रथमिकता बेगरको काममा बजेट निकासा दिने कार्य नियन्त्रण गरी स्वीकृत आयोजना, कार्यक्रम र क्रियाकलाप अनुसार बजेट विनियोजन हुनु पर्दछ ।

७. **सामग्री मौज्दात :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा खरिद कार्यको आवश्यकता पहिचान हुनु पर्दछ। मन्त्रालयले पिपिई सेट २५० तथा मास्क ३५ हजार थान रु.१२ लाख ९७ हजारमा खरिद गरी मौज्दात राखेको छ । उक्त सामग्रीहरू प्रदेश मातहतका अस्पतालहरूमा हस्तान्तरण हुनुपर्दछ ।

८. **अधुरो कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार सम्झौता अनुसारको कार्य सम्पन्न भए पछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । रेडियो प्रशारण संघ दाङको भवन निर्माण गर्न रु.४१ लाख २९ हजारमा सम्झौता गरी झ्याल, ढोका, प्लास्टर, लगायतका कार्य वेगर रु.२३ लाख ७५ हजारको मात्र कार्य भएको अवस्थामा कार्यसम्पन्न प्रतिवेदन जारी गरेको छ । अधुरो निर्माण कार्य स्वीकार गरी कार्यसम्पन्न प्रतिवेदन जारी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

९. **सि.सि.टि.भि. को अवस्था :** सि.सि.टि.भी. जडान गर्न २०७५।७६ मा मन्त्रालय मातहतका १३ कार्यालयबाट रु.२ करोड ५९ लाख ९३ हजार खर्च भएकोमा सि.सि.टि.भी. जडान भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यहोरा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको थियो । यस वर्षको लेखापरीक्षण गर्दा मन्त्रालयसँग सि.सि.टि.भी. हरू संचालनको अवस्था माग गरिएकोमा ५ कार्यालयका ४६ थान सि.सि.टि.भी. मध्ये ३ मर्मत गर्नुपर्ने विवरण प्राप्त भएको छ । ८ कार्यालयमा जडान गरिएका सि.सि.टि.भी. को प्राप्त विवरणमा संचालन अवस्था खुलाएको छैन । मर्मत संभार समेत गरी सबै सि.सि.टि.भी. हरू संचालन गर्नु पर्दछ ।

१०. **यातायात व्यवस्थापन :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश भित्रको सडक सुरक्षाको जिम्मेवारी यस मन्त्रालयको रहेको देखिन्छ । प्रदेश भित्रको सडक सुरक्षा, यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रीको अध्यक्षतामा भौतिक पूर्वाधार विकास मन्त्री समेत रहेको समिति गठन भएतापनि यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन नियम तथा कार्यविधि तर्जुमा नभएकोले यातायात क्षेत्रको व्यवस्थापन तथा नियन्त्रण कार्य प्रभावकारी हुन सकेको छैन ।

११. **गैर सरकारी संघ संस्था** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश भित्रका गैर सरकारी संघ संस्थाहरूको अभिलेख र समन्वय गर्ने रहेको छ । सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले ऐन तथा नियमावली तर्जुमा गरेको देखिन्छ । संघीय सरकार मातहत रहेको सो कार्य प्रदेश सरकार अन्तर्गत आएपनि संघमा दर्ता र संचालन भएका गैरसरकारी संघ संस्थाको अभिलेख (इन्भेन्ट्री) प्रदेशमा प्राप्त हुन नसकेकोले मन्त्रालयमा अभिलेख अधावधिक हुन नसकेको र नयाँ गैर सरकारी संघसंस्था दर्ता कार्य पनि हुन नसकेको अवस्था छ । कार्य विभाजन नियमावलीले तोकेको जिम्मेवारी पूरा हुनुपर्दछ ।

१२. **विद्युतीय संचार** : प्रदेशस्तरको कार्य जिम्मेवारीमा विद्युतीय संचार माध्यम (रेडियो, एफ.एम.तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानुन र मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण गर्ने समेत रहेको छ । सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले प्रदेश प्रसारण ऐन, २०७५ जारी गरेको छ । प्रदेश प्रसारण नियमावली, २०७६ प्रदेश राजपत्रमा प्रकाशित भएको देखिएन । नयाँ विद्युतीय संचार माध्यम दर्ता कार्य शुरु नभएको, संघमा दर्ता भई संचालन रहेका विद्युतीय संचार माध्यमको अभिलेख प्राप्त भई नसकेकोले नियमन तथा अनुगमनको कार्य भएको देखिएन ।

१३. **ईन्टरनेट सेवाको अनुगमन** : प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेशस्तरका ईन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उल्लेख छ । यस सम्बन्धी ऐन नियम तर्जुमा नभएकोले ईन्टरनेट तथा अनलाइन सेवाको अनुगमन हुन सकेको छैन ।

१४. **आन्तरिक नियन्त्रण** : प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको ३ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु हुनुपर्दछ ।

- **बेरुजु स्थिति** : यो वर्ष मन्त्रालय र मातहत समेत २ निकायमा रु.५३ लाख १० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ३५ हजार फर्स्यौंट गरेकोले रु.५१ लाख ७५ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची –१०** मा छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, पर्यटन, वन तथा वातावरण सम्बन्धी कार्यका लागि आवश्यक नीति, कानुन, कार्यक्रम तथा योजनाहरू तयार गर्ने, औद्योगिक तथा व्यापार व्यवसायको प्रवर्द्धन, विकास र नियमन, पर्यटन विकासको लागि योजना निर्माण, पूर्वाधार विकास प्रवर्द्धन र नियमन, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन र नियमन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन, विज्ञान प्रविधिको उन्नयन र विकास, वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३५ निकायहरूको लागि विनियोजनतर्फ रु.२ अर्ब ७९ लाख ३६ हजार र राजस्व रु.५४ करोड ५५ लाख २५ हजार धरौटी रु.२८ करोड ८४ लाख ६१ हजार र कार्यसन्चालन कोषतर्फ रु.२१ करोड ८७ लाख ७६ हजारसमेत रु.३ अर्ब ६ करोड ६ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ ले मन्त्रालयलाई तोकेका जिम्मेवारीहरूमध्ये व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा, सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, औद्योगिक व्यवसाय नियमावली, सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति, संघीय मापदण्ड अनुसार स्ट्याण्डर्स् बर्गीकरण, गुणस्तर परीक्षण, वन अतिक्रमण नियन्त्रण तथा रोकथाम, वनसंरक्षण, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग, प्रविधि विकास र व्यस्थापन सम्बन्धी ऐन, नियम, नीति कार्यविधि एवं मापदण्ड तर्जुमा गरेको छैन । नियमावलीमा उल्लिखित व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

२. **कानुन तर्जुमा** : मन्त्रालयले प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार तर्जुमा गुर्नपर्ने कानुनहरू मध्ये बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन नियमावली, खानी अन्वेषण र व्यवस्थापन नियमावली, प्रादेशिक साहित्य र कला एकेडेमी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन तथा नियमावली, वन्यजन्तु व्यवस्थापन ऐन र नियमावली, विद्युत चोरी नियन्त्रण ऐन र नियमावली, भू तथा जलाधार संरक्षण ऐन र नियमावली तर्जुमा गरेको छैन । कानुन निर्माण गरी उल्लिखित कार्यहरू सम्पादन हुनुपर्दछ ।

३. **नीति तथा कार्यक्रम** : प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यहरूमध्ये उद्योग क्षेत्रलाई प्रोत्साहन, उद्यम विकास कोष स्थापना, उद्योगको लागि चाहिने दक्ष जनशक्ति उत्पादन, गुणस्तर परीक्षणलाई प्राथिमकता, खानीजन्य स्थानको पहिचान र उत्खनन, पहाडी जिल्लामा हिल स्टेसन निर्माण, वनजन्य कच्चा पदार्थमा आधारित उद्योग संचालन, श्रमिकको सामाजिक सुरक्षा व्यवस्था लगायतका कार्यक्रमहरू कार्यान्वयन गरेको छैन । कतिपय नीति तथा कार्यक्रम मन्त्रालयको वर्तमान क्षमता र अवस्थाले धान्न कठिन हुने खालका रहेका र कतिपय नीतिहरूलाई बजेटले सम्बोधन समेत नगरेको अवस्था छ । नीति तथा कार्यक्रममा उल्लेख गरिएका विषयहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **आवधिक योजना कार्यान्वयन** : प्रदेशको प्रथम आवधिक योजनामा उल्लेखित कार्यक्रमहरू मध्ये रुपन्देही, बाँके र दाङमा नयाँ औद्योगिक क्षेत्र स्थापना, वस्तुको आपूर्तिमा आउने व्यवधान न्यूनीकरण गर्न यथेष्ट

मौज्दात सहितको भण्डारण व्यवस्था, रोल्पा र रुकुम पूर्वका दुर्गम ठाँउहरूमा अत्यावश्यक वस्तुहरूको डिपो राख्ने, पर्यटन विकास परिषद गठन, सम्पदा संरक्षणका लागि आवश्यक कानूनी तथा संस्थागत संरचनाको व्यवस्था, भैरहवा–नेपालगञ्ज र पोखरा–नेपालगञ्ज हवाई उडान शुरु, वन तथा वातावरण सम्बन्धी नीति निर्माण, वन अपराधका क्रियाकलाप नियन्त्रण, जडिबुटी तथा सुगन्धित वनस्पतिको व्यावसायिक खेती प्रवर्द्धन, जडीबुटीको व्यावसायिक खेती तथा दिगो उत्पादनका लागि वनक्षेत्र लिजमा दिने नीति कार्यविधि तर्जुमा सम्बन्धी ऐन, नियम, कार्यक्रमहरू कार्यान्वयन भएको छैन ।कार्यन्वयन योग्य कार्यक्रमहरू मात्र आवधिक योजनामा समावेश गरी वार्षिक नीति तथा कार्यक्रम र बजेटमा सामान्जस्यता ल्याई कार्यान्वयन गर्नुपर्दछ ।

५. **बजेट बक्तव्यको कार्यान्वयन** : बजेट वक्तव्य २०७६/७७ मा उल्लेखित मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रम मध्ये यस वर्ष संचालन गर्ने उल्लेख भएका कार्यक्रम मध्ये निजी क्षेत्रसँग सहकार्य गरी स्वर्गद्वारीमा केवुलकार निर्माण गर्ने, प्रदेशभित्र लगानी मैत्री वातावरण सिर्जना गर्ने, नेपाल आयल निगमसँगको सहकार्यमा ग्याँस भण्डारण र बोटलिङ प्लान्टको स्थापना गर्ने, प्रत्येक स्थानीय तहमा उद्योगग्राम स्थापना गर्ने, एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम स्थापना गर्ने कार्यक्रमका लागि ६८ वटा डी.पी.आर तयार गर्ने, लगानीकर्ता प्रोत्साहनका लागि ठूला उद्योग स्थलसम्म पुग्ने सडक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकतामा राखी निर्माण र स्तरोन्नति गर्ने तथा उद्योगका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय र प्राविधिक शिक्षालयहरूसँग सहकार्य गर्ने आदि कार्यक्रमहरू संचालन गरेको देखिएन । बजेटलाई यथार्थपरक बनाई कार्यान्वयन गर्नुपर्दछ ।

६. **बजेट खर्च र प्रतिवेदन** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(६) अनुसार प्रदेशले तयार गर्ने बित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था अनुरूप आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार हुनुपर्ने र र दफा ४४ मा सार्वजनिक हुनुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयकोलागि रु.४० करोड ६४ लाख ८५ हजार बजेट विनियोजन भएकोमा पूँजीगत खर्च रु.५ करोड ६७ लाख ३२ हजार र चालुखर्च रु.७ करोड ३६ लाख २७ हजारसमेत १३ करोड ३ लाख ५९ हजार खर्च भएकोमा प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छैन । मन्त्रालयको वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी मूल्याङकन गर्नुपर्दछ ।

७. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार रु.२० लाख भन्दा बढीको मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा मन्त्रालयले रु.५ लाख भित्रको सीमामा रही पटक पटक रु.४१ लाख ४० हजारका फर्निचर तथा फिक्सचर सोझै खरिद गरेको छ । नियमावलीको व्यवस्था अनुसार बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

८. **सिन्डिकेट तथा कार्टेलिङ** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मेवारीमा व्यापार वाणिज्य क्षेत्रमा सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण गर्ने जिम्मेवारी समेत रहेको देखिन्छ । सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्वन्धि ऐन तथा नियमावली तर्जुमा भई नसकेकोले तत्सम्वन्धि कार्य हुन सकेको देखिएन । सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्वन्धि ऐन तथा नियमावली तयार गरी व्यापार तथा वाणिज्य क्षेत्रमा हुनसक्ने सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण हुनुपर्दछ ।

९. **टुरिजम हव :** प्राचीन सभ्यताको धरोहर, धार्मिक, साँस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक सम्पदाले सिंगारिएको यो प्रदेशले लुम्बिनी र नेपालगन्जलाई टुरिजम हवको रूपमा विकास गर्न भैरहवा देखि लुम्बिनी सम्म मोनोरेल निर्माण गर्ने र स्वर्गद्वारीमा केबुलकार निर्माण गर्ने विषय वार्षिक बजेट वक्तव्यमा उल्लेख भएकोमा वार्षिक कार्यक्रममा समावेश नगरेकोले कार्यान्वयन भएको छैन । बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू बार्षक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था हुनु पर्दछ ।

१०. **वन अतिक्रमण :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयले वन अतिक्रमण, नियन्त्रण र रोकथाम सम्वन्धि नीति, समन्वय र सहयोग गर्ने कार्य गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार मातहतका ६ डिभिजन वन कार्यालय अन्तर्गत १३ हजार ५९८ हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ । वन सम्बन्धी प्रादेशिक ऐन नियम तर्जुमा गरी अतिक्रमित वनलाई वनक्षेत्रमै फर्काउने तथा थप अतिक्रमण हुनबाट जोगाउनु पर्दछ ।

११. **वन डढेलो नियन्त्रण :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको जिम्मेवारीमध्ये वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धि नीति, समन्वय र सहयोग गर्ने कार्य समेत समावेश छ । मन्त्रालयको विवरण अनुसार यो वर्ष पाल्पा र पुर्वी रूकुम बाहेक अन्य १० जिल्लाका १९ स्थानमा १७०.१५ हेक्टर वन क्षेत्र डढेलोबाट क्षति भएको छ । वन डढेलो नियन्त्रण सम्बन्धी प्रादेशिक रणनीति तयार भएको छैन । वन डढेलो नियन्त्रण सम्बन्धि प्रादेशिक रणनीति तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरि डढेलो नियन्त्रण गर्नुपर्दछ ।

१२. **वैज्ञानिक वन व्यवस्थापन :** प्रदेशस्तरमा वैज्ञानिक वन व्यवस्थापन सम्वन्धि कार्य गर्न, वन क्षेत्रको पहिचान, वर्गिकरण, संरक्षण र व्यवस्थापन सम्वन्धि कार्य गर्न, जलाधार संरक्षण गर्न, भू-स्खलन नियन्त्रण लगायतका विभिन्न कार्य गर्न प्रादेशिक वन ऐन तथा नियमावली तर्जुमा भई नसकेकोले ती कार्य व्यवस्थित हुन सकेको छैन । ऐन, नियम तर्जुमा गरी वैज्ञानिक वन व्यवस्थापन हुनुपर्दछ ।

१३. **काठ, दाउरा व्यवस्थापन :** मन्त्रालयले काठ, दाउरा उत्पादन, विक्रि तथा मौज्दातको अभिलेख अद्यावधिक गर्नु पर्दछ । मन्त्रालयको राजस्वको आर्थिक विवरण अनुसार वन रोयल्टीबाट रु.२६ करोड ७० लाख ५५ हजार राजस्व प्राप्त भएको छ । काठ तथा दाउराको यो वर्ष हुने उत्पादन तथा बिक्रीको लक्ष्य नतोकेको भए तापनि वार्षिक प्रगति अनुसार यो वर्ष १७ लाख ८६ हजार ७७९ क्यू.फिट काठ र ३ हजार ७७१ चट्टा दाउरा उत्पादन भई १२ लाख ९० हजार ३६५ क्यूफिट काठ र २ हजार ९९० चट्टा दाउरा बिक्री भएको देखिन्छ । मन्त्रालयले काठ दाउराको अद्यावधिक लगत तयार नगरेकोले गतवर्षको मौज्दात परीमाण यकिन भएन । काठ दाउराको अद्यावधिक लगत तयार गरी वार्षिक उत्पादन र बिक्री लक्ष्य निर्धारण गरि कार्यान्वयन गर्नुपर्दछ ।

१४. **बिरुवा उत्पादन :** मन्त्रालयको वार्षिक प्रगति विवरणमा काठ जन्य २२ लाख ४५ हजार र जडीवुटी तथा गैर काठजन्य ५ लाख १ हजार गरी जम्मा २७ लाख ४६ हजार बिरुवा उत्पादन भई वितरण तथा रोपण गरिएको उल्लेख छ । मन्त्रालयले बिरुवा उत्पादन, वितरण तथा रोपण गर्ने जिल्लागत लक्ष्य र परिमाण तथा प्रगति स्थितिको अभिलेख नराखेकोले बिरुवा उत्पादन, वितरण एवं रोपणको जिल्लागत अवस्था एकीन गर्ने आधार भएन । बिरुवा उत्पादन, वितरण तथा रोपण गर्ने जिल्लागत लक्ष्य र परिमाण तथा प्रगति तयार गरि विश्लेषण गर्नुपर्दछ ।

१५. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष एव प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ । ऐन प्रमाणीकरण भएको ३ वर्ष वितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभएकोले तयार गरी लागु हुनुपर्दछ । यस सम्बन्धमा गतवर्ष समेत औंल्याइएकोमा सुधार भएको छैन ।

डिभिजन वन कार्यालयहरू

१६. **काठ दाउराको मौज्दात :** डिभिजन वन कार्यालय, बाँकेले उपलव्ध गराएको काठ दाउराको विवरणमा यस वर्षको काठको उत्पादन, बिक्री र मौज्दात उल्लेख गरिए पनि गतवर्षको मौज्दात उल्लेख गरेको छैन । यस वर्ष ६१८१८.९ क्यू.फिट काठ उत्पादन गरी ५१३९.२ क्यू. फिट बिक्री गरेर ५६६७९.६७ क्यू. फिट मौज्दात देखाएको छ । अघिल्लो वर्षको मौज्दात समेत देखिने गरी काठ र दाउराको अभिलेख राखुपर्दछ ।

१७. **लिज सम्झौता :** डिभिजन वन कार्यालय, घोराही, दाङ र एक सिमेन्ट उद्योगबीच २०७६ असोज ६ गते भएको सम्झौता अनुसार कार्यालयको कार्य क्षेत्रमा पर्ने ५ हेक्टर जमिन १५ वर्षको लागि उक्त उद्योगलाई लिजमा दिएको छ । लिजमा दिएको जग्गामा परेको २ हजार २२५ रुख काटेपछि ३९.७७ हेक्टर जमिनमा वृक्षारोपण गर्न तथा तारबारकोलागि कार्यालयले तयार पारेको लागत अनुमान अनुसार २०७६।९।२४ मा रु.६१ लाख ५० हजार रकम प्राप्त गरी कार्य संचालन कोषमा जम्मा गरेको छ । यो यस वर्ष वृक्षारोपण, संरक्षण, गोडमेल तथा स्याहार सम्भार, पुनःरोपण र हेरालुको पारिश्रमिक समेतमा रु.२४ लाख ५७ हजार खर्च गरी रु.३६ लाख ९३ हजार मौज्दात रहेको छ । यस्तो रकम खर्च गर्ने सम्बन्धमा कार्यविधि नभएकोले प्राप्त रकम राजस्व दाखिला गरी पुनः बजेट व्यवस्था गरेर वृक्षारोपण गर्नुपर्नेमा कार्य संचालन कोषमा राखि अनियमित रूपले खर्च गरेको छ । बाँकी रकम राजस्व दाखिला हुनुपर्दछ ।

१८. **बिरुवा उत्पादन :** डिभिजन वन कार्यालय प्युठानको स्वीकृत वार्षिक कार्यक्रममा १ लाख १५ हजार बिरुवा उत्पादन गर्ने लक्ष्य रहेकोमा विभिन्न ४ नर्सरीबाट १ लाख २० हजार बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न वितरण गरेको छ । प्रत्येक वर्ष गरिने वृक्षारोपणबाट वृक्षारोपणबाट हुर्केका बिरुवा र विस्तार भएको जंगलको अभिलेख राखी उपलब्धिको मूल्याङ्कन गर्नु पर्दछ ।

१९. **सामुदायिक वन उपभोक्ता समूह :** आयकर ऐन, २०५८ को दफा ७८ ले कुनै व्यक्तिको पहिचानको लागि आन्तरिक राजस्व विभागले स्थायी लेखा नम्बर जारी गर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, प्युठानद्वारा हस्तान्तरण भएका ४४४ वटा सामुदायिक वन उपभोक्ता समूह मध्ये कुनै पनि सामुदायिक वन उपभोक्ता समूह आयकरमा दर्ता भएको देखिएन । वन नियमावली, २०५१ को नियम २७ (६) अनुसार दर्ता हुने सामुदायिक वनहरू आयकर ऐन, २०५८ बमोजिम व्यक्तिको परिभाषा भित्र पर्ने हुँदा आयकर प्रयोजनका लागि स्थायी लेखा नम्बर लिन प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

२०. **बजेट विनियोजन** : उपभोक्ता समितिबाट पर्यटन पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गराउने कार्यविधि, २०७१ अनुसार कार्यक्रम छनौट गर्दा स्मृती प्रतिष्ठान भवन, मिटिङहल र शालिक निर्माणको योजना छनौट गर्न मिल्ने देखिँदैन । डिभिजन वन कार्यालय, रुपन्देहीले कार्यविधि विपरित पर्यटन पूर्वाधार कार्यक्रमबाट स्मृति केन्द्र तथा प्रतिष्ठानको भौतिक पूर्वाधारको लागि २ स्मृति केन्द्रलाई रु.७२ लाख भुक्तानी दिएको छ । कार्यविधिको पालना हुनुपर्दछ ।

२१. **साझेदारी बन व्यवस्थापन अनुदान** : साझेदारी वन व्यवस्थापन निर्देशिका, २०६८ अनुसार साझेदारी वन समुहलाई दिएको साझेदारी वन व्यवस्थापन कार्यक्रम अनुदानको उपयोगको प्रभावकारी अनुगमन हुनु पर्दछ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार यसवर्ष साझेदारी बन व्यवस्थापन कार्यक्रम अन्तरगत डिभिजन वन कार्यालय, रुपन्देहीलेले दुई वन समुहलाई रु.१ करोड १५ लाख र डिभिजन वन कार्यालय गौतम बुद्धले तीन वन समुहलाई रु.३ करोड ९४ लाख तथा कपिलबस्तुले दुई वन समुहलाई रु.२ करोड ४२ लाख ५० हजारसमेत रु.७ करोड ५१ लाख ५० हजार साझेदारी वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनकालागी सशर्त अनुदान दिएको छ । कार्यालयले साझेदारी वन समुहको कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा प्रगति विवरण तयार गरेको छैन । कार्यालयले सशर्त अनुदानको उपयोग स्थितिको अनुगमन तथा यकिन गरी यो वर्ष कार्यन्वयन नभएको खर्च असुल गर्नु पर्दछ ।

२२. **बढी कन्टिन्जेन्सी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) को १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, दाङले कुल निर्माण खर्च रु.७ करोड ६० लाख ३ हजारको ४ प्रतिशतले हुने रु.३० लाख ४० हजार कन्टिन्जेन्सी खर्च गर्न पाउनेमा ज्यालामा रु.५ लाख ६५ हजार, भ्रमण खर्चमा रु.७ लाख ७८ हजार निर्माणमा रु.१० लाख ६ हजार, मेसिनरी औजार खरिद ७ लाख १९ हजार र अन्य रू ८ लाख ४ हजार समेत रु.३८ लाख ८१ हजार खर्च गरेकोले रु.७ लाख ६० हजार बढी खर्च गरेको छ । नियमले तोकेको भन्दा बढी कन्टिजेन्सी खर्च गर्नेलाई कारवाही हुनुपर्दछ ।

- **बेरुजु स्थिति** : यो वर्ष मन्त्रालय र मातहतसमेतका २७ निकायमा रु.७ करोड ७२ लाख ४८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३२ लाख ६० हजार फर्स्यौंट गरेकोले रु.७ करोड ३९ लाख ८८ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रु.४७ लाख १२ हजार म्याद नाघेको पेश्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची –१०** मा छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा लुम्बिनी प्रदेश भित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य जिम्मेवारी रहेको छ ।

यो वर्ष मन्त्रालय र मातहतसमेत २६ निकायको विनियोजन रु.१ अर्ब ६९ करोड १७ लाख ६३ हजार, राजस्व रु.१ करोड ७८ लाख ५ हजार, धरौटी रु.८७ लाख १२ हजार र अन्य कारोबार रु.१ करोड ६३ लाख ९२ हजार समेत जम्मा रु.१ अर्ब ७३ करोड ४६ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम :** प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा व्यवस्था भएका कृषिकर्मी रोजगार कार्यक्रम, माछा बीमा तथा बजारीकरण कार्यक्रम, टिस्युकल्चर प्लान्ट स्थापना, प्रांगारिक पकेट क्षेत्र तोक्ने कार्य, तरल नाइट्रोजन सहितको प्रजनन् केन्द्र स्थापना, एक पालिका एक फर्म स्थापना लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन । नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम संचालन हुनुपर्दछ।

२. **आवधिक योजना :** लुम्बिनी प्रदेश आवधिक योजनामा समावेश भएका कार्यक्रम मध्ये बाली विशेष स्रोत केन्द्रको स्थापना, कृषि सम्बन्धी प्रादेशिक तथ्यांक प्रणालीलाई व्यवस्थित एवम् अद्यावधिक, भूमि बैंकको स्थापना, कृषि उपजको अन्तरप्रदेश तथा अन्तरदेशीय व्यापारका लागि प्रदेश स्तरीय नीति निर्माण, कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्ने, पशु कल्याण ऐन तर्जुमा, भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन, भूमिको तथ्याङ्क संकलन र विश्लेषण, सहकारी संस्थाको अनुगमन लगायतका कार्यहरूको कार्यान्वयन शुरु गरेको देखिएन ।आवधिक योजनामा समावेश गरेका जिम्मेवारीहरूको कार्यान्वयन हुनुपर्दछ।

३. **बजेट वक्तव्यको कार्यान्वयन** : यो वर्षको बजेटमा समावेश भएका कार्यक्रम मध्ये कृषकलाई सुलभ कर्जा, कृषकसँग विद्यार्थी, टिस्यु कल्चर स्थापना, खाद्य भण्डारण गृह तथा सामुदायिक बीउ बैंक स्थापना, उत्कृष्ट कृषक तथा सहकारीलाई प्रादेशिक पुरस्कार प्रदान गर्ने, किसान कल सेन्टर स्थापना गर्ने कार्यक्रम संचालन भएको छैन।मन्त्रालयले वार्षिक बजेटमा समावेश भएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

४. **बजेट खर्च र प्रगति** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(६) अनुसार प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था अनुरूप आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने र दफा ४४ मा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयकोलागि रु.५६ करोड ७८ लाख १७ हजार विनियोजन भएकोमा पूँजीगत खर्च रु.२३ लाख ७४ हजार र चालुखर्च रु.२७ करोड ९५ लाख २६ हजारसमेत रु.२८ करोड १९ लाख १ हजार खर्च भएकोमा प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छैन । वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी मूल्याङकन गर्नु पर्दछ ।

५. **दरबन्दी र पदपूर्ति :** मन्त्रालयमा स्वीकृत दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार विभिन्न तहमा ७३ पदको दरवन्दी रहेकोमा २७ पदपूर्ति भई ४६ रिक्त देखिन्छ । लोकसेवा आयोगको स्थापनामा ढिलाई भएको र आयोगले काम गर्ने कानुनको समेत अभाव रहन गई स्थायी पदपूर्ति हुन नसक्दा पदहरू रिक्त छन् । उपरोक्त पक्षहरूको व्यवस्थापन गरी स्थायी पदपूर्ति गर्नु पर्दछ।

६. **अनुदान वितरण :** कृषि व्यवसायको लागि कृषिमन्त्री कार्यक्रम संचालन निर्देशिका, २०७५ मा प्रदेश अन्तर्गतका १२ जिल्लामा कार्यक्रम लागू हुने उल्लेख भएकोमा मन्त्रालयबाट उपलव्ध गराएको अनुदान वितरण विवरण अनुसार कपिलवस्तु, बाँके, रुपन्देहीका २३ कृषक तथा सहकारी संघ संस्थाहरूलाई मात्र पम्पसेट, वोरिङ लगायतका सामग्रीहरू खरिद गर्नको लागि रु.२४ लाख ३८ हजार अनुदान वितरण गरेको छ । मन्त्रालयबाट कार्यक्रम संचालनका लागि सूचना आव्हान समेत नगरी ३ जिल्लामा मात्र अनुदान वितरण भएकोले १२ वटै जिल्लालाई समेट्ने गरी कार्यक्रम संचालन हुनुपर्दछ ।

७. **शीत भण्डार अनुदान :** आर्थिक वर्ष २०७५।७६ को वार्षिक नीति तथा कार्यक्रम अनुसार शितभण्डार निर्माण कार्यका लागि मन्त्रालयबाट २०७६।७७ मा निर्माण सम्पन्न ४ र निर्माणाधिन ६ समेत १० शीतभण्डारका निर्माणका लागि रु.४ करोड ६ लाख ४७ हजार अनुदान उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् :

७.१. शीत भण्डार निर्माण अनुदान कार्यविधी २०७५ को दफा ११ (ग) अनुसार अनुदान प्राप्त गर्ने संस्थाको नाममा जग्गा भएको वा २० वर्षको जग्गाको भोगाधिकारको करारनामा पत्रको प्रतिलिपी पेश हुनु पर्नेमा सोको प्रमाण संलग्न नरहेको तथा दफा ११ (घ) अनुसार मेशीनरी आपुर्तीका लागि मन्त्रालय, उपभोक्ता र आपुर्तकबीच त्रिपक्षीय सम्झौता गरी मेशिनरी सामाग्री आपूर्ति हुनुपर्नेमा सो बमोजिम सम्झौता भएको छैन ।

७.२. यसैगरी कार्यविधीको दफा १० क, ख अनुसार शीत भण्डारमा प्रयोग हुने मेसिनरी सामाग्रीहरू राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ब्रान्ड भएको हुनुपर्ने, मेशिनरी सामाग्रीको घटीमा एक वर्षको वारेन्टी तथा कम्तीमा पाँच वर्षसम्म सर्भिस ग्यारेन्टी भएको हुनुपर्ने उल्लेख भएकोमा २ सहकारी संस्थाबाट खरिद भएका रु.८३ लाख ९० हजारका मेशनरी औजारको राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ब्रान्ड खुलेको तथा सर्भिस वारेन्टी खुल्ने प्रमाण कागजात बेगर भुक्तानी गरेको छ ।

७.३. कार्यविधिको दफा ११ (च) अनुसार अनुदान पाउने सहकारी संस्थाहरूले समूह सदस्यहरूलाई सुलभ सेवा दिनुपर्ने व्यवस्था भएकोमा मन्त्रालयबाट २०७६।७७ मा विभिन्न ५ निजी तथा नाफामूलक संस्थाहरूलाई शीतभण्डार निर्माणको लागि रु.४४ लाख ९३ हजार अनुदान उपलब्ध गराएकोले कृषक तथा लाभग्राही समुदाय त्यसबाट लाभान्वित हुनसक्ने अवस्था नदेखिँदा सुधार हुनुपर्दछ ।

७.४. कार्यविधिको दफा १५ (क, ख) अनुसार प्रदेशस्तरमा संचालित कार्यक्रमको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट तथा जिल्ला स्तरमा संचालित कार्यक्रमको सम्बन्धित कृषि ज्ञानकेन्द्र र स्थानीय तहबाट अनुगमन तथा मुल्याङ्कन गरी सोको प्रतिवेदन माथिल्लो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा मन्त्रालयबाट सम्झौता भई संचालनको तयारीमा रहेकामध्ये २०७६।७७ मा १९ करोड

६२ लाख लागत अनुमानका ८ शीतभण्डार निर्माणका लागि ८ जिल्लाका ८ पालिकालाई रु.१४ करोड ७० लाख अनुदान उपलब्ध गराएकोमा मन्त्रालय, कृषि ज्ञानकेन्द्र र स्थानीय तहहरूले अनुगमन गरी प्रतिवेदन पेश भएको छैन । अनुदान दिने निकायले अनुगमन गर्नुपर्दछ ।

८. **कृषियन्त्र अनुदान :** कृषियन्त्र अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०७६ मा अनुसार कृषियन्त्र अनुदान कार्यक्रम अन्तर्गत एक उद्योगसँग ५० प्रतिशतको लागत साझेदारीमा रु.१ करोड १० लाख लागत अनुमानको थोपा सिंचाई पाइप उद्योग स्थापना सम्बन्धी सम्झौतामा ३ वर्षसम्म ३ वर्षसम्म उद्योग बन्द वा बिक्री वितरण गर्न नपाइने व्यवस्था छ । यो वर्ष उक्त कार्यको लागि रु.४६ लाख ९३ हजार अनुदान भुक्तानी दिएकोमा सम्पत्ति बिक्री गर्न नपाउने गरी राखेको छैन।यसैगरी सम्झौतामा उत्पादन बिक्रीमा प्रदेशका कृषकलाई ५ प्रतिशत छुट दिने, रोजगारीमा ५० प्रतिशत प्रदेशका बासिन्दा हुनुपर्ने शर्त भएकोमा सो व्यवस्था कार्यान्वयन स्थितिको अनुगमन गरेको छैन । अनुदानको अनुगमन गरी सोको उपलब्धि मापन गर्नु पर्दछ ।

९. **अनुदानको अनुगमन :** लुम्बिनी प्रदेश सरकार अनुदान व्यवस्थापन एकीकृत मार्गदशन, २०७६ को दफा १४(१) अनुसार अनुदान रकमबाट संचालन हुने कार्यक्रम पारदर्शी र प्रभावकारी भए नभएको सम्बन्धमा मन्त्रालय वा निकायले द्वैमासिक रूपमा अनुगमन गर्नु पर्नेमा मन्त्रालय तथा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय रुपन्देही, कृषि ज्ञान केन्द्र गुल्मी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र घोराही, दाङसमेत ७ निकायबाट ४१९ कृषि फर्म, सहकारी संस्था तथा व्यक्तिलाई रु.८ करोड ३ लाख १९ हजार अनुदान उपलब्ध गराईएको छ । अनुदान रकमबाट भएका कामको अनुगमन गरेको छैन । मन्त्रालयले उपलब्ध गराएको अनुदानको तोकिएबमोजिम अनुगमन गरी कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन हुनुपर्दछ।

१०. **भूमि तथा गुठी व्यवस्थापन कार्यक्रम :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा जग्गाको प्रादेशिक अभिलेख, गुठी जग्गा नापी, सरकारी जग्गा भाडामा दिने लगायतका १० कार्य समावेश छ । गुठी तथा भूमि व्यवस्था सम्बन्धी कार्य गर्न वार्षिक कार्यक्रममा विभिन्न १४ क्रियाकलापका लागी रु.१२ करोड ६९ लाख ५० हजार विनियोजन भएकोमा जग्गा चक्लाबन्दि अध्ययन, भुमि बैङ्क स्थापना, एकीकृत बसोवास कार्यक्रम, अतिक्रमित जग्गा अध्ययन, भूमिसुधार सम्बन्धि अध्ययन विश्लेषण, गुठी सम्बन्धी तथ्याङ्क सुचना तथा डिजिटल अभिलेख लगायतका रु.१२ करोड १६ लाख ४ हजारका विभिन्न ८ क्रियाकलाप संचालन भएका छैनन् । वार्षिक बजेट तथा कार्यक्रममा समावेश कार्यक्रम संचालन हुनुपर्दछ ।

११. **सहकारी विकास कोष :** प्रदेश सहकारी ऐन, २०७६ को दफा ८९ अनुसार सहकारी मार्फत ऋण परिचालन गरि कृषि उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण गर्दै रोजगारी प्रवर्द्धनका लागी रु.१५ करोडको कोष स्थापना भएको छ । सहकारी विकास कोष परिचालन कार्यविधी,२०७७ को बुदा ३ अनुसार तोकिएका क्षेत्रहरूमा प्रदेश सहकारी नियमावली २०७७ को नियम ५५ बमोजिमको सिमा भित्र ऋण परिचालन गर्ने व्यवस्था भएकोमा यो वर्ष कोषबाट ऋण प्रवाह नभई मौज्दात रहेको छ । ऐन नियमावलीको उद्देश्य अनुसार कोष परिचालन गरिनुपर्दछ ।

१२. **सहकारी तथा गरिवी निवारण कार्यक्रम :** मन्त्रालयलाई सुम्पिएको कार्य जिम्मेवारी अनुसार प्रदेश भित्र संचालनमा रहेका सहकारी संस्थाहरूको नियमन हुनुपर्दछ । प्रदेशभित्र गतवर्ष सम्म ६६१ सहकारी संस्था

रहेकोमा यस वर्षको अद्यावधिक विवरण तयार गरेको छैन । मातहत कार्यालय स्थापना गरी सोही कार्यालय मार्फत सहकारी संस्थाहरूको दर्ता, नवीकरण, अनुगमन र नियन्त्रण हुनुपर्ने व्यहोरा गत विगतको लेखापरिक्षणमा समेत उल्लेख भएकोमा स्थिति सुधार भएको छैन। यसै गरि वार्षिक बजेटमा समावेश भएको सहकारी व्यवस्थापन सुचना प्रणाली स्थापना, उत्कृष्ट सहकारी पुरस्कृत कार्यक्रम, आय आर्जनका लागि नमुना सहकारी गाँउ स्थापना, कोपोमिक्स तालिम गरिवी निवारणका लागी लक्षित वर्ग आय आर्जन विशेष कार्यक्रम लगायतका रु.६ करोड ४० लाखका विभिन्न १६ क्रियाकलाप क्रियाकलाप संचालन भएका छैनन् । वार्षिक कार्यक्रममा समावेश गर्ने तर कार्यक्रम संचालन नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

१३. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायि अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणिकरण भएको ३ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभएकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु हुनुपर्दछ ।

कृषि ज्ञान केन्द्र

१४. **स्मार्ट कृषि गाउँ कार्यक्रम** – स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन कार्यविधि, २०७६ को दफा (६) मा स्मार्ट कृषि गाउँ छनौटका मापदण्डहरूमा ५० बिगाहा जमिन क्लष्टरमा हुनुपर्ने, कम्तिमा ५० घरधुरी हुनुपर्ने, ५० प्रतिशत भन्दा बढी घरधुरीले खेती गर्ने बढीमा २ बाली मध्ये मुख्य १ बाली छनौट हुनुपर्ने व्यवस्था रहेको छ । कार्यविधिको दफा ७ (६) मा कार्यक्रम संचालन भएका गाउँमा चार वर्षसम्म प्रदेश सरकारको योगदान २५ प्रतिशतले क्रमशः घटाउँदै लगी चौथो वर्षमा पूर्णरूपमा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्न कार्ययोजना तयार गरी सम्झौता तथा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा तपसिलका व्यहोरा देखिएका छन् :

१४.१. स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन गर्न नवलपरासीका ४ र रुपन्देहीका ६ गरी १० वटा स्मार्ट गाउँ कार्यक्रम कार्यान्वयनका लागि प्रति गाउँ लागत अनुमान रु.४८ लाख ७५ हजार मध्ये कार्यालयले रु.३७ लाख ५० हजारका दरले अनुदान दिने गरि ७ वटा गाउँ संचालक समितिसँग रु.२ करोड ६२ लाख ५० हजारको सम्झौता भएकोमा खुद खर्च रु.७८ लाख ७५ हजार मध्ये कार्यालयले रु.५६ लाख ३६ हजार भुक्तानी दिएको छ । छनौट भएका १० मध्ये नवलपरासी पश्चिमका २ र रुपन्देहीका १ समेत ३ वटा कार्यक्रममको सम्झौता नै भएन । यसै गरी कार्यान्वयन भएका ५ स्मार्ट गाँउमा सम्झौता बमोजिम रु.७७ लाख ९१ हजार लागत अनुमानका गोवर ग्याँस निर्माण, कृषि उपज केन्द्र निर्माण तथा धान खेती तालिम समेत विभिन्न ५४ क्रियाकलापहरू कार्यान्वयन गरेको छैन । लागु गरेको कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

१४.२. कृषि ज्ञानकेन्द्र, गुल्मीका ३ स्मार्ट गाउँमा रु.१ करोड ३४ लाख ३० हजार र बाँकेका ६ स्मार्ट गाँउमा रु.१ करोड ५५ लाख ८७ समेत रु.२ करोड ९६ लाख ८७ हजार, स्मार्ट गाउँले पेश गरेको अधुरो कार्ययोजनाकै आधारमा सम्झौता तथा भुक्तानी गरेको छ ।

१५. **अनुपातिक कट्टी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले गर्नुपर्ने कार्यको सम्झौता अनुसार अनुपातिक अशं कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा कृषि ज्ञानकेन्द्र, अर्घाखाँचीले ४ उपभोक्ता समितिलाई अनुपातिक अंश कट्टा नगरी रु.१० लाख ७० हजार बढी भुक्तानी दिएको छ ।

१६. **पटक पटक अनुदान** – प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम संचालन कार्यविधि (ब्लक/पकेट) २०७३ अनुसार उत्पादनमुलक तथा रोजगारमुलक लगानी गरी अधिकांश जनताहरूलाई फाइदा हुने र दोहोरो नपर्ने गरी कार्यक्रम संचालन हुनुपर्नेमा कृषि ज्ञानकेन्द्र, गुल्मीबाट विभिन्न ४ सहकारी संस्थालाई २ देखि ३ पटकसम्म रु.९८ हजार देखि ६ लाखसम्म वितरण गरि रु.४ लाख ४६ हजार दोहोरो अनुदान वितरण गरेको छ । सरकारी पक्षबाटै कार्यविधि पालना नगरिने कार्य नियन्त्रण हुनुपर्दछ ।

- **बेरुजु स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतका २४ निकायमा रु.४ करोड २० लाख २१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३९ लाख १३ हजार फर्स्यौट गरेकोले रु.३ करोड ८१ लाख ८ हजार बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको सडक, उर्जा, विद्युत, सिंचाई, खानेपानी भवन तथा सहरी विकास, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ४८ ईकाइको विनियोजन रु.१३ अर्ब ६ करोड ८४ लाख ६१ हजार, राजस्व रु.२ अर्ब ४१ करोड ३० लाख, धरौटी रु.१ अर्ब २२ करोड ७१ लाख ५८ हजार र अन्य कारोबार रु.१० लाख ३७ हजारसमेत रु.१६ अर्ब ७० करोड ९६ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखारीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन् ।

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयलाई तोकिएका कार्यहरू मध्ये ऊर्जा, विद्युत, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन, राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण संचालन, सम्भार र व्यवस्थापन, प्रदेश स्तरमा जलाधार संरक्षण तथा जल उपयोग, प्रविधिको विकास र व्यवस्थापन, मौसम र जलमापन, सञ्चार व्यवस्थापन, जल गुण तथा वायु गुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन र रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन सम्बन्धी नीति, नियमन, मापदण्ड तर्जुमा लगायतका कार्यहरू गरेको छैन । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **आवधिक योजना :** बजेट व्यवस्थापन गरी आवधिक योजनामा उल्लेख गरेका कार्यहरू कार्यान्वयन गर्नु पर्दछ। प्रदेशको प्रथम आवधिक योजनामा यस मन्त्रालयसँग सम्बन्धित काम मध्ये ताल तथा पोखरी संरक्षण, बृहत दाङ उपत्यका जलस्रोत आयोजना, प्रादेशिक विद्युत विकास, प्रसारण लाइन, वन हातेमालो, जलविद्युत प्रवर्द्धक प्रोत्साहन अनुदान, जलाशययुक्त आयोजना, सौर्य ऊर्जा सहरी विकास मापदण्ड तथा निर्देशिका, जग्गा एकीकरण, बहुउद्देश्यीय भवन निर्माण, आधुनिक बसपार्क लगायतका कार्यक्रम वार्षिक बजेटमा समावेश नभएकाले कार्यान्वयन भएका छैनन् । प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम :** प्रदेश सभाको बैठकमा पेश गरेको प्रदेशको नीति तथा कार्यक्रमका व्यवस्थाहरू बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नु पर्दछ। मन्त्रालयले प्रादेशिक यातायात व्यवस्था नीति, विपद व्यवस्थापन नीति, सडक सुरक्षा नीति, प्रादेशिक जलस्रोत, प्रादेशिक विद्युत, प्रादेशिक सहरी विकास तथा आवास, प्रादेशिक पुनर्वास तथा पुनर्स्थापना नीतिका साथै प्रादेशिक सडक ऐन, प्रादेशिक विद्युत ऐन, सडक सुरक्षा ऐन, प्रादेशिक जलस्रोत ऐन लगायतका नीति तथा ऐन तर्जुमा गरेको छैन । नीति तथा कार्यक्रम र बजेटबीच समन्वय कायम गरी ती व्यवस्थाहरू कार्यान्वयन गर्नु पर्दछ ।

४. **बजेट कार्यान्वयन :** मन्त्रालयसँग सम्बन्धित प्रदेश सरकारको यस वर्षको बजेट बक्तव्यमा उल्लेख भएका कार्यसम्पादन करार तथा प्रोत्साहन कोषको स्थापना तथा संचालनको तयारी, सार्वजनिक-निजी साझेदारीमा

रोजगार कोषको स्थापना, विशिष्ट व्यक्ति आवास कार्यक्रमको लागि आवश्यक नीति निर्माण तथा निर्देशिका तयार गर्ने, प्रदेश राजधानी तथा अन्य जिल्लाहरूमा उपयुक्त स्थानहरूको छनोट गरी आवासहरूको विस्तृत डिजाइन तथा परियोजना प्रतिवेदन तयार गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन् । बजेट बक्तव्यमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी बनाउनु पर्दछ ।

५. **वित्तीय प्रतिवेदन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(६) अनुसार प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था अनुरूप आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार हुनुपर्ने र र दफा ४४ मा सार्वजनिक हुनुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयको लागि रु.१ अर्ब ८६ करोड ९५ लाख ५१ हजार विनियोजन भएकोमा पूँजीगत खर्च रु.५ करोड ४४ लाख १० हजार र चालुखर्च रु.४ करोड ४४ हजारसमेत रु.९ करोड ४४ लाख ५४ हजार खर्च भएकोमा प्रतिवेदन तयार गरी सार्वजनिक गरेको पाइएन । वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी मूल्याङ्कन गरिनु पर्दछ ।

६. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय बाँके र बर्दिया, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देही र बाँके, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय प्युठान र गुल्मीले बोलपत्रको माध्यमबाट गर्नु पर्ने सडक तथा सिंचाई संरचना निर्माण, खानेपानी पाइप तथा फिटिङ्गस खरिद कार्यको लागत अनुमान टुक्रा टुक्रा पारी प्रतिस्पर्धा वेगर सोझै निर्माण कार्य गराई रु.८ करोड ५६ लाख ७२ हजार भुक्तानी दिएको छ । प्रतिस्पर्धाको माध्यमद्वारा खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नु पर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची नियम १० को १ अनुसार कार्यालयले लागत अनुमान तयार गर्दा बढीमा ४ प्रतिशत कन्टिन्जेन्सी समावेश गरी खर्च गर्न सक्ने व्यवस्था छ । यस वर्ष मन्त्रालय अन्तर्गत सडक पूर्वाधार विकास कार्यालयहरू कपिलवस्तु, दाङ र बाँके, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू रुपन्देही, दाङ, पाल्पा, प्युठान र बाँकेले रु.४ करोड ५८ लाख ६३ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्चको अभिलेख ठेक्कागत रूपमा राख्नुपर्नेमा नराखी खर्च गर्ने प्रवृत्तिले नियन्त्रण पक्ष कमजोर रहेको छ । नियमित बजेटमा रकम व्यवस्था गरिएका कार्यालय सामान, मर्मत, भ्रमण खर्च, इन्धन जस्ता कार्यमा समेत कन्टिन्जेन्सीबाट खर्च गर्ने गरेको छ । कन्टिन्जेन्सी खर्च गर्दा कार्यविधि बनाई खर्च गर्नु पर्दछ ।

सडक पूर्वाधार विकास कार्यालयहरू

८. **मूल्य समायोजन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) अनुसार निर्माण व्यवसायीको ढिलाइको कारणबाट सम्झौता बमोजिमको अवधिभित्र कार्य सम्पन्न नभएमा मूल्य समायोजन दिन मिल्ने देखिँदैन । उक्त व्यवस्थालाई बोलपत्र तथा सम्झौताको कागजातहरूमा समावेश गरेको छैन । सडक पूर्वाधार विकास कार्यालय, रुकुम (पूर्व) को सानी भेरी (तरवारा) मोटरेवल पुल निर्माण कार्य निर्माण व्यवसायीको कारणबाट ढिलाइ भई म्याद थप भएको अवस्थामा पनि मूल्य समायोजन रु.२४ लाख ४२ हजार भुक्तानी दिएकोले थप व्ययभार परेको छ । कानुनको उक्त व्यवस्था सम्झौतामा समावेश गरिनुपर्दछ ।

९. **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न गर्न नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । ठेक्का सम्झौतामा भेरियशन आदेश र कावु वाहिरको परिस्थिति सिर्जना भएमा वाहेक अन्य कारणले म्याद थप नहुने र त्यस्तो अवस्थामा पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

९.१. सडक पूर्वाधार विकास कार्यालय, शिवपुर, कपिलवस्तुको तम्घास-रेसुङ्गा सडक स्तरोन्नतिको कवोल अंक रु.१३ करोड ४५ लाख ८३ हजारको कार्य २०७५।९।३० मा सम्पन्न गर्नेगरी २०७४।३।३० मा, तम्घास-सिमलटारी सडक निर्माण गर्ने कार्यको कवोल अंक रु.५ करोड ६३ लाख ७६ हजारको २०७६।१२।३० मा सम्पन्न गर्ने गरी ०७१।३।३१ मा, परासी झुगा ललितपुर वरवा सडक स्तरोन्नति कार्यको कवोल अंक रु.१ करोड ५० लाख ८५ हजार (मूल्य अभिवृद्धि कर वाहेक) को २०७४।३।३१ मा सम्पन्न गर्ने गरी २०७२।४।७ मा सम्झौता भएको छ । उक्त निर्माण कार्यको म्याद समाप्त भएको क्रमशः ५३ दिन, ९३ दिन र १९ महिना हुदाँसम्म म्याद थप भएको छैन् । तम्घास-सुरमटारी सडक निर्माण गर्ने ठेक्कामा ५ र तम्घास-रेसुङ्गा सडक स्तरोन्नति ठेक्कामा २ पटक म्याद थप गर्दा समेत भौतिक प्रगति ८५ प्रतिशत र ५८ प्रतिशत मात्र भएको र परासी झुगा ललितपुर वरवा सडक स्तरोन्नति कार्यको ठेक्का सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भएको १९ महिनासम्म पनि कार्य सम्पन्न नभएकाले निर्माण व्यवसायीबाट अत्यधिक ढिलाई भएको देखिंदा उक्त तीन सडकका निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति रु.७६ लाख ९६ हजार असुल गरी कार्यालय प्रमुखहरूलाई जिम्मेवार बनाउनुपर्दछ ।

९.२. सडक पूर्वाधार विकास कार्यालय, प्युठानको सुकौरा-बैबाङ्ग सडक स्तरोन्नति कार्यकालागि कवोल अंक रु.३ करोड २८ लाख ७० हजारको २०७३।०७।१० मा सम्पन्न गर्ने गरी मिति २०७२।०४।११ मा सम्झौता भएकोमा ३ पटक म्याद थप गर्दासमेत ३७ प्रतिशत मात्र भौतिक प्रगति भएको र काम चालु नरहेको, सुलीचौर-थवाङ सडक स्तरोन्नति कार्यका लागि कबोल अंक रु.३९ लाख १२ हजारको २०७१।२।२३ सम्म सम्पन्न गर्ने गरी २०७०।१।२४ मा सम्झौता भएकोमा भौतिक प्रगति ४० प्रतिशत मात्र भएको, म्याद थप नभएको तथा कार्य अघि नवढेको र फत्तेपुर वैजापुर सडक स्तरोन्नति कार्यका लागि कबोल अंक रु.४२ लाख २६ हजार (मू अ कर वाहेक) को २०७५।३।१५ मा कार्य सम्पन्न गर्ने गरी २०७४।१२।२२ मा सम्झौता भएकोमा भौतिक प्रगति ५१ प्रतिशत मात्र भएको, म्याद थप नभएको र काम चालु नरहेको अवस्था छ । ठेक्काको काम छोड्ने तीन निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति रु.४१ लाख असुल गरी बाँकी काम सम्वन्धित निर्माण व्यवसायीबाट गराउनु पर्दछ ।

९.३. सडक पूर्वाधार विकास कार्यालय, गुल्मीको चिलाङ्दी-चापपानी-राम्दी सडक निर्माण गर्न मिति २०७४।९।१९ मा सम्पन्न गर्ने गरी रु.६ करोड ६४ लाख ९६ हजारमा मिति २०७३।६।४ मा सम्झौता गरी प्रथम र दोस्रो पटक गरी १ वर्ष ७ महिना २३ दिन म्याद थप भएको छ । दोस्रो पटक मन्त्रालयका सचिवबाट पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने गरी म्याद थप गरेर रु.१८ लाख ९२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेकोमा तेस्रो पटक ९ महिना ६ दिन म्याद थप गर्दा सो क्षतिपूर्ति नलाग्ने गरी २०७६।११।१४ मा म्याद थप गरेको छ । दोस्रो पटक म्याद थप गरेको निर्णयबाट ठेक्का अंकको १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने भएकोले निर्माण व्यवसायीबाट रु.४७ लाख ५७ हजार नपुग पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी बाँकी काम गराउनु पर्दछ ।

९.४. सडक पूर्वाधार विकास कार्यालय, गुल्मीको तम्घास नेटा सडकको २ कि.मी. कालोपत्रे गर्नको लागि एक निर्माण व्यवसायीसँग कबोल अंक रु.३ करोड ३२ लाख ४९ हजारको २०७७।३।१५ सम्म सम्पन्न गर्ने गरी २०७६।१०।२८ मा सम्झौता भएको छ । यो वर्ष दोस्रो रनिङ बिलसम्म रु.१ करोड ४० लाख ३ हजार भुक्तानी भएको छ । निर्माण कार्यको शुरु म्याद ४.५ महिना रहेकोमा २०७७।९।१५ सम्म ६ महिना थप गरेकोमा भएपनि थप अवधिमा पनि काम गरेको छैन । समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट ठेक्का अंकको १० प्रतिशतले रु.३३ लाख २४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी बाँकी काम सम्वन्धित निर्माण व्यवसायीबाट कार्य सम्पन्न गराइनु पर्दछ ।

१०. **एक ठेक्काको काम पूरा नहुँदै अर्को ठेक्का :** सडकको ग्राभेल गर्ने ठेक्काको काम सम्पन्न नभई सोही सडकको कालोपत्र गर्ने ठेक्का लगाउनु हुदैन । सडक पूर्वाधार विकास कार्यालय, शिवपुर कपिलवस्तुको वेलवास नुवाकोट सडकको चेनेज ०+००० देखि १०+५०० सम्म सडक ग्राभेल गर्न एक निर्माण व्यवसायीसँग रु.१२ करोड ९३ लाख २२ हजारमा सम्झौता भई सो ठेक्काको म्याद दुई पटक थप गरी कार्यसम्पन्न गर्नुपर्ने म्याद २०७६।१२।३० सम्म रहेको अवस्थामा पुनः सोही चेनेजमा कालोपत्रे र नाली निर्माण गर्ने कार्यका लागि अर्को निर्माण व्यवसायीसँग यो वर्ष रु.९ करोड २७ लाख ५१ हजारको खरिद सम्झौता भएको छ । पहिलो ठेक्काको काम पूरा नभएकोले दोस्रो ठेक्काको काममा ढिलाई भई २८ प्रतिशत मात्र प्रगति तथा १३ महिना म्याद थप भएको छ ।

११. **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपका लागि निवेदन दिनुपर्ने र भेरिएसन आदेश वा काबु वाहिरको परिस्थितिमा मात्र म्याद थप गरिने र नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइका कारण निर्धारित समयमा कार्य सम्पन्न नभएको भए पूर्व निर्धारित क्षतिपूर्ति लगाइ म्याद थप गरिने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय, शिवपुर कपिलवस्तुले एक निर्माण व्यवसायीसँग रुद्रवेनी वामिटक्सार सडक स्तरोन्नतिका लागि कवोल अंक रु.१० करोड १७ लाख ५३ हजार भएकोमा अन्तिम पटक उल्लेख गरी तेस्रो पटक २०७६।४।३० मा काम सम्पन्न गर्ने गरी म्याद थप भएकोमा पुनः २०७७।२।३० सम्म म्याद थप गर्दा सम्झौतानुसार निर्माण व्यवसायीद्वारा कार्यतालिका अद्यावधिक नगरेको, म्याद थप गर्नुपर्ने घटनाको पूर्व सूचना नदिएको र कामको दैनिक कार्य अभिलेख नराखेको साथै निर्माण व्यवसायीको कारण ढिलाइ नभएको भन्ने यकिन नगरि पुनःम्याद थप गरेको छ । अन्तिम पटक उल्लेख गरी म्याद थप गरेकोमा एक पटक भई सकेको निर्णय कार्यान्वयन नगरि पुनः म्याद थप गरेकोले निर्णयकर्तालाई जिम्मेवार बनाउनु पर्दछ ।

१२. **अधुरो निर्माण कार्य :** सम्झौतानुसार भेरिएसन आदेश वा काबु बाहिरको परिस्थितिको कारणबाट मात्र ठेक्काको म्याद थप गर्न सकिन्छ । सडक पूर्वाधार विकास कार्यालय, शिवपुर कपिलवस्तुको वेलवास नुवाकोट सडक स्तरोन्नती कार्यको कवोल अंक रु.१२ करोड ९३ लाख २२ हजार को २०७३।४।१४ मा सम्झौता भई २०७६।१२।३० सम्म, वुटवल नुवाकोट सडक सुधार कार्यको कवोल अंक रु.९ करोड २७ लाख ५१ हजार को २०७४।४।१३ मा सम्झौता भई २०७७।१०।१३ सम्म, परासीझुंगा सडक सुधार कार्यको कवोल अंक रु.१० करोड ७० लाख ४६ हजार को २०७४।४।१० मा सम्झौता भई २०७५।३।२४ सम्म, तम्घास खाम्सेपानी नयागाउँ नादी

सडक स्तरोन्नती कार्यको कवोल अंक रु.६ करोड ३७ लाख ५ हजार को २०७१।३।३१ मा सम्झौता भई २०७७।९।१३ सम्म, माडिफाँट पाल्पा सडक स्तरोन्नति कार्यको कवोल अंक रु.६७ लाख ९० हजार को २०७४।७।१५ मा सम्झौता भई २०७६।१२।३० सम्म ठेक्काको म्याद रहेकोमा त्यस पछि म्याद थप भएको छैन। उक्त ५ निर्माण कार्यको कुल ठेक्का अंक रु.३९ करोड ९६ लाख १४ हजार रहेकोमा पटक पटक गरी ठेक्का अविधको २५ देखि ८० प्रतिशत सम्म म्याद थप गर्दा पनि रु.२१ करोड २० लाख ३१ हजारको काम बाँकी रही ठेक्काहरू अधुरा रहेका छन् । कार्यतालिका अनुसार कार्य नगर्ने, बीचबीचमा काम छोड्ने र कुनै आर्थिक वर्षमा काम नगरेको कारण ती ठेक्काहरूको काम अधुरो रहन गएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र नियमावलीको नियम १२८ अनुसार निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।

१३. **निर्माण स्थलको तयारी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको वातावरणीय अध्ययन, जग्गा प्राप्ति र रुख कटान गरेपछि बोलपत्र आव्हान गर्नुपर्दछ । सडक पूर्वाधार विकास कार्यालय, घोराही, दाङले विजौरी हाडिमे स्यालापानी डुविङ सडक निर्माण कार्यकोलागि २०७५।७६ मा रु.१५ करोड रुख हटाउनु पर्ने कारण देखाई बजेट फिर्ता गरेकोमा २०७६।७७ मा रु.१३ करोड १२ लाख ३८ हजारमा ठेक्का सम्झौता गरेपनि वातावरणीय प्रभाव मूल्याङ्कन र रुख कटानको काम गरेको छैन । त्यस्तै सडकको भोगाधिकार निर्धारण नगरी सडक निर्माणको ठेक्का आह्वान गरेको देखियो। निर्माणस्थलमा पर्याप्त पूर्व तयारी गरेपछि मात्र सडक निर्माणको ठेक्का सम्झौता गर्नुपर्दछ ।

१४. **त्रुटीपूर्ण डिजाइन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता तयार गर्नुपर्ने तथा दफा ५ र ५(क) बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्ने व्यवस्था छ । त्यस्तै दफा ५ (क)(२) मा बिशेष कारण बाहेक स्वीकृत डिजाइन संशोधन गर्नु पर्दा त्रुटिपूर्ण डिजाईन गरेको कारण खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारबाहिको भागिदार हुने व्यवस्था छ । पुलको डिजाइन गर्नु अघि विगतदेखिको बाढीको तथ्याङ्क, निर्माणस्थलको भौगोलिक अवस्थिति, प्राविधिक पक्षहरू र खोला डाइभर्सन गर्नसक्ने स्थिति विचार गरी पुलको प्रकृति, लम्बाइ, चौडाइ र उचाइ निर्धारण गर्नुपर्दछ । सडक पूर्वाधार विकास कार्यालय, गुल्मीको बडागाँउ र वामीलाई जोड्न बडीगार्ड खोलामा ५५ मिटर लामो प्रि स्ट्रेस पुल निर्माण गर्न रु.५ करोड १७ लाख ८४ हजारमा २०७५।३।२७ मा सम्पन्न गर्ने गरी २०७३।०३।२७ मा तत्कालिन जिल्ला विकास समिति र निर्माण व्यवसायीबीच सम्झौता भई २०७६।०७७ सम्म रु.३ करोड १५ लाख ८० हजार भुक्तानी भएकोमा २०७४ असार र साउनमा आएको बाढीले पुलको क्याप नजिक पुरेको कारण देखाइ प्रथम पटक पुलको लम्बाई १.३ मिटर र उचाई २.४६ मिटर बढाई डिजाइन संशोधन गरेको थियो । संशोधित डिजाइन अनुसार पुल निर्माण गर्दै जाँदा २०७६ बैशाखमा डेक स्लाब ढलानको क्रममा भत्किएको र २०७७ बैशाखमा आएको बाढीले पुलको सुपर स्ट्रकचर पुनः भत्कन गई त्यसको वैकल्पिक डिजाइन स्वीकृतिको क्रममा रहेकोले हाल निर्माण कार्य बन्द छ । पुलको संशोधित डिजाइन समेत त्रुटिपूर्ण भएकोले निर्माण कार्य पुनः क्षति हुन गएको छ । उक्त पुलको डिजाइन गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनु पर्दछ ।

१५. **बढी भुक्तानी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ अनुसार कार्यालय र निर्माण व्यवसायीबिच भएको ठेक्का सम्झौताको बिल अफ क्वान्टिटीमा उल्लेख गरि व्यवसायिले दिएको छुट कट्टा गरी भुक्तानी दिनुपर्नेमा सडक पूर्वाधार विकास कार्यालय गुल्मीको एक निर्माण व्यवसायीलाई निस्ती खोला पुल निर्माणको रकम भुक्तानी दिँदा ४.५ प्रतिशत छुट रु.६ लाख ९० हजार कट्टा नगरी भुक्तानी गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

१६. **घटी पेश्की कट्टी :** ठेक्का सम्झौताको सि.नं. ५७(३) अनुसार ठेक्काको काम ३० प्रतिशत भन्दा बढी भएपछि प्रत्येक रनिङ बिलको ४० प्रतिशतका दरले पेश्की फर्स्यौट गर्ने व्यवस्था छ । सो अनुसार सडक पूर्वाधार विकास कार्यालय, बाँकेको खजुरा धनौली चौकीदेखि नेपालगञ्ज गौघाट हुलाकी जोडने सडकको निर्माण व्यवसायीलाई भुक्तानी दिएको रु.१ करोड ७३ लाख ५५ हजारको बिलबाट रु.६९ लाख ४२ हजार पेश्की कट्टी गर्नुपर्नेमा रु.२० लाख ३५ हजार मात्र कट्टा गरेकोले रु.४९ लाख ७ हजार घटी कट्टी गरेको छ । त्यसै गरी सडक पूर्वाधार विकास कार्यालय, बर्दियाको भुरिगाँउ नेउलापुर गोदाना सुख्खड ठाकुरद्वारा सडक निर्माणको सम्झौता अनुसार रु.३३ लाख ७४ हजार पेश्की कट्टी गर्नुपर्नेमा रु.२० लाख कट्टी गरेकोले रु.१३ लाख ७४ हजार घटी कट्टी गरेको छ । खरिद सम्झौता विपरित घटी पेश्की कट्टा गर्ने कार्यमा सुधार हुनुपदर्छ। सम्झौताको पालना नगर्ने अधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१७. **एकै पटक पेश्की भुक्तानी :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क.१ र ५२क.२ मा सार्वजनिक निकायले पहिलो पटक स्वीकृत पेश्की रकमको आधा र कार्य प्रगतिका आधारमा आधा गरी खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय, बर्दियाले भुरिगाँउ नेउलापुर गोदाना सुख्खड ठाकुरद्वारा सडक निर्माणको मू.अ. कर र पी.एस. वाहेकको कवोल अंक रु.१ करोड ६६ लाख ४९ हजारको शुरुमै एकै पटक २० प्रतिशत भन्दा बढी हुने गरी रु.३३ लाख ७४ हजार पेश्की दिएको छ । ऐनको उल्लिखित व्यवस्थाको अनुशरण नगरि खर्च लेख्रे अधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१८. **निर्माण कार्यको गुणस्तर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ्ग बिलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्बन्धित अधिकारीले ३० दिनभित्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय बर्दियाले ५ ठेक्काका निर्माण व्यवसायीको अन्तिम बिल भुक्तानी गर्दा गुणस्तर आस्वस्त हुन नसकेको कारण रु.२५ लाख ५० हजार कट्टा गरेको छ । गुणस्तर सुनिश्चित नभई भुक्तानी गर्नु मनासिव देखिएन ।

१९. **गुणस्तर परीक्षण :** सडक निर्माण कार्यको सम्झौता स्पेसिफिकेसन तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय, बाँकेले पिपरहवा खजुरा गाउँपालिकाको जलपोखरी हुँदै शिवपुरी सैगुन सीमा सडक स्तरोन्नति कार्यको प्रथम रनिङ्ग बिलको रु.१२ लाख ८३ हजार भुक्तानी दिँदा सडकको बाँध निर्माण कार्यको माटो भर्ने कामकोलागि नापी किताबको कुल परिमाण ३७६४.३३ घन.मि. बाट अपर्याप्त कम्प्याक्सन भएको उल्लेख गरी २० प्रतिशतले हुने ७५३ घन.मि. घटाई बाँकीको भुक्तानी भएको छ । प्रयोगशाला परीक्षण वेगर कम्प्याक्सनको स्तर निर्धारण गर्न नसकिने भएकोले पुनः डिजाइन अनुसार कम्प्याक्सन गराउनु पर्दछ ।

२०. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले त्रुटी सच्याउने अवधि १२ महिनासमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय, रुपन्देहीले गराएका निर्माण कार्यमा रु.१९ करोड ९९ लाख ६१ हजार ठेक्का अंकका ८ ठेक्काको निर्माण कार्य मध्ये १ ठेक्काको बीमा नगराएको, ४ ठेक्काको बीमाको प्रमाण नभएको र ३ ठेक्काको त्रुटी सच्याउने अवधिभन्दा घटी अवधिको बीमा गराएको देखियो । नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण कार्यको बीमा गराई जोखिम न्यूनीकरण गरिनु पर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

२१. **उपभोक्ता समितिबाट खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप, प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने प्रावधान रहेको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुपन्देही र प्युठानले २० सम्झौताबाट रु.४ करोड ३ लाख २२ हजारको पाइप तथा फिटिङ्सहरू उपभोक्ता समिति मार्फत खरिद गरेको छ । उपभोक्ता समिति मार्फत खरिद कार्य अनियमित देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२२. **पाइप तथा फिटिङ्गस मौज्दात** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क), ७ र ८ अनुसार खरिद आवश्यकताको पहिचान गरी खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाई खरिद गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुपन्देही, दाङ्ग, पाल्पा, गुल्मी, र प्यूठानले आवश्यकताको पहिचान नगरी पाइप तथा फिटिङ्गस् खरिद गरेकोले आर्थिक वर्षको अन्तमा रु.२२ करोड ६ लाखको मौज्दात रहेको देखिन्छ। कार्यलयले न्युनतम मौज्दात तोकि बढी नहुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

२३. **घटी पाइप जडान** : कार्यालयले खरिद गरी जिन्सी खातामा आम्दानी बाँधेका सामानहरू सम्बन्धित काममा प्रयोग भएपछि मात्र खर्च घटाउनु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू दाङको रु.४ करोड ३ लाख ४३ हजार, बाँकेको ८३ लाख ८२ हजार, प्युठानको रु.३ करोड १६ लाख ६३ हजार र रुपन्देहीको रु.२५ करोड ११ लाख १५ हजारसमेत रु.३३ करोड १५ लाख ३ हजारको पाइपहरू खानेपानी योजनाहरूमा जडान नगरेको र नापी किताबमासमेत प्रविष्ट नगरी जिन्सी किताबबाट खर्च लेखेको देखियो । यसरी खर्च गर्दा पाइप खर्चको नियन्त्रण पक्ष कमजोर हुन गएको छ । प्रचलित जिन्सी लेखाप्रणालीको पालना नगर्ने कार्यालय प्रमुखहरूलाई यस प्रति जिम्मेवार र जवाफदेही बनाइनु पर्दछ ।

२४. **अधुरा ठेक्काहरू** : निर्माण सम्पन्न गर्नुपर्ने अवधि भित्र सम्पन्न नगरिएका र बजेट कम विनियोजन गरेको कारण लामो समयसम्म अधुरो रहेका खानेपानी योजनाहरूको सम्बन्धमा निम्न व्यहोराहरू देखिएका छन् :

२४.१. सार्वजनिक खरिद नियमावलीको नियम १२८ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,

रुपन्देहीले २०७३।२।२ मा हाटी वनगाईमा ओभरहेड टंकी निर्माणका लागि एक निर्माण व्यवसायीसँग रु.९२ लाख ९० हजारमा खरिद सम्झौता गरेको छ । म्याद थप समेत कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७५।०७।०१ सम्म रही २०७४।७५ सम्म रु.३७ लाख ३३ हजारको भुक्तानी भई काम अधुरो छोडेको र तत् पश्चात म्याद थप समेत भएको छैन । उपर्युक्त कानूनी व्यवस्था अनुसार निर्माण व्यवसायीबाट रु.९ लाख २९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुली गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२४.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुपन्देहीबाट सञ्चालित आयोजनाहरू मध्ये २०६५।६६ देखि २०७१।०७२ सम्म शुरु भएका रु.२ अर्ब ९ करोड ३२ लाख लागत अनुमानका ३५ आयोजनाहरूको हालसम्मको भौतिक प्रगति १.७६ देखि ६९.२५ प्रतिशत रही अधुरा रहेका छन् । ती आयोजनाहरूमा २०७६।७७ सम्म रु.१ अर्ब ६० करोड ७७ लाख ७० हजारको (७७ प्रतिशत) काम बाँकी छ । नपुग बजेट विनियोजन, नयाँ योजनामा प्राथमिकता र कार्यान्वयन क्षमताको कमिले ती आयोजनाहरू अधुरा रहन गएको हुँदा खर्च भएको रकमबाट प्रतिफल प्राप्त हुन नसकेकोले पुराना आयोजनाहरूलाई पहिलो प्राथमिकता दिई अधुरो काम सम्पन्न गरिनु पर्दछ ।

२५. **खर्च प्रभावकारीता** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ । गनापुर १-९ खानेपानी योजनाको डिप वोरिङ्ग निर्माण गर्न खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके र निर्माण व्यवसायीबीच रु.२५ लाख २२ हजारमा खरिद सम्झौता गरी ड्रिलिङ्ग कम्पनीले ड्रिलिङ्ग र लगिङ्ग कार्य सम्पन्न गरे पछि लगिङ्ग रिपोर्टमा शुद्ध पानी आउने सुनिश्चितता नभएको देखाई हालसम्म भएको कामको कार्य सम्पन्न गरी रु.२० लाख ७३ हजार भुक्तानी दिएको छ । विस्तृत सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका स्थानमा मात्र कार्यक्रम कार्यान्वयन गरी बजेटको समुचित उपयोग हुनु पर्दछ ।

२६. **खानेपानीको गुणस्तर** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङबाट निर्मित खानेपानी आयोजनाहरूमा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार परीक्षण गर्नुपर्ने आइरन, हाइड्रोजन विभव, स्वाद र गन्ध, मेगानीज, जिक, कपर, आर्सेनिक, कोलिफर्म, धमिलोपनसमेतका तत्वहरूको परीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा अधिकाश खानेपानी योजनामा उल्लिखित अनुसार परीक्षण हुने गरेको छैन । भगवार खानेपानी आयोजना दाङ्ग को खानेपानीको गुणस्तर परीक्षणमा धमिलोपन मापदण्ड भन्दा बढी देखियो । खानेपानी तथा सरसफाई अस्थाई डिभिजन कार्यालय, बाँकेबाट यस वर्ष ११ वटा डिप वोरिङ्ग निर्माण गरी प्राप्त पानी र विगतमा निर्मित खानेपानी योजनाहरूबाट आपूर्ति गरिएको पानीको गुणस्तर परीक्षण पनि गरेको छैन । उपर्युक्त मापदण्डको व्यवस्था अनुसार खानेपानीका सबै प्रकारका परीक्षणहरू गरी पानी आपूर्ति गर्ने व्यवस्था हुनु पर्दछ ।

२७. **डिजाइन परिवर्तन** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेसन योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था छ । झिमरुक तामाखोली सौतामारे खानेपानी योजनाको कूल लागत अनुमान रु.५ करोड २ लाख २७ हजार रहेकोमा यस वर्ष रु.९० लाख ४३ हजारको ठेक्का गरेकोमा ठेक्काको परामर्शदाताले तयार गरेको लागत

अनुमानमा सम्पवेल निर्माण कार्य नरहेकोमा ठेक्कामा समावेश गरी रु.२९ लाख ६४ हजार व्यवस्था गरेको भए पनि योजना निर्माण गर्दा सम्पवेल नवनाई कलेक्सन ट्याँङ्की बनाएको छ । विस्तृत सम्भाव्यता अध्ययनबाट सम्भाव्य आयोजनामा प्राविधक रूपमा आवश्यक पर्ने संरचना शुरुमै डिजाइन गरी कार्यान्वयन गर्नुपर्नेमा पटक पटक संरचनाको डिजाइन परिवर्तन गर्नु उपयुक्त हुँदैन । यसमा सुधार हुनु पर्दछ ।

२८. **जनसहभागिता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर दिनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्युठानले लागत अनुमान रु.२ करोड २० लाख ७१ हजार रहेको डाडागाउँ बाइसमुल खानेपानी आयोजनामा यसवर्ष इन्टेक निर्माण, केबल क्रसिङ, फेरोटेङ्क, मुख्य पाइप र सहायक पाइप लाइन खन्ने पुर्ने कार्यको समेत रु.६४ लाख ९१ हजारको कार्य उपभोक्ता समिति मार्फत गराउँदा वितरण लाइन खन्ने पुर्ने रु.२२ लाख ६३ हजारको काम सम्झौतानुसार जनसहभागिता मार्फत गराउनु पर्नेमा उक्त कार्यको रु.७ लाख ९३ हजारसमेत कार्यालयले भुक्तानी दिएको छ । यसरी भुक्तानी दिएको रकम असुल हुनु पर्दछ ।

कार्यमुलक लेखापरीक्षण

लुम्विनी प्रदेश अन्तर्गत खानेपानी व्यवस्थापन

२९. प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि आर्थिक वर्ष २०७६।७७ मा चालु तर्फ रु ५५ करोड ९४ लाख ८६ हजार विनियोजन भएकोमा रु ४२ करोड ६८ लाख १० हजार अर्थात् ७६.२९ प्रतिशत खर्च भएको देखिन्छ । पूँजिगत तर्फ रु १४ अर्ब ५३ करोड ७० लाख १२ हजार विनियोजन भएकोमा रु १२ अर्ब ५४ करोड ७५ लाख ४६ हजार अर्थात ८६.३१ प्रतिशत खर्च भएको देखिन्छ । प्रदेश खानेपानी योजना निर्माण, सञ्चालन र व्यवस्थापनका लागि ६ कार्यालयहरुबाट रु ३ अर्ब ८२ करोड ४६ लाख १९ हजार खर्च भएको छ । लुम्विनी प्रदेशमा आर्थिक बर्ष २०७५।७६ मा खानेपानी पुगेको घरपरिवारको संख्या ८९.८३ प्रतिशत रहेकोमा २०७६ फागुनसम्म ९२ प्रतिशत पुगेको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०८०।८१ मा १०० प्रतिशत घरपरिवारमा खानेपानी पुर्याउने लक्ष्य राखेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :

३०. **आवश्यकता पहिचान र छनोट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ (क) मा खरिद आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७६।७७ को वजेट वक्तव्यमा खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना तयार गरी खानेपानी तथा सरसफाई योजनाहरुको प्राथमिकिकरण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । योजनाको आवश्यकता पहिचान तथा छनोटका लागि सार्वजनिक निकायले प्रदेशगत, जिल्लागत र स्थानिय तहगत रुपमा खानेपानीको विद्यमान अवस्था तयार गर्नु पर्दछ । गुणस्तरीय खानेपानी सेवावाट लाभान्वित जनसंख्या एकिन गरी गुणस्तरीय खानेपानी पुऱ्याउन वाँकी जनसंख्या निर्धारण गरेर खानेपानीको माग र आवश्यकताको बिश्लेषण गर्नु पर्दछ । सम्पन्न खानेपानी योजना, निर्माणाधिन खानेपानी योजना, सम्भाव्य खानेपानी योजना दर्साउने तथ्याकं प्रणालीको विकास पनि गर्नुपर्दछ । हालसम्म कतिपय स्थानिय तहहरुमा सरसफाई तथा स्वच्छता गुरु योजना तयार नगरेका कारण प्रदेश गुरुयोजना तयार भएको छैन । वि.सं. २०७५ साल पछि यस प्रदेशको एकीकृत तथा

जिल्लागत रुपमा खानेपानीको वास्तविक अवस्था पहिचान भएको छैन । यसबाट वस्तुगत रुपले खानेपानी योजना कार्य छनोट चुनौतिपूर्ण भएको छ । खानेपानीको वास्तविक माग र आवश्यकताको प्रक्षेपण नगरी वजेट विनियोजन तथा कार्यक्रम तयार गरी खानेपानी योजना कार्यान्वयन गर्दा लाभग्राहीहरुले आवश्यकतानुसार समयमा गुणस्तरीय खानेपानी प्राप्त गर्न नसकेको र आवश्यकताका आधारमा खानेपानी योजना छनौट हुने सम्भावना कम रहेको देखिन्छ । यसले लाभग्राहीहरु समयमा गुणस्तरीय पानीको उपयोग वाट वञ्चित हुनुका साथै खानेपानीको राष्ट्रिय तथा दिगो विकास लक्ष्यको प्राप्ति समेत प्रभावित हुने देखिन्छ । वस्तुगत आधार तयार गरी योजनाको आवश्यकता पहिचान गर्ने तर्फ सम्वन्धित निकायले ध्यान दिनु पर्दछ ।

३१. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ अनुसार स्वीकृत वार्षिक कार्यक्रम वमोजिम प्रगति हासिल गर्नुपर्दछ । प्रदेशलाई पूर्ण सरसफाईयुक्त तथा स्वच्छ खानेपानीमा शत प्रतिशत पहुँच पुऱ्याउने प्रथम आवधिक योजनाको लक्ष्य रहेको छ । आर्थिक बर्ष २०७६।७७ को भौतिक पूर्वाधार विकास मन्त्रालको खानेपानी तर्फको लक्ष्य र प्रगति विश्लेषण गर्दा ४ खानेपानी कार्यालयवाट सञ्चालित योजना मध्ये १०९ वटा योजनामा शुन्य प्रतिशत, ३ वटामा २५ प्रतिशत भन्दा कम, १४ वटामा ५० प्रतिशत भन्दा कम र ३५ वटामा ७५ प्रतिशत भन्दा घटि प्रगति भएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देहीद्वारा सञ्चालित योजनाहरु मध्ये आर्थिक बर्ष २०६५।६६ देखि २०७१।०७२ सम्ममा शुरुवात भएका २ अर्व ९ करोड ३२ लाख लागत अनुमानका ३५ योजनाहरुमा २०७६।७७ सम्ममा ४८ करोड ५४ लाख ३० हजार खर्च भई १.७६ देखी ६९.२५ प्रतिशत मात्र भौतिक प्रगति भएको देखिन्छ । कार्यान्वयन सुरु भएको लामो अवधिसम्म योजना सम्पन्न हुन नसक्दा योजनाको लागत बढ्न जाने तथा लक्षित वर्गले समयमा खानेपानी सेवा प्राप्त गर्न नसक्ने समस्या सिर्जना भएको छ । निर्धारित समयमा योजना सम्पन्न गर्न पुराना योजना सम्पन्न नभएसम्म नयाँ योजना थप नगरी पर्याप्त बजेट विनियोजन गर्नुपर्दछ ।

३२. **समस्याग्रस्त योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र नियमावलीको नियम १२८ मा ठेक्का कार्यान्वयन गर्ने, निर्माण व्यवसायीको कारण अधुरो रहेका ठेक्काका निर्माण व्यवसायीहरु लाई कारवाही गर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

३२.१. रुपन्देही जिल्लाको हाटी वनगाई ओभरहेड टंकी निर्माणका लागी रु ९२ लाख ९० हजार को लागतमा मिति २०७५।०७।०१ मा सम्पन्न हुनेगरी निर्माण व्यवसायीसगँ मिति २०७३।२।२ मा सम्झौता गरेको थियो । निर्माण कार्यमा आर्थिक बर्ष २०७४।७५ सम्म रु ५५ लाख ५७ हजार भुक्तानी भएकोमा हालसम्म उक्त काम अधुरो रहेको छ । निर्माण व्यवसायीले कार्यतालिका अनुसार कार्य नगरेको र बीचबीचमा काम छोडेकोले ठेक्का निर्माण कार्य अधुरो रहेको छ । निर्माण व्यवसायीको कारण काम अधुरो रहेकोले खरिद ऐन नियम अनुसार उक्त कार्य पुरा गर्नु पर्दछ ।

३२.२. बाँके जिल्लाको गनापुर १-९ खानेपानी योजनाको डिप वोरिङ्ग निर्माण गर्न यस कार्यालय र निर्माण व्यवसायी वीच रु २५ लाख २२ हजार कवोल अंकमा २०७६।४।२५ मा सम्पन्न गर्ने गरी २०७६।१।८ मा सम्झौता भएकोमा ड्रिलिङ्ग कम्पनीले ड्रिलिङ्ग र लगिङ्ग कार्य सम्पन्न गरी पेश गरेको

लगिङ्ग रिपोर्ट अनुसार पानी आउने सुनिश्चितता नभएको कारण देखाई भएको कार्य सम्पन्न गरी रु २० लाख ७३ हजार निर्माण व्यवसायीलाइ भुक्तानी दिएको छ । संभाव्यता अध्ययनबाट संभाव्य देखिएका योजना मात्र कार्यान्वयन गर्नु पर्दछ ।

३२.३. खानेपानीको लागि १०५ मीटर बोरिङ्ग गरिएको दाङ जिल्लाको कोइलाबास खानेपानी योजनाको पानीको क्षमता प्रति सेकेण्ड ५ लीटर रहेको र बोरिङ्गबाट हाल एक दिनमा एक घण्टा मात्र पानी आउने गरेको उपभोक्ता समितिले जनाएको छ । पानीको सतह घटेको कारणले हाल बोरिङ्गबाट पर्याप्त पानी नआउने गरेको कारण खोलाको पानी उपयोग गर्नुपर्ने अवस्था रहेको छ । संभाव्यता अध्ययन बाट सतह र सतह मुनिको पानीको आपूर्तिको अध्ययन गरी खानेपानीको सुनिश्चितता गर्नु पर्दछ ।

३२.४. दाङ जिल्लाको सर्रा सहलगानी खानेपानी योजना, ढकेलपूर आन्द्रमरया खानेपानी योजना, सुनपुर खानेपानी योजना लगायत ६ योजनाहरु निर्माणका लागि रु ११ करोड ४२ लाख ६८ हजारमा आ.ब. २०७५/७६ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ३७ प्रतिशत प्रगति भई काम अधुरो रहेकोले लक्षित ३५०० घरधुरीले खानेपानी सुविधा प्राप्त गर्न सकेका छैनन् । निर्माण व्यवसायीवाट म्याद थपका लागि पेश भएको कार्यसम्पादन जमानत नक्कली भएकोले हाल निर्माण व्यवसायीलाई कालो सूचीमा राख्नका लागि सूचना प्रकाशन गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन नियमको प्रक्रियाबाट ती योजनाहरु सम्पन्न गर्नु पर्दछ ।

३३. आयोजना हस्तान्तरण : सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने र उपभोक्ता समितिले हस्तान्तरित योजनाको सेवा शुल्क तोक्नसक्ने र त्यस्तो शुल्क कोषमा जम्मा गरी सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्ने व्यवस्था छ । यस प्रदेशमा २०७५/७६ मा ११ र २०७६/७७ मा ३७ योजना सम्पन्न भई हस्तान्तरण भएका छन् । हस्तान्तरित योजनाको मर्मत सम्भार कोष पर्याप्त नभएको, उपभोक्ताहरुमा प्राविधिक ज्ञानको कमी रहेको तथा सञ्चालन र मर्मत पुस्तिका नभएको कारण उपभोक्ता समिति बाट मर्मत संभार र संचालन हुन नसकि यस प्रदेशमा खानेपानी योजनाको सुधार तथा मर्मत कार्यक्रमका लागि रु १२ करोड ६४ लाख १३ हजार विनियोजन गरी रु. १० करोड ६१ लाख ९४ हजार खर्च भएको छ । मर्मत संभारका लागि योजनासँग पर्याप्त कोष नहुदाँ अन्य निकायमा भर पर्नु पर्ने अवस्था रहेको उपभोक्ता समितिले जानकारी दिएको छ । खानेपानीका उपभोक्ताहरु टाढा टाढा सम्म छरिएर रहेको अवस्थामा योजनाको शुरु लागत समेत वढी पर्ने र मर्मत सम्भार लागत समेत वढी हुने गर्दछ । जिल्ला स्थित विभिन्न खानेपानी योजनाको स्किमलाई सम्भाव्यताका आधारमा एकिकृत गरी ठूलो योजना वनाएमा उपभोक्ताको संख्या बढने र प्राप्त खानेपानी महशुल बढ्न जाने देखिन्छ ।

३४. खानेपानी गुणस्तर : राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ बमोजिम खानेपानीको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् :

३४.१. यस प्रदेशका ४३.५६ प्रतिशत घरधुरीहरुले परीक्षण वेगर ट्युवेलको भूमिगत पानी प्रयोग गरिरहेका छन् । सतहको खानेपानीको सेवा पाइरहेका घरधुरी ४२.२२ प्रतिशतले प्रयोग गर्ने पानी केही हदसम्म सुरक्षित भएपनि कतिपय खानेपानीको गुणस्तर परीक्षण नगरी खानेपानी आपूर्ति हुने, बर्षादमा मुहान वगाउने तथा धमिलो हुने, खानेपानीका पाइपहरु फुटने र ढल मिसिने लगायतका समस्याले गुणस्तरिय खानेपानी उपभोग गर्न वाट बञ्चित रहेको अवस्था छ । गुणस्तर परीक्षण गरेको खानेपानी मात्र आपूर्ति गर्नु पर्दछ ।

३४.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, वाँकेले कुमालगाँउ, खासकुस्मा लगायत ११ खानेपानी योजनाको डिप बोरीङ् निर्माण कार्य सम्पन्न भएकोमा खानेपानीको गुणस्तरको परीक्षण गरेको देखिएन । उक्त मापदण्ड अनुसार खानेपानीको गुणस्तर सुनिश्चित गरी वितरण गर्नु पर्दछ ।

३४.३. दाङ जिल्लाको टिकुलीगैरा खानेपानी योजनावाट लाभान्वित हुने घरधुरीको संख्या १०० रहेको र यो योजना निर्माण अघि कुवा र खोलाको पानी वोकेर खाने गरेकोमा हाल १ लाख लिटरको ओभरहेड टंकी निर्माण गरी पानी आपूर्ति भएपनि खोला पारी रहेका १० घरधुरीमा पानी आपूर्ति हुन नसक्दा खोलाको पानी खानु परेको उपभोक्ताले जानकारी दिएका छन् । यो योजना निर्माण भई खानेपानी वितरण भइरहेता पनि पानीको गुणस्तर परीक्षण हालसम्म नभएको उपभोक्ता समितिले जानकारी दिएको छ ।

३४.४. लागत अनुमान रु. ६ करोड ३२ लाख ६० हजार को बाँकेको विराट खानेपानी योजनाको बोरिङ्ग बाट वालुवा र धमिलो पानी निस्केको छ । योजनाको निर्माण कार्य सम्पन्न भएता पनि वोरिङ्ग वाट बालुवा र धमिलो पानी आएको हुनाले उपभोक्ताहरुलाई हालसम्म पानी वितरण हुन नसकेको जानकारी विराट खानेपानी तथा सरसफाई उपभोक्ता समितिले दिएको छ । पानीको गुणस्तर परीक्षणको लागि पटक पटक पानी सफा गर्ने कार्य गरेको भएता पनि सुधार नभएको समेत सो समितिले जानकारी दिएको छ । वोरिङ्ग निर्माण र पानी परीक्षण गरे पछि ओभरहेड टंकी, पम्प हाउस निर्माण, पाइप लाइन, र धारा जडान गर्ने कार्य गर्नुपर्नेमा परीक्षण नगरी निर्माण गरेकोले लगानी गरेको रकम उपयोग विहिन भएको छ । पानीको परीक्षण पश्चात अन्य संरचना निर्माण गर्नुपर्दछ ।

३४.५. दाङको हापूरे पुरन्धारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले मासिक रुपमा परीक्षण गर्नुपर्ने नाइट्रेट, क्याल्सियम, इ-कोली, कुल कोलफर्मको बार्षिक रुपमा परीक्षण गर्ने गरेको देखियो । पानीमा पाइने ती वाहेक अन्य तत्वहरुको गुणस्तर परीक्षण गरेको देखिएन । टिकुलीगैरा, ढकेलपूर आन्द्र मरैया खानेपानी उपभोक्ता समितिहरुले गुणस्तर परीक्षण वेगर खानेपानी वितरण गर्ने गरेको देखियो ।

३५. अन्तर निकाय समन्वय : सार्वजनिक निकायले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सँग सम्बन्धित अन्य निकायसगँ समन्वय गरी कार्यक्रम संचालन गर्नु पर्दछ । दाङ जिल्लाको गंगापरशपुर स्कीम नं.१ खानेपानी योजनाको निर्माण कार्य अन्तिम चरणमा रहेकोमा विद्युत ट्रान्समिटर राख्ने काममा ढिलाइ भई योजना सञ्चालनमा ढिलाई भएको, महदेवा खानेपानी योजना स्कीम नं. ३ जंगलभित्र रहेको हुनाले नियमित विद्युत आपूर्तिमा समस्या रहेको र कम भोल्टेजको कारण खानेपानी आपूर्तिमा समस्या हुने गरेको उपभोक्ता समितिले जानकारी दिएको छ । नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरी समयमा नै विधुत ट्रान्समिटर जडान गर्ने र पर्याप्त भोल्टेजको व्यवस्था गर्नु पर्दछ ।

३६. **हाते पम्पको प्रयोगः** बाँके जिल्लास्थित डुडुवा गाँउपालिका, नरैनापुर गाँउपालिकाका लगायतका वस्तिमा खानेपानीको स्रोत हाते पम्प रहेको छ । कतिपय वस्तिमा बर्षादको समयमा बाढी आउने र वाढीले डुवान भई हाते पम्पको पाइपको जाली वन्द भई पानी नआउने समस्याले गर्दा वर्षेनी नया हातेपम्प जडान गर्नुपर्ने अवस्था हुने गरेको उपभोक्ताहरुको भनाई रहेको छ । यहाँका उपभोक्ताहरुको डिप वोरिङ्ग द्धारा खानेपानी वितरण प्रणाली प्रति कम आकर्षण देखिन्छ । उक्त वस्तीका उपभोक्ताहरु लाई हाते पम्प/नल्का को विकल्पको रुपमा डिप वोरिङ्ग गरी पाइप लाईनवाट खानेपानी वितरण गर्दा हुने फाइदा वारे जानकारी गराउन सम्वन्धित निकायले सचेतनामूलक कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ । खानेपानी आयोजनाका लागि उपभोक्ताको अनिवार्य योगदान हुनुपर्ने व्यवस्था प्रति यहाँका उपभोक्ताहरु उदासिन रहेको पाइयो । सम्वन्धित खानेपानी डिभिजन कार्यालयले उपभोक्ताको क्रियाशिल सहभागिता नहुदाँ आयोजना संचालन गर्न समस्या भोग्नु पर्ने र स्थानीय तहले बर्षेनी हाते पम्प वितरण गर्नाले एकातिर सरकारी सम्पत्तीको मितव्ययी र दक्षतापूर्ण उपयोग नहुने र अर्कोतर्फ उपभोक्ताहरु गुणस्तरीय पानीको उपभोग गर्नवाट वञ्चित रहने अवस्था हुने देखियो । अन्तर निकाय समन्वय र सहयोगलाई प्रभावकारी बनाई खानेपानीको स्रोत र गुणस्तरका वारेमा सचेतनामूलक कार्यक्रम संचालन गरी खानेपानी आपूर्ति गर्न सम्वन्धित निकायले ध्यान दिनु पर्दछ ।

निष्कर्ष : खानेपानी मानव जीवनको अति आवश्यक तत्व हो । खानेपानी उपलब्ध भएको जनसंख्याको प्रतिशत सन्तोषजनक नै रहेतापनि ट्युवेलको पानी उपभोग गर्ने जनसंख्या ४३.५६ प्रतिशत रहेकोमा परीक्षण नगरी खानेपानीको उपभोग गरिरहेको अवस्था छ । खानेपानी आपूर्तिको प्रादेशिक नक्साङ्कन गर्ने, योजना छनौटको निश्चित विधि र मापदण्ड तयार गर्ने, अन्तर निकाय समन्वय गर्ने, पर्याप्त मात्रामा वजेट विनियोजन गर्ने, खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने, सार्वजनिक खरिद ऐन र नियमको परिपालना गर्ने, योजना सञ्चालन र व्यवस्थापनमा उपभोक्ता समितिको क्षमता विकास गर्ने, खानेपानीको संरक्षण र सदुपयोगमा नागरिक सचेतना जगाउने कार्यहरुमा ध्यान दिएमा गुणस्तरीय पानीको नियमित आपूर्ति भई मानव स्वास्थ्यमा सकारात्मक प्रभाव पर्दछ । खानेपानी योजनामा लगानी, प्राप्त उपलव्धी र लाभग्राही समुदायमा योजनाले पारेको प्रभावका वारेमा सम्वन्धित निकायले अध्ययन तथा विश्लेषण गर्नु पर्दछ । योजना छनौट हुदैँ जाने, सोही आधारमा सालिन्दा वजेट विनियोजन भई खर्च हुने तर अपेक्षित नतिजा प्राप्त नहुनाले लाभग्राही वर्ग समयमा सेवा उपभोगवाट वञ्चित हुने गरेको अवस्था छ । योजना कार्यान्वयन, अनुगमन तथा मूल्याकंन कार्यलाई प्रभावकारी वनाउनु पर्दछ ।

भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

३७. **कार्यसम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार काम सम्पन्न भए पछि कार्य स्वीकार गरी त्रुटी सच्याउने अवधि समाप्त भए पछि नियम १२५ अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रुपन्देहीले नवलपरासीको सरावल गाउँपालिका स्थित २ वटा डिप ट्युववेल तथा पम्पसेट निर्माण कार्यको ठेक्का अंक रु.४१ लाख ६९ हजार को ५० प्रतिशतले रु.२१ लाख ९ हजारको मात्र कार्य भएकोमा अधुरो अवस्थामा कार्यसम्पन्न गरेकोले निर्माणको उद्देश्य पूरा भएको छैन । निर्माण कार्य सम्पन्न नभई कार्यसम्पन्न गर्ने कर्मचारी तथा निर्माण व्यवसायीलाई जिम्मेवार बनाई बाँकी कार्य सम्पन्न गराउनु पर्दछ ।

३८. **बढी लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण व्यवसायी मार्फत गराउने कामको लागि १५ प्रतिशत ओभरहेड थप गर्न सकिनेमा भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रुपन्देही र दाङले १५ प्रतिशत ओभरहेड थप गरेपछि ८ आइटममा पुनः ३ देखि १५ प्रतिशतसम्म मर्मत सुधार खर्च जोडी लागत अनुमान तयार गर्दा रु.२८ लाख ७ हजार बढीको लागत अनुमान तयार गरेको छ । बढी लागत अनुमानले ठेक्का अंक वृद्धि गर्ने भएकोले निर्माण कार्यमा थप व्ययभार पर्न जान्छ । नियमानुसार लागत अनुमान तयार गर्नुपर्दछ ।

३९. **नगरेको कामको भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड (ख) बमोजिम नापजाँच पश्चात नापी किताबमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेखुपर्ने व्यवस्था छ । भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रुपन्देहीले नवलपरासीको रामग्राम मन्झरीया ८ र रामग्राम १२ मा निर्माण व्यवसायी मार्फत रु.४१ लाख ५३ हजारमा निर्मित डिप ट्युववेलको पम्प टेष्ट गर्दा दुवैको गहिराई २३५ मिटर रहेको देखाएकोछ । रामग्राम मन्झरिया ८ को डिप ट्युववेल सार्वजनिक जग्गामा निर्माण गर्नुपर्नेमा व्यक्तिको निजी जग्गामा निर्माण गरी बोरिङ पाइप मात्र गाडिएकोले अधुरो रहेको छ । कार्यालयको प्राविधिकको रोहवरमा डिपट्यूववेलको गहिराई नाप्दा १८० मिटरमात्र रहेकोले ५५ मिटर बढीको भुक्तानी दिएको छ। यस सम्बन्धमा छानवीन हुनुपर्दछ।

४०. **पेश्की जमानतको अवधि :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा निर्माण व्यवसायीबाट बैंक जमानत लिई पेश्की दिनुपर्ने र नियम ११३(४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि पेश्की फर्स्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बाँकेले ३ वटा ठेक्कामा पेश्कीको बैंक जमानतको अवधि कम भएको अवस्थामा समेत रु.३९ लाख ४७ हजार पेश्कीको भुक्तानी दिएको छ । तोकिएको समयावधिको बैङ्क जमानत लिनुपर्दछ ।

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू

४१. **कार्यक्रम खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(१) मा मन्त्रालयले आफ्नो मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम स्वीकृत गर्नुपर्ने र नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम संशोधन गर्न आवश्यक भएमा स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बाँकेले बोलपत्रबाट लागत अनुमान भन्दा न्यून कवोल भई वचत भएको रकमबाट कार्यक्रम संसोधन नगराई उपभोक्ता समितिमार्फत दुई निर्माण कार्यमा भएको रु.१६ लाख ३२ हजार खर्च गरेको नियम देखिएन । यसमा सुधार हुनु पर्दछ ।

४२. **अधुरा योजनाहरू :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र नियमावलीको नियम १२८ मा निर्माण व्यवसायीले काम शुरु नगरेमा, अधुरो छोडि सम्झौता कार्यान्वयन नगरेमा कारवाही गरिने व्यवस्था छ । निर्माण व्यवसायीहरूले ठेक्काको काम खरिद सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पन्न गर्नु पर्दछ । जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रुपन्देहीमा निर्माण व्यवसायीहरूले रु.११

करोड ४८ लाख ६२ हजारका ५ ठेक्काको थप भएको म्याद भित्र पनि काम सम्पन्न नगरी अधुरो रहेका छन् । ती ठेक्काहरूको पुनः म्याद थप पनि गरेको छैन। कार्यसम्पादन नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम जिम्मेवार बनाई निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

४३. **सीमा भन्दा बढीको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार उपभोक्ता समितिबाट मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत रु.१ करोड रुपैयाँसम्मको लागत अनुमानको काम गराउन सकिन्छ । प्रगन्ना वड्कापथ सिंचाई व्यवस्थापन कार्यालय, दाङले प्रगन्ना कुलो जल उपभोक्ता मूल समन्वय समितिबाट रु.१ करोड ११ लाख १२ हजारको सिंचाई प्रणाली निर्माण कार्य गराएको छ । सीमा भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउने कार्य नियन्त्रण हुनु पर्दछ ।

शहरी विकास तथा भवन निर्माण कार्यालयहरू

४४. **निर्माण स्थलको व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । घोराही १८ मा शवदाह स्थल तथा क्रियापुत्री भवन निर्माणको लागि सहरी विकास तथा भवन निर्माण कार्यालय, दाङ र एक निर्माण व्यवसायीबीच रु.३ करोड ११ लाख ९५ हजारमा सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा यो वर्षसम्म रु.१ करोड ४७ लाख ७३ हजार भुक्तानी गरेको छ ।२०७६/०३/०८ मा शुरु गरी २०७७/०२/०९ मा सम्पन्न गर्नुपर्ने उक्त काम निर्माण स्थलको विवादको कारणबाट अधुरो रहेको देखियो । त्यसैगरी घोराही १३ मा अर्को शवदाह स्थल तथा क्रियापुत्री भवन निर्माणको लागि सहरी विकास तथा भवन निर्माण कार्यालय, दाङ र निर्माण व्यवसायीबीच रु.६२ लाख ९८ हजारमा सम्झौता गरेकोमा निर्माणस्थलकै विवादको कारणले काम शुरु गरेको छैन । निर्माण स्थल छनौट भएपछि मात्र खरिद कारवाही शुरु गरिनु पर्दछ ।

- **बेरुजु स्थिति :** यो वर्ष मन्त्रालय र मातहतसमेतका ४६ निकायमा रु.७२ करोड ७६ लाख ४० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ७३ लाख १७ हजार फर्स्यौट गरेकोले रु.७१ करोड ३ लाख २३ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु.४ करोड ३२ लाख २६ हजार म्दाद नाघेको पेश्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची—१०** मा छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, स्वास्थ्य, मानव संसाधन, सामाजिक सुरक्षा, महिला र युवासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन मार्फत शैक्षिक परामर्श, मानव संसाधनको आवश्यकता प्रक्षेपण, औषधि निगरानी तथा औषधिको उचित प्रयोग, खोप र परिवार नियोजन, सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम लगायतका कार्यहरू सम्पादन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र अन्तर्गतका ३६ निकायहरूको विजियोजन रु.३ अर्ब ३५ करोड ४४ लाख १ हजार, राजस्व रु.४ करोड ९८ लाख ८५ हजार, धरौटी रु.१२ करोड ५३ लाख ९० हजार र अन्य कारोबार रु.२९ करोड ६१ लाख ३४ हजार तथा अन्य संस्था समिति १६ को रु.२ अर्ब ७४ करोड ७१ लाख ४९ हजार समेत रु.६ अर्ब ५७ करोड २९ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखारीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : कार्य विभाजन नियमावली, २०७४ अनुसार सामाजिक विकास मन्त्रालयले गर्नुपर्ने कार्यहरूमध्ये प्रदेशस्तरको शिक्षा, विश्वविद्यालय, पुस्तकालय, संग्रालय, अभिलेखालय, मानव संशाधन, स्वास्थ्य सेवा प्राज्ञिक, व्यवसायिक र पेशागत संघसंस्था, स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, स्वास्थ्य बीमा, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा, ज्येष्ठ नागरिक, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण, घरेलु हिंसा नियन्त्रण, सामाजिक सुरक्षा, रोजगारीको हक, सूर्ति, मदिरा र लागूपदार्थजन्य बस्तुको मापदण्ड, प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता, लैंगिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार आदि क्षेत्रको संचालन, नियमन र व्यवस्थापन गर्न नीति, कानुन, तथा अध्ययन अनुसन्धान सम्बन्धी कार्य लगायतका कार्य गरेको छैन । जिम्मेवारीहरू कार्यान्वयन भएको देखिदैन। प्राथमिकताको आधारमा तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **आवधिक योजना कार्यान्वयन** : आवधिक योजना (२०७६/७७) मा उल्लेख गरेका यस मन्त्रालयले गर्नुपर्ने कार्यहरू मध्ये स्थानीयस्तरमा रहेका बालबालिकाहरूलाई अनिवार्य रूपमा माध्यमिक तहसम्मको अध्ययन, अल्पसंख्यक, न्यून आय भएका दलित, सीमान्तकृत, अनाथ र अपाङ्गता भएका व्यक्तिलाई आधारभूत तहको शिक्षा हासिल गर्न छात्रवृतिको व्यवस्था, नक्साङ्कनको आधारमा विद्यालयहरूको समायोजन, दरबन्दी मिलान र स्थापना, बहुकक्षा शिक्षा शिक्षण पद्धति, पाठ्यक्रममा सुधार र परिमार्जन, सरकारी कोषबाट पारिश्रमिक सुविधा लिने सबैका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन जोड दिने, मानसिक स्वास्थ्य व्यवस्थापन, भ्याक्सिन सबसेन्टर र कोल्डसेन्टर स्थापना, प्रादेशिक ट्रमा सेन्टर स्थापना, जिल्लास्तरसम्म मृगौला डायलासिस सेवा विस्तार, ज्येष्ठ नागरिक सेवा केन्द्र संचालन, अपांग पुनर्स्थापना केन्द्रहरू स्थापना, बाह्र वर्ष भन्दा बढी समय पति वेपत्ता भएका महिलालाई एकल महिला सरहको सुविधा उपलब्ध गराउने, विपन्न वर्गका महिलाहरूको कानूनी मुद्दा मामिलामा लाग्ने खर्च र परामर्श सेवा निःशुल्क उपलब्ध गराउने आदि कार्यहरूको कार्यान्वयन गरेको छैन । कार्यक्रम र बजेट व्यवस्था गरी ती कार्यहरू प्राथमिकताको आधारमा कार्यान्वयन हुनु पर्दछ ।

३. **नीति तथा कार्यक्रम कार्यान्वयन :** प्रदेश सभाको बैठकमा पेश भएको प्रदेश नीति तथा कार्यक्रम कार्यान्वयन हुनु पर्दछ। प्रदेश सभामा पेश भएका सामुदायिक क्याम्पसलाई वर्गीकरण गरी निश्चित विषय केन्द्रित क्याम्पसको रूपमा अगाडि बढाउने, नौ वटा पालिकालाई पूर्ण साक्षर बनाउने, अस्पतालहरूको सरसफाईलाई दण्ड र पुरस्कारसँग आवद्ध गर्ने, पानीको शुद्धता मुहानमै मापन गरी मुहान प्रमाणीकरण गर्ने, १० वटा पालिका पूर्ण खोपयुक्त बनाउने आदि कार्यक्रमहरू कार्यान्वयन भएका छैनन ।नीति तथा कार्यक्रम र बजेटबीच तादम्यता ल्याउनु पर्दछ ।

४. **बजेट बक्तव्य कार्यान्वयन :** यो वर्ष मन्त्रालयको वार्षिक बजेटमा उल्लेख गरे अनुसार विश्वविद्यालयको स्थापना, मातृभाषामा पाठ्यक्रम निर्माण, शिक्षक सामग्री विकास, महिलाहरूको अवस्था अध्ययन, महिला कर्मचारीका शिशुको लागि शिशुस्याहार केन्द्रको स्थापना, जातीय छुवाछुत विरुद्ध सचेतना अभियान, साइवर अपराध सम्बन्धी सचेतना कार्यक्रम संचालन, बुटवल उपमहानगरपालिका र दाङमा अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण गर्न डिपिआर निर्माण, प्रदेश खेलकुद परिषदको स्थापना, श्रम संवाद केन्द्रको स्थापना, ब्लड बैंक नभएका ५ जिल्लामा ब्लड बैंक स्थापना आदि कार्यक्रमहरू कार्यान्वयन भएको छैन ।

५. **वित्तीय स्थिति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(६) अनुसार प्रदेशले तयार गर्ने बित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था अनुरूप आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार हुनुपर्ने र र दफा ४४ मा सार्वजनिक हुनुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयको लागि रु.२० करोड ७४ लाख ६९ हजार विनियोजन भएकोमा पूँजीगत खर्च रु.३२ लाख २६ हजार र चालुखर्च रु.९ करोड ६४ लाख ४१ हजारसमेत रु.९ करोड ९६ लाख ६७ हजार खर्च भएकोमा प्रतिवेदन तयार गरी सार्वजनिक गरेको पाइएन । वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी मूल्याङकन हुनु पर्दछ ।

६. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको ३ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभएकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु हुनुपर्दछ ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद हुनुपर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । मन्त्रालय अन्तर्गतका रुकुम पूर्व अस्पताल रु.२२ लाख २४ हजार, भीम अस्पताल रु.७ लाख ६६ हजार, पृथ्वीचन्द्र अस्पताल रु.७ लाख ५१ हजार, बर्दिया अस्पताल रु.५४ लाख ६ हजार र गुल्मी अस्पताल रु.६३ लाख ८८ हजार समेत ७ कार्यालयले ८५ टुक्रामा पटक पटक गरी लागत अनुमानको हाराहारीमा प्रतिस्पर्धा नगराई रु.१ करोड ५५ लाख ३५ हजारका फर्निचर, औषधिजन्य मालसामान तथा उपकरण लगायतका सामान सोझै खरिद गरेको छ । खरिद कार्यलाई मितव्ययी र प्रतिष्पर्धी बनाउनु पर्दछ ।

८. **स्वास्थ्य मापदण्ड :** स्वास्थ्य सेवा सम्बन्धी संघ संस्थाको गुणस्तर, दर्ता, संचालन, अनुमति, नवीकरण, नियन्त्रण सम्बन्धी प्रादेशिक मापदण्ड तथा कार्यक्रम संचालन गरेको हुनु पर्दछ । मन्त्रालयले त्यस सम्बन्धी मापदण्ड, कानुन तयार गरेको देखिएन। त्यस सम्बन्धी कानुन मापदण्ड तयार गरी स्वास्थ्य

सेवालाई प्रभावकारी बनाउनु पर्दछ । त्यस्तै मन्त्रालयले औषधी बफर स्टक, स्वास्थ्य बीमा, औषधी निगरानी, सूर्ति, मदिरा, लागुपदार्थ तथा कुलतजन्य लागुपदार्थको प्रादेशिक मापदण्ड र नीति निर्माण सम्बन्धि कार्यहरू गरेको छैन । यस सम्बन्धि नीति तथा मापदण्ड निर्धारण हुनुपर्दछ ।

९. **कोभिड कोष :** कोभिड-१९ निकाय तथा रोकथाम गर्न यस मन्त्रालयले स्थापना गरेको कोभिड कोषमा संघीय सरकारबाट रु.७ करोड, प्रदेश सरकारबाट रु.१० करोड, मन्त्रालय तथा सचिवालयका पदाधिकारीहरूको रु.२६ लाख ९९ हजार, प्रदेश अन्तरगतका कार्यालयका कर्मचारीहरूको योगदान रु.८० लाख ५९ हजार, स्थानीय तह प्युठान नगरपालिका र मायादेवी गाउँपालिकाबाट रु.२ लाख ८४ हजार, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट रु.२ करोड ३२ लाख ८८ हजार, उद्योग तथा व्यवसायी संघबाट रु.२ करोड १२ लाख ९४ हजार, विद्यालय शिक्षकहरूबाट रु.३ लाख १५ हजार, अन्य संघसंस्थाबाट १३ लाख ४० हजार, विभिन्न ४ जनाको व्यक्तिगत योगदान रु.२ लाख ९२ हजार र नाम नामेसी विवरण नखुलेकाहरूबाट रु.४३ लाख ६ हजार समेत रु.२३ करोड १८ लाख ७६ हजार आम्दानी भएको छ । मन्त्रालयले प्राप्त आम्दानी मध्ये लुम्बिनी प्रादेशिक अस्पताललाई रु.२ करोड ४० लाख, राजी प्रादेशिक अस्पताललाई रु.३० लाख, भेरी अस्पताललाई रु.१ करोड ४४ लाख, प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रु.२ करोड ७ लाख, प्रदेश स्वास्थ्य निर्देशनालयलाई रु.१० लाख, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई रु.५५ लाख, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.६० लाख, विभिन्न ६ स्वास्थ्य कार्यालयलाई रु.३० लाख, १० जिल्ला प्रशासन कार्यालयहरूलाई रु.१ करोड ४० लाख, ३ उप महानगरपालिकालाई रु.५० लाख समेत रु.१० करोड ५९ लाख ३० हजार निकासा दिई २०७७ असारमा रु.१२ करोड ५९ लाख ४५ हजार मौज्दात रहेको देखियो ।

सामाजिक विकास डिभिजन कार्यालयहरू

सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न विषयहरू मध्ये स्वास्थ्य बाहेकका शिक्षा, महिला, बालबालिका तथा जेष्ठ नागरिक, युवा तथा खेलकुद, श्रम तथा रोजगार, भाषा तथा लिपि र विज्ञान तथा प्रविधिसँग सम्बन्धित विषयहरूको जिल्ला तथा स्थानीयस्तरमा संचालन हुने कार्यक्रमहरूको संचालन र कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश सरकार मन्त्रिपरिषदको २०७६ कार्तिक १८ गतेको निर्णय अनुसार प्रदेश भित्रका रुपन्देही, कपिलवस्तु, पाल्पा, प्युठान, दाङ र बाँके जिल्लामा गरी ६ वटा कार्यालयको स्थापना भई संचालनमा रहेको छ । यो वर्ष ६ वटा डिभिजनका लागि रु.६६ करोड ३१ लाख १५ हजार विनियोजन भएकोमा रु.५२ करोड १२ लाख ५८ हजार खर्च मध्ये रु.३६ करोड ४५ लाख ४८ हजार अनुदान खर्च लेखेको छ।

१०. **अनुदान व्यवस्थापन र अनुगमन :** कार्यालयले दिएको अनुदान निकासाको उपयोगको अनुगमन गरेको हुनु पर्दछ । सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देहीले नवलपरासी र रुपन्देहीका शैक्षिक संस्थाहरूलाई पाठ्यसामाग्री, छात्रवृत्ति चालु तथा पूँजिगत अनुदान समेतका लागि रु.११ करोड ७१ लाख ३३ हजार विनियोजन मध्ये रु.९ करोड ६ लाख २ हजार तथा बाँकेले १२ वटा संघ संस्थाहरूलाई रु.६३ लाख अनुदान खर्च लेखेकोमा अनुदानको उपयोगको अनुगमन तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन । अनुदानको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

११. **अतिरिक्त कक्षा संचालन खर्च :** सामुदायिक विद्यालयमा गणित र विज्ञान विषयमा नतिजा सुधार कार्यक्रम संचालन मार्गदर्शन, २०७६ को परिच्छेद ५ को बुँदा नं ५ मा कार्यक्रमको सार्वजनिक सुनुवाई हुनुपर्ने र बुँदा नं ६ मा नतिजा विश्लेषण अन्तर्गत एस.ई.ई को नतिजा आएपछि कार्यक्रमको नतिजा मुल्याङ्कन गरी प्रतिवेदन पेश हुनुपर्ने व्यवस्था गरेको छ । सामाजिक विकास डिभिजन कार्यालय बाँकेले कक्षा १० को गणित र विज्ञान विषयमा नतिजा सुधार अभियान कार्यक्रममा बाँके र बर्दियाका १४७ विद्यालयहरूलाई रु.८२ लाख १४ हजार र अनुगमन समितिका पदाधिकारीहरूलाई यातायात खर्च रु.१ लाख २ हजार भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन तयार गरेको छैन ।

१२. **नमुना विद्यालय निर्माण** : नमुना विद्यालय विकास एवं संचालन निर्देशिका २०७७ को बुदाँ २० मा नमुना विद्यालय छनोट भए पश्चात उक्त विद्यालयलाई ३ वर्षसम्म बजेट विनियोजन हुने प्रावधान रहेको छ । सामाजिक विकास डिभिजन कार्यालय बाँकेले यस कार्यक्रम अन्तर्गत कृष्ण माध्यमिक विद्यालय कोहलपुर र पञ्चकन्या माध्यमिक विद्यालय वर्दियासँग रु.१ करोड ५० लाखको सम्झौता गरी तीन किस्तामा भुक्तानी दिएको छ । विद्यालयहरूले पेश गरेको प्रस्तावमा रु.९ करोड ५१ लाख ४० हजार अनुदान माग भएकोमा प्रति विद्यालय रु.७५ लाखका दरले रु.१ करोड ५० लाखको सम्झौता भएको छ । नमुना विद्यालय छनोट भए पश्चात उक्त विद्यालयलाई ३ वर्षसम्म बजेट विनियोजन हुने र कार्यालयले विद्यालयसँग ३ वर्षे गुरुयोजना माग गरी सो योजना अनुसार वार्षिक बजेट सम्झौता हुनुपर्नेमा गुरुयोजनामा क्रियाकलाप र परिमाण उल्लेख नगरी सम्झौता गरेको छ । विद्यालयले पेश गरेको प्रस्ताव मध्ये यस वर्षको अनुदानबाट क्रियाकलापको परिमाण, सम्पन्न र सम्पन्न हुन बाँकीको अभिलेख राखेको छैन् । क्रियाकलाप र लक्ष्यित परिमाण स्पष्ट गरी सम्झौता हुनु पर्दछ ।

१३. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले निर्माण कार्यका लागि उपभोक्ता समितिसँग खरिद सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश उल्लेख हुनुपर्ने र नियम ९७(४) मा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी हुनुपर्ने व्यवस्था छ । सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाले उपभोक्ता समिति मार्फत गरेको काममा निम्न अनुसार देखियो

१३.१. खेल मैदान उपभोक्ता समिति मुसिकोट, गुल्मीले रु.३५ लाखको काममा कार्यालयबाट रु.१५ लाख भुक्तानी दिने सम्झौता भएकोमा प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.२१ लाख ७४ हजारको कार्य गरेकोले अनुपातिक हिसावमा रु.९ लाख ३१ हजार मात्र भुक्तानी दिनु पर्नेमा रु.१५ लाख भुक्तानी दिएकोले रु.५ लाख ६८ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

१३.२. सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाको जनता माध्यमिक विद्यालय तानसेनसँग रु.९४ लाखको काममा कार्यालयले रु.७५ लाख भुक्तानी गर्ने सम्झौता भएको र विद्यालयको खर्च विवरण अनुसार रु.८२ लाख ४५ हजार कार्य गरेकोले रु.६५ लाख भुक्तानी दिएको मध्ये शौचालय मर्मत तथा टेवा पर्खालसमेतको निर्माण कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.४३ लाख ३२ हजारको कार्य भएकोमा रु.४९ लाख ६५ हजार भुक्तानी दिएकोले कार्य सम्पन्न रकम भन्दा रु.६ लाख ३३ हजार बढी भुक्तानी दिएको छ। उक्त रकम असुल हुनु पर्दछ ।

१४. **जनसहभागिता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाले ६ विद्यालयको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र कार्यालयले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएकोले सम्झौता अनुसार जनसहभागिताको अंश कटाई रु.७५ लाख ६ हजार भूक्तानी दिनु पर्नेमा रु.८४ लाख २९ हजार दिएकोले उपभोक्ता समितिलाई रु.९ लाख २३ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनु पर्दछ ।

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल रुपन्देही

१५. **विगतको ठेक्काबाट खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ अनुसार रु.२० लाख भन्दा वढीको खरिद वोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार यस अस्पतालले यस बर्ष रु.३ करोड २८ लाख ५२ हजारका औषधि तथा स्वास्थ्य सामग्री खरिद गर्दा बोलपत्रको माध्यमबाट प्रतिष्पर्धा नगराई गत बर्षको औषधि खरिदको ठेक्काको दरमा खरिद गरी अनियमित रूपले भुक्तानी दिएको छ । अनियमित खरिद नियन्त्रण गर्नु पर्दछ ।

१६. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधि अपनाई गर्नुपर्ने व्यवस्था छ । अस्पतालले बोलपत्रको माध्यमबाट गर्नुपर्ने सामान खरिद र निर्माण कार्य टुक्राटुक्रा पारी प्रतिस्पर्धा वेगर सार्वजनिक नियम ८५(१ख) विपरित निर्माण कार्य गराई रु.३५ लाख ५२ हजार भुक्तानी दिएको छ । प्रतिस्पर्धाको माध्यमद्वारा खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम हने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१७. **बक्यौता भाडा** : लुम्बिनी प्रादेशिक अस्पतालले भाडामा लगाएका सटरहरूको भाडा सम्झौता अनुसार मासिक रूपमा असुल हुनु पर्नेमा भाडामा लगाएका १८ सटरहरूको २०७७ असार मसान्तसम्म रु.१९ लाख ६४ हजार भाडा असुल हुन बाँकी रहेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

१८. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसूची १ को २ घ बमोजिम पारिश्रमिक कट्टा गर्नुपर्ने व्यवस्था छ । लुम्बिनी प्रादेशिक अस्पत्तालको रेडियोलोजी डिपार्टमेन्टमा कार्यरत ३ चिकित्सक समेत ११ कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा रु.६ लाख २ हजार घटी कट्टी गरेकोले असुल हुनु पर्दछ।

१९. **सम्झौता भन्दा बढी भूक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अस्पतालले मेडिसिन तथा सर्जिकल सामग्री खरिद गर्न विभिन्न फर्मसँग इकाई दरमा सम्झौता गरेको छ । अस्पतालले विभिन्न ११ सप्लायर्स सँगको सम्झौता भन्दा बढी दर राखि रु.६ लाख ४५ हजार बढी भुक्तानी गरेको छ । उक्त रकम असुल हुनु पर्दछ ।

२०. **अस्पताल फार्मेशी** : अस्पताल फार्मेशीको गतवर्षको मौज्दात रु.७ लाख ६५ हजार समेत यो वर्षको आम्दानी रु.४ करोड ५७ लाख २४ हजार भएकोमा खर्च रु.४ करोड ५२ लाख ७२ भई रु.४ लाख ५२ हजार बाँकी रहेको देखिएको छ । फार्मेशी संचालन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२०.१. औषधि खरिद गर्दा सम्झौतामा उल्लेख गरेको परिमाण र रकमको औषधि आपूर्ति गर्नु पर्नेमा ४ आपुर्तिकर्तासँग रु.१६ लाख ९२ हजारको औषधि खरिद गर्ने सम्झौता भएको मध्ये रु.४ लाख २ हजारको औषधि आपुर्ति भई रु.१२ लाख ९० हजारको औषधि आपुर्ति गर्न बाँकी देखिन्छ । सम्झौता अनुसारको परिमाणमा आपुर्ति नगर्ने आपुर्तिकर्तालाई अस्पतालले कुनै कारवाही गरेको छैन् ।

२०.२. अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को बुँदा नं. १६.२ अनुसार खुद नाफाको १० प्रतिशत रकम र बुँदा नं. १५.७ अनुसार औषधी बिक्रीको कुल रकमबाट हरेक महिना कम्तिमा १० प्रतिशत रकम अस्पतालको मुल खातामा राख्नु पर्ने व्यवस्था छ । फार्मेसीले यो वर्षको बिक्री रु.४ करोड ४९ लाख ५९ हजारको १० प्रतिशत रु.४४ लाख ९५ हजार मुल खातामा दाखिला हुनुपर्नेमा गरेको छैन् । उक्त रकम अस्पतालको मूल खातामा दाखिला गर्नुपर्दछ ।

२०.३. अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को बुँदा नं. १६.२ अनुसार फार्मेसी कारोबारबाट प्रत्येक दिनको कारोबारबाट प्राप्त रकम सोहि दिन वा भोलीपल्ट मध्यान्ह सम्ममा बैक दाखिला गरिसक्नु पर्नेमा अस्पताल फार्मेसी तर्फ कारोबारबाट प्राप्त भएको रकम रु.४ लाख ७ हजार बैक दाखिला नगरी नगद मौज्दात राखेको छ । निर्देशिकाको व्यवस्थाको पालना हुनु पर्दछ ।

२०.४. **औषधिको मौज्दात विवरण** : अस्पताल फार्मेशीले आर्थिक वर्षको अन्त्यमा फार्मेसीसँग रहेको औषधी मौज्दातको विवरण तथा जिन्सी निरीक्षणको प्रमाणित प्रतिवेदन नगरेकोले आर्थिक वर्षको अन्त्यमा फार्मेशिमा कति रकमको औषधिहरू बाँकी छन् भन्ने सम्बन्धमा एकिन हुन सकेन। अस्पतालले मौज्दातको विवरण तथा जिन्सी निरीक्षणको प्रमाणित प्रतिवेदन तयार गर्नु पर्दछ।

२१. **कोभिड-१९ महामारी :** कोरोना विशेष अस्पतालको रूपमा समेत रहेको यस अस्पतालको कोभिड १९ तर्फ रु.९ करोड ९ लाख ५७ हजार आम्दानी भएकोमा सेफ्टी किट तथा सामाग्री खरीद रु.९ लाख ९१ हजार जनशक्ति व्यवस्थापनमा ३९ लाख ७२ हजार, कर्मचारी जोखिम भत्ता रु.१ करोड ५० लाख, होटेल वास खर्च ७७ लाख ३३ हजार, अक्सिजन खरिद रु.१९ लाख २० हजार, मेशीनरी औजार खरीद रु.१६ लाख ३ हजार, पि.सि.आर. तथा वेड खरिद रु.१ करोड ४८ लाख २ हजार र संरचना निर्माण रु.२ करोड ४२ लाख ५७ हजार समेत जम्मा रु.८ करोड ५ लाख ७१ हजार खर्च भएको छ । सो सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छन् :

२१.१. **जनशक्ती व्यवस्थापन :** कोभिड १९ अस्पतालको लागी कन्सल्टेन्ट चिकित्सक २४, मेडीकल अफिसर ४० लगायत जम्मा १८० करार दरबन्दी रहेकोमा १३५ पद मात्र पदपूर्ति भई कन्सल्टेन्ट चिकित्सक २४, मेडिकल अफिसर १३, रेडियो ग्राफ्रर २ समेत ५४ पद रिक्त रहेको छ ।सेवा प्रवाहको आवश्यकता अनुसार पदपूर्ति हुनुपर्दछ ।

२१.२. **जोखिम भत्ता :** कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को दफा ७ अनुसार विभिन्न ५५२ कर्मचारी तथा स्वास्थ्यकर्मीलाई रु.१ करोड ५० लाख भूक्तानी भएको छ ।

२१.३. **व्यक्ति तथा संस्थाको सहायता :** कोभिड विशेष अस्पताल स्थापना तथा संचालनको लागि विभिन्न ३४ व्यक्ती तथा संस्थाबाट नगद २३ लाख ८ हजार सेभ द चिल्ड्रेनबाट १ ईसिजि मेशिन, ७ व्यक्ति तथा संस्थाबाट १५ हजार सत्तरी थान सर्जिकल माष्क, २२ व्यक्ति तथा संस्थाबाट ६४२ पि.पि.ई सेट, विभिन्न ८६ व्यक्ति तथा संस्थाबाट फेस सिल, स्यानीटाईजर लागयत मेडीकलजन्य सामाग्री प्राप्त भएका छन् । अस्पतालले प्राप्त सामाग्रीहरू मुल्य खुलाई जिन्सी अभिलेख जनाएको छैन ।

२१.४. **होटल खर्च भुक्तानी :** कोभिड १९ उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई होटलमा राखेको खर्च भुक्तानी गर्दा होटलमा बस्नेको नामावली र बसेको अवधि खुल्ने विवरण पनि संलग्न हुनु पर्नेमा लुम्बिनी प्रादेशिक अस्पतालले केवल होटलको बिलको आधारमा रु.७७ लाख ३३ हजार भुक्तानी दिएको छ । होटलमा बस्ने स्वास्थ्यकर्मीहरूको विवरण सहित खर्च पुष्ट्याई हुनुपर्दछ ।

२१.५. **कोरोना परीक्षण :** अस्पतालबाट प्राप्त विवरण अनुसार २०७७ कार्तिक मसान्त सम्मको कोरोना परीक्षणको अवस्था कुल पी.सि.आर जाँच सङ्ख्या २६१९७ पोजेटीभ सङ्ख्या ३७८५ अस्पताल भर्ना सङ्ख्या २४१ मृत्यु सङ्ख्या ६९ अन्यत्र रीफर संख्या ५ बिरामीको औषत बसाई २० दिन रहेको छ ।

२१.६. **स्वास्थ्य उपकरण तथा औजार खरिद** : सार्वजनिक खरिद नियमावली २०६४, को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था गरेको छ। सोको उपनियम ३ मा सार्वजनिक निकायले रु.१० लाख भन्दा बढी रकमको विशेष परीस्थितिमा खरीद गर्दा सोको विवरण सार्वजनिकरण गर्ने व्यवस्था बमोजिम पाँच दिने सूचना प्रकाशन गरी विभिन्न फर्मबाट ४ थान भेन्टीलेटर, १३ थान आईसीयु वेड, १ पिसिआर मेशिन, ३० ईन्फ्रारेड थर्मोमिटर, १ हजार ५६० सेट पिपिई ६५ हजार २८८ माक्स लगायतका सामाग्री खरीद गरी रु.२ करोड ६५ लाख ५१ हजार खर्च गरेको छ।

रापि प्रादेशिक अस्पताल, दाङ्ग

२२. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को २ मा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले ४ विक्रेताबाट रु.३४ लाख ६१ हजारको औषधी तथा उपकरण टुक्रा टुक्रा पारी सौझै खरिद गरेको छ । प्रतिष्पर्धा सिमित हुने गरी खरिद गरिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

२३. **रकम दाखिला :** अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को बुँदा नं. १६.२ अनुसार खुद नाफाको ९० प्रतिशत रकम र दफा बुँदा नं. अनुसार औषधी विक्रिको कुल रकमबाट हरेक महिना कम्तिमा १० प्रतिशत रकम अस्पतालको मुल खातामा राख्नु पर्ने व्यवस्था छ । फार्मेसीले यो वर्षको बिक्री रु.१ करोड ४७ लाख ६५ हजार को १० प्रतिशत रु.१४ लाख ७६ हजार र खुद नाफा रु.३ लाख ४१ हजारको ९० प्रतिशत रु.३ लाख ६ हजारसमेत रु.१७ लाख ८२ हजार मुल खातामा दाखिला गरेको छैन । उक्त रकम अस्पतालको मूल खातामा दाखिला हुनुपर्दछ ।

२४. **विल भर्पाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले कोरोना विशेष अस्पताल बेलझुन्डिमा पान बील बेगर खाजा खर्च टिपोटको आधारमा रु.१ लाख ११ हजार र कर्मचारीलाई रु.४ लाख ५० हजार पेश्की समेत रु.५ लाख ६१ हजार भुक्तानी गरेको छ । नियम वमोजिम विल भर्पाई राखी खर्च गर्नु पर्दछ ।

विभिन्न अस्पतालहरू

२५. **दरबन्दी भन्दा बढी नियुक्ति :** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ग) मा दरवन्दी वेगर ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने र कसैले कुनै व्यक्तिलाई नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब भत्ता र अन्य सुविधाबापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ । जिल्ला अस्पताल, रुकुम पूर्वले कार्यालय सहयोगी पदमा ११ दरवन्दी भएकोमा १७ र अ.हे.ब. पदमा २ जना दरबन्दी भएकोमा ३ जना नियुक्ति गरी दरबन्दी भन्दा ७ जना बढी कर्मचारीलाई रु.११ लाख ३७ हजार तलब भत्ता भुक्तानी गरेको छ । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ति गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

२६. **क्याटलग सपिङ :** उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) गर्ने कार्यविधि, २०७४ को बुँदा नं. ४ अनुसार क्याटलग सपिङ्ग विधिबाट हुने खरिदमा सहभागिताको लागि कुनै मालसामान निर्माण गर्ने कम्पनी वा उत्पादक, निजले तोकेको आधिकारिक विक्रेता मात्र योग्य हुने व्यवस्था छ । जिल्ला अस्पताल रुकुम पूर्वले उत्पादक वा आधिकारिक बिक्रेता नरहेको एक आपुर्तकबाट एक सवारी साधन रु.४४ लाख ३० हजारमा खरिद गरेको छ । क्याटलग सपिङ कार्यविधिको पालना हुनुपर्दछ ।

२७. **उपकरणको उपयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा खरिद कार्यको लागि आवश्यकता पहिचान हुनु पर्ने व्यवस्था छ । जिल्ला अस्पताल रुकुम पूर्वले एक विक्रेतासँग रु.३८ लाख ८९ हजारको एक्सरे मेशिन र सहायक उपकरण खरिद गरेकोमा प्राविधिक तथा पूर्वाधार अभावले प्रयोग नभई अस्पतालमा मौज्दात रहेको छ। प्राविधिक तथा पूर्वाधारको व्यवस्था गरी खरिद भएका उपकरण संचालन गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

२८. **कम्पाउन्डवाल निर्माण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, दफा ६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीबाट पेश्की जमानी प्राप्ति गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने र कालोसूचीमा राख्न सक्ने व्यवस्था छ । पृथ्वीचन्द्र अस्पताल नवलपरासीले रु.४८ लाख ६६ हजार लागत अनुमान भएको कम्पाउण्डवाल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.३४ लाख ९६ हजारमा सम्झौता गरी रु.२२ लाख ३३ हजार भुक्तानी गरेको छ । उक्त कार्य २०७७।०३।२४ मा सम्पन्न हुनु पर्नेमा ६३.८६ प्रतिशत निर्माण गरी बाँकी कार्य अधुरै छाडेकोले अस्पताल परिसर खुला रूपमा रहेको छ । निर्माण कार्य अधुरो छाड्ने निर्माण व्यवसायीलाई आवश्यक कारवाही गरि निर्माण कार्य सम्पन्न गराइनु पर्दछ।

- **बेरुजु स्थिति :** यो वर्ष मन्त्रालय र मातहतसमेतका ३० निकायमा रु.२ करोड ८२ लाख १९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२७ हजार फर्स्यौट गरेकोले रु.२ करोड ८१ लाख ९२ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु.१ करोड १८ लाख १८ हजार म्याद नाघेको पेश्की बेरुजु रहेको छ । अन्य संस्था र समितितर्फ १५ निकायमा रु.७ करोड ९३ लाख ६५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८३ हजार फर्स्यौट भएकोले रु.७ करोड ९२ लाख ८२ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु.१ करोड १९ लाख १५ हजार म्याद नाघेको पेश्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची –१० र अनुसूची –११** मा छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भइ वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रु.१ करोड ५२ लाख ९८ हजार, राजस्व रु.६ हजार र धरौटी रु.१ लाख ३५ हजार समेत रु.१ करोड ५४ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । कार्यालयको लेखापरीक्षण गर्दा बेरुजु देखिएको छैन ।

परिच्छेद - ४

प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भइ प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन :** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ र २०७७ मिति २०७७/६/८ मा प्रदेश सभामा पेश भएको जानकारी प्राप्त भएको छ । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** : यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १६६ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी १४७ निकायको रु.८९ करोड ३३ लाख २७ हजार लगती बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ६१ निकायबाट प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा १ र लगती दफा ६१ बाट रु.२ करोड ५१ लाख २४ हजार फर्स्यौंट भई रु.८६ करोड ८२ लाख ३ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १६ निकायको रु.७ करोड ९३ लाख ६५ हजारमा ३ निकायको प्रतिक्रियाबाट रु.८३ हजार फर्स्यौंट गरेकोले रु.७ करोड ९२ लाख ८२ हजार बेरुजु बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

गत वर्ष प्रदेश सरकारी निकायतर्फको रु.८५ करोड ४८ लाख ७७ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा सम्परीक्षणबाट रु.५७ करोड ३६ लाख ७१ हजार फर्स्यौंट गरेकोले रु.२८ करोड १२ लाख ६ हजार बेरुजु बाँकी रहेको छ ।

३. **बेरुजु न्यूनीकरण :** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू स्थापनाको सुरुवातीको चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना नभएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आर्थिक कार्यविधि नियम तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन नियम नबनाएको, कानुनको पालना कमजोरी रहेको, अनुगमन तथा मूल्याङ्कन कमजोर देखिएको हुँदा यसमा सुधार गर्नु पर्दछ । त्यसै गरी प्रचलित कानुनहरूको प्रभावकारी पालना, मापदण्ड, निर्देशिका र कार्यविधिहरूको पालना, गुणस्तरीय खरिद तथा निर्माण, नियमित रूपमा बेरुजु फर्स्यौंट गर्ने कार्यहरूले पनि बेरुजु न्यून गराउन मद्दत गर्दछ ।

परिच्छेद - ५

सुधारका क्षेत्रहरू

सार्वजनिक जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । स्रोत र साधनको प्राप्ति एवम् परिचालनबाट प्रदेशका विकास निर्माण, सेवाप्रवाहका गतिविधिलाई पारदर्शी, जवाफदेही, मितव्ययी र सुशासनयुक्त एवम् प्रभावकारी बनाउन शासन संचालन तथा आर्थिक कार्य प्रणालीमा सुधार गर्ने विषय निम्न छन् :

१. नीतिगत तथा कानुनी व्यवस्था

१.१. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार विभिन्न मन्त्रालयहरूलाई तोकिएकामध्ये शुरु नभएका कार्य जिम्मेवारीहरूलाई नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१.२. नेपालको संविधानको धारा ५७ (६) बमोजिम प्रदेशले पहिचान गरेका कानुन, गठन आदेश, नियमावली र कार्यविधि संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ । कार्यविधि तर्जुमा गर्दा प्रत्यायोजित विधायनको स्रोत खुलाउनु पर्दछ ।

२. वित्तीय व्यवस्थापन

२.१. प्रदेशले दिगो विकास लक्ष्यका लक्ष्यलाई आन्तरिकीकरण गरी ती लक्ष्य प्राप्त गर्न आवधिक योजना र बार्षिक बजेट तर्जुमा गर्ने, खर्च व्यवस्थापनमा सुधार गर्ने, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने लगायतका काम गर्नुपर्दछ । दिगो विकास लक्ष्य हासिल गर्नका लागि योजना र कार्यक्रमको तर्जुमा र सोको कार्यान्वयन, समन्वय तथा अनुगमन र मुल्यांकन गर्नका लागि प्रदेशका विषयगत मन्त्रालय र सबै स्थानीय तहमा तोकिएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

२.२. बजेट प्रणालीमा सुधार गर्न प्राथमिकतामा रहेका कार्यक्रममा बजेट विनियोजन गर्ने, आगामी त्रिवर्षीय खर्च प्रक्षेपण सहितको खर्च संरचना बजेट तर्जुमा गर्दा नै तयार गर्ने, शुरुमा बजेट विनियोजन नगरी रकमान्तर तथा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, धेरै कार्यक्रमभन्दा उपलब्धि र सम्पन्न गर्न सकिने कार्यक्रमलाई प्राथमिकताका आधारमा बजेट तर्जुमा गर्ने लगायतका कार्यहरू गर्नुपर्ने देखिएका छन् ।

२.३. बजेट कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्न निर्देशनालय प्रमुख, कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ ।

२.४. राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउदै बैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाउदै प्राप्त हुने बैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चितकोष मार्फत परिचालन गर्नु पर्दछ । प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिबेदन गर्ने र समयमै सोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ ।

३. **आयोजना व्यवस्थापन :** सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरण पालना गर्दै आयोजना स्वीकृत र संचालन गर्नुपर्दछ । आयोजना सम्पन्न भएपछि प्रतिफलको लेखाजोखा गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना छनौटको कार्यविधि निर्माण गर्नुपर्दछ ।

३.१. आयोजनाको विस्तृत संभाव्यता अध्ययन गरी लागत लाभ विश्लेषणबाट उपयुक्त देखिएका आयोजना छनौटमा प्राथमिकता दिने, सम्पन्न नभएका आयोजनाहरूको विश्लेषण गरी अधुरा आयोजना सम्पन्न गर्ने नीति लिनुपर्दछ । परियोजना बैंक तयार गरी प्राथमिकता प्राप्त आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमुलक क्षेत्रमा परिचालन गर्नुपर्दछ ।

३.२. आयोजनाको अनुगमन र मूल्याङ्कन कार्यलाई आयोजना कार्यालय, मन्त्रालय स्तर, प्रदेश नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन मुल्याङ्कन सम्बन्धी आधुनिक विधिहरू प्रयोगमा ल्याई प्रभावकारी बनाइनुपर्दछ । संघ र प्रदेशबाट संचालन हुने आयोजनासँग सम्बन्धित सूचनाहरूलाई ब्यबस्थित गर्न एवं प्रगतिको अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **खरिद व्यवस्थापन :** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ । परामर्श सेवा खरिदमा आन्तरिक जनशक्तिको अधिकतम परिचालन गरी अपनत्वको विकास गर्नुपर्दछ । साथै परामर्श सेवाको नर्म्स तयार गरी लागू गर्नुपर्दछ ।

